# अध्याय एक

# शोध परिचय

## विषय प्रवेश

साझा लक्ष्य तथा उद्देश्य प्राप्त गर्नका लागि मानिसहरू मिलेर बसोबास गरेको ठाउँ समाज हो । समाजमा विभिन्न धर्म, संस्कार, जातजाति, भाषाभाषी, वर्गका मानिसहरू बसोबास गरेका हुन्छन् । समाजमा विद्यमान विभिन्न वर्ग, जाति, लिङ्ग, उमेरका आधारमा सामाजिक आवश्यकता फरक हुने गर्दछन् । समाजको प्रकृतिअनुसार पाठ्यपुस्तकको प्रकृति फरकफरक हुन्छ । समाजका विशेषता र पाठ्यपुस्तकका विशेषता एकअर्कासँग अन्तरसम्बन्धित हुन्छन् । हरेक राष्ट्रले समाजमा विद्यमान वास्तविक परिस्थिति र समयको आवश्यकता अनुकूल शिक्षाको व्यवस्था मिलाएको हुनुपर्छ । समाजको आवश्यकता र सामाजिक परिवेश अनुकूल शिक्षा दिने उद्देश्यले पाठ्यपुस्तक निर्माण गरिनुपर्छ । मानिस सामाजिक प्राणी भएकाले उसले शिक्षा पनि सामाजिक धरातलमा नै रहेर लिनुपर्छ । पाठ्यपुस्तकले समाजलाई ऐनाले झैँ छर्लङ्ग देखाउन सक्नुपर्छ । विद्यार्थीका निम्ति तयार गरिने पाठ्यपुस्तक समाजको प्रकृतिअनुकूल हुनुपर्छ । समाजको आवश्यकता र विद्यार्थीका निम्ति तयार गरिने पाठ्यपुस्तकले समेटेका कुराहरू फरक हुनुहुन्न । बालकले पाठ्यपुस्तकका माध्यमबाट समाजलाई बुझ्ने अवसर प्राप्त गर्नुपर्छ । समाजको वास्तविकता र पाठ्यपुस्तकको प्रस्तुति फरक भएमा अपेक्षित लक्ष्य हासिल हुन सक्दैन । पाठ्यपुस्तकलाई समाज परिवर्तनको निम्ति उपयोग गर्न सकिन्छ । पाठ्यपुस्तकले समाजमा विद्यमान समस्या समाधान गरी समाजलाई माथि उठाउन सहयोग गर्न सक्नुपर्छ ।

नेपाल बहुभाषिक, बहुजातीय बहुसांस्कृतिक, बहुधार्मिक मुलुक हो । यहाँ विभिन्न लिङ्ग, पेसा, जातजाति, वर्ग उमेर, धर्म, शैक्षिक अवस्था, प्रजातान्त्रिक मूल्यमान्यताका आधारमा विविध प्रकृतिका मानिसहरूको बसोबास छ । विद्यालय बृहत् समाजको प्रतिनिधि लघु समाज हो । यहाँ विभिन्न रहनसहन, रीतिरिवाज, संस्कार चाडपर्व मनाउने बालबालिकाको उपस्थिति रहन्छ । यस अर्थमा विद्यालयमा पठनपाठनका निम्ति तयार पारिने पाठ्यपुस्तकहरूमा नेपाली समाजको वास्तविक प्रतिबिम्ब देखिनु जरुरी हुन्छ । नेपाली समाजले अपेक्षा गरेको ज्ञान, सीप, अभिवृद्धि गर्न पाठ्यपुस्तक सक्षम हुनुपर्छ ।

विद्यार्थीका निम्ति तयार पारिएको पाठ्यपुस्तकलाई समाजसापेक्षताका आधारमा गरिने अध्ययन पाठ्यपुस्तकको समाजसापेक्ष अध्ययन हो । समाजसापेक्षताका आधारमा पाठ्यपुस्तक तयार गरिएको छ कि छैन भन्ने विषयमा हालसम्म कुनै शोधकार्य नभएकाले *कक्षा ९ को नेपाली पाठ्यपुस्तकको समाजसापेक्ष अध्ययन* गर्न खोजिएको हो । प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय महेन्द्ररत्न क्याम्पस ताहाचल, स्नातकोत्तर तह दोस्रो वर्षको पाचौँ पत्र (नेपाली ५८९) को आवश्यकता पूरा गर्ने प्रयोजनका लागि प्रस्तुत गरिएको हो ।

## समस्या कथन

कक्षा ९ को नेपाली पाठ्यपुस्तकको समाजसापेक्ष अध्ययन नै यस शोधको बौद्धिक जिज्ञासा रहन गएको छ । प्रस्तुत पाठ्यपुस्तकको समाजसापेक्ष अध्ययन नै प्रस्तुत शोधको प्रमुख समस्या हो ।

प्रस्तुत शोधकार्यका समस्या निम्नानुसार रहेका छन् :

१. कक्षा ९ को नेपाली पाठ्यपुस्तक लिङ्ग, उमेर, पेसा, जातजाति, धर्मसंस्कृति, वर्गको प्रस्तुति समाजसापेक्षता आधारमा कस्तो छ ?

२. उक्त पाठ्यपुस्तक भौगोलिकता, विज्ञानप्रविधि, र लोकतान्त्रिक मूल्यमान्यताको प्रस्तुति समाजसापेक्षता आधारमा कस्तो छ ?

## अध्ययनको उद्देश्य

प्रस्तुत शोधकार्यका लागि निम्नलिखित उद्देश्यहरू रहेका छन् :

१. कक्षा ९ को नेपाली पाठ्यपुस्तकमा प्रस्तुत समाजको लिङ्ग, उमेर, पेसा, जातजाति, धर्मसंस्कृति, वर्गको विश्लेषण गर्नु ;

२. उक्त पाठ्यपुस्तकमा प्रस्तुत, भूगोल, विज्ञानप्रविधि र लोकतान्त्रिक मूल्यमान्यताको विश्लेषण गर्नु ।

## अध्ययनको औचित्य

यस शोधको औचित्यलाई निम्न लिखित बुँदाहरूमा प्रस्तुत गरिएको छ :

१. यस अध्ययनले समाजका आधारमा पाठ्यपुस्तकको अध्ययन गर्ने विषय शिक्षक, त्रिभुवन विश्वविद्यालयका भावी अनुसन्धाताहरूलाई स्पष्ट आधार दिन सक्छ ।

२. पाठ्यक्रम र पाठ्यपुस्तक निर्माता, पाठ्यपुस्तकबारे चासो राख्ने विद्वत्वर्गलाई मार्गदर्शन गर्न सहयोग पुऱ्याउँछ ।

३. विद्यालय तहमा पढाइ हुने पाठ्यपुस्तकले समाजसापेक्ष रूपमा कस्तो विषय समावेश गर्नुपर्छ भन्ने कुरा पत्ता लगाउन उपयोगी हुन्छ ।

४. शिक्षाशास्त्र सङ्कायमा समाजसापेक्ष अध्ययनसम्बन्धी कार्य नभएकाले उक्त अभावपूर्ति गर्छ ।

५. प्रस्तुत शोधबाट समाजसापेक्ष अध्ययन विश्लेषणको आधार तयार हुने हुँदा शैक्षिक क्षेत्रमा यसको औचित्य र महत्त्व पुष्टि हुन्छ ।

## अध्ययनको सीमाङ्कन

प्रस्तुत शोधकार्यलाई निम्नानुसार सीमाङ्कन गरिएको छ ।

१. प्रस्तुत शोध वि.सं. २०७३ मा प्रकाशित *कक्षा ९ को नेपाली पाठ्यपुस्तकको समाजसापेक्ष अध्ययन*मा सीमित रहेको छ ।

२. प्रस्तुत अध्ययन कक्षा ९ को नेपाली पाठ्यपुस्तकको मूल पाठ र बोध अनुच्छेदका रूपमा अभ्यास खण्डमा समावेश गरिएको लिङ्ग, उमेर, पेसा, जातजाति धर्मसंस्कृति, वर्ग, भूगोल, विज्ञानप्रविधि र लोकतान्त्रिक मूल्यमान्यताको समाजसापेक्ष अध्ययनमा मात्र सीमित रहेको छ ।

## शोधपत्रको रूपरेखा

शोधकार्यको संरचनालाई व्यवस्थित, सुस्पष्ट र सङ्गठित गर्नका लागि प्रस्तुत अनुसन्धानको रूपरेखालाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

अध्याय एक : शोध परिचय

अध्याय दुई : पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा

अध्याय तीन : अध्ययन विधि

अध्याय चार : व्याख्या तथा विश्लेषण

अध्याय पाँच : उपसंहार

# अध्याय दुई

# पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा

## पूर्वकार्यको समीक्षा

कक्षा ९ को नेपाली पाठ्यपुस्तकका बारेमा यसभन्दा पूर्व गरेका अध्ययनलाई पूर्वकार्य समीक्षाको रूपमा प्रस्तुत गरिएको छ :

दाहाल (२०६०) द्वारा *माध्यमिक तह (कक्षा ९ र १०) का नेपाली पाठ्यपुस्तकमा प्रयुक्त निबन्धहरूको अध्ययन* गरिएको छ । यस अध्ययनमा माध्यमिक तह (कक्षा ९ र १०) का नेपाली पाठ्यपुस्तकमा समाविष्ट निबन्धहरूको पाठ्यकम अनुरूपता पहिल्याउने, निबन्धहरूको छनोट र स्तरका आधारमा विश्लेषण गर्ने, नमूना अभ्यासको विधाअनुरूपताको स्थिति पहिल्याउने, उपयुक्त निबन्ध छनोटका लागि आवश्यक सुझाव दिने उद्देश्य राखिएका छन् । यस अध्ययनका लागि प्रस्ट विधि उल्लेख गरिएको छैन । अध्ययनको प्रकृति हेर्दा पुस्तकालयीय विधि अपनाइएको देखिन्छ । यस अध्ययनबाट निबन्धको पाठ्यवस्तु छनोट पाठ्यक्रमको क्षेत्रअनुसार गरिएको, निबन्ध पाठ्यक्रमका उद्देश्य पूरा गर्ने खालका भएका, भाषिक सीप विकासका लागि निबन्ध उपयुक्त भएको, सरलबाट जटिलतिर जाने क्रमलाइ अवलम्बन गर्न नसकेको, नमुना अभ्यास आगमनात्मक प्रकृतिका भएको निष्कर्ष निकालिएको छ ।

दुवाडी (२०६२) द्वारा *कक्षा ९ को नेपाली पाठ्यपुस्तकको कथा विधामा प्रयुक्त शब्दभण्डारको अध्ययन* गरिएको छ । यस अध्ययनमा कक्षा ९ को नेपाली पाठ्यपुस्तकभित्र रहेका कथा विधाका शब्दभण्डारगत स्थितिको आँकलन गर्ने, शब्दभण्डारलाई स्रोत, वर्ग, बनोट र आवृत्तिका दृष्टिले विश्लेषण तथा वर्गीकरण गर्ने, शब्दहरूको गणना गरी आवृत्ति निर्धारण गर्ने, शब्दभण्डारसम्बन्धी कमीकमजोरी औँल्याई सुधारका लागि सुझाव दिने उद्देश्य राखिएका छन् । यस अध्ययनका लागि पुस्तकालयीय विधि र विश्लेषण विधिको छनौट गरिएको छ । यस अध्ययनबाट पदवर्गका आधारमा हेर्दा नाम शब्द अधिक भएको, क्रियापद प्रयोग उपयुक्त भएको, भाषाशैलीका आधारमा तत्सम र तद्भवभन्दा बढी हिन्दी आगन्तुक र हिन्दी मिश्रित नेपाली भाषाको प्रयोग भएको, शब्द संरचनाका दृष्टिले उपयुक्त भएको, आवृत्ति गणनाका आधारमा कमजोर भएको, लेख्य भाषाका दृष्टिले मानक व्याकरणसँग मेल

नखाने शब्द पनि प्रयोग भेटिएको, आर्थी विचलनका शब्द परेका, शव्दभण्डारको स्तरलाई ख्याल नगरिएको कुरा औँल्याइएको छ ।

के.सी. (२०६५) द्वारा *कक्षा ९ को नेपाली पाठ्यपुस्तकको अध्ययन विश्लेषण* गरिएको छ । यसमा भाषा पाठ्यपुस्तकका आन्तरिक तथा बाह्य विशेषता निर्धारण, पाठ्यपुस्तकको स्तरअनुरूपता, पाठ्यक्रम र पाठ्यपुस्तकको सम्बन्धजस्ता उद्देश्यमा केन्द्रित रही अध्ययन विश्लेषण गरिएको छ । यस अध्ययनमा पुस्तकालयीय विधि र काठमाडौं ललितपुरका सामुदायिक तथा संस्थागत नौ ओटा विद्यालयका कक्षा ९ मा अध्ययन गराउने शिक्षकसँग भाषिक मूल्याङ्कनसँग सम्बन्धित प्रश्न सोधेर त्यसका आधारमा व्याख्या विश्लेषण गरिएकोले सर्वेक्षण विधि प्रयोग गरिएको छ । यस अध्ययनवाट पाठ्यपुस्तकमा मानक भाषा प्रयोग भएको, बालभाषा नभई वयस्कहरूको भाषा प्रयोग गरिएको, पाठ्यपुस्तकमा हिन्दु धर्म संस्कृतिले प्राथमिकता पाएको निष्कर्ष दिइएको छ ।

दाहाल (२०६५) द्वारा *वर्तमान कक्षा नौ र दशको नेपाली किताबमा समावेश गरिएका जीवनी विधामा प्रयुक्त वाक्यगठनको अध्ययन* गरिएको छ । यस अध्ययनमा कक्षा नौ र दशको नेपाली भाषा पाठ्यपुस्तकका जीवनीवृत्तमा प्रयोग भएका वाक्य पहिचान गर्ने, वाक्यहरू विद्यार्थीहरूको स्तरअनुरूप छ /छैन विवेचना गर्ने, विद्यार्थीमा वाक्य पहिचान गर्ने क्षमता भए/नभएको परीक्षण गर्ने, वाक्यगठनका सुधारका लागि सुझाव दिने उद्देश्य राखिएको छ । यस अध्ययनमा पुस्तकालयीय विधि र प्रयोगात्मक विधिको प्रयोग गरिएको छ । यस अध्ययनबाट वाक्यात्मक संरचनाका आधारमा जीवनीमा संयुक्त वाक्यको बाहुल्यता भएको, वाच्यको आधारमा कर्तृवाच्य र कर्मवाच्य मात्र प्रयोग भएको, अर्थका आधारमा सामान्यार्थ वाक्यको प्रयोग अधिक भएको, ध्रुवीयताका आधारमा सन्तुलित नै रहेको, कतिपय वाक्य लामा भएकोले विद्यार्थीको स्तर र अनुकूलतालाई समायोजन गर्न नसकेको निष्कर्ष प्रस्तुत गरिएको छ ।

पाण्डे (२०६५) द्वारा *कक्षा ९ को नेपाली किताब (२०६४) मा समाविष्ट चित्रहरूको अध्ययन* गरिएको छ । यस अध्ययनमा कक्षा ९ को नेपाली किताबका चित्रहरू विभिन्न आधारहरूमा विश्लेषण गर्ने, चित्रहरूको प्रासङ्गिकता पत्ता लगाउने, लेखक सम्पादकलाई सुझाव दिने उद्देश्य राखिएको छ । यस अध्ययनमा पुस्तकालयीय अध्ययन विधि र व्याख्या विश्लेषण विधि अपनाइएको छ । यस अध्ययनवाट कक्षा ९ को नेपाली पाठ्यपुस्तकमा समावेश गरिएका चित्रहरूमध्ये कतिपय पाठमा चित्रको कमी भएको, कतिपय चित्रले

विषयवस्तुलाई समेट्न नसकेको, कतिपय चित्र र विषयवस्तु बीच तालमेल नभएको निष्कर्ष निकालिएको छ ।

ढकाल (२०६९) द्वारा *कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको सस्वरपठन क्षमताको अध्ययन* गरिएको छ । यसमा नुवाकोट जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको सस्वरपठन क्षमता अध्ययन गर्ने, कक्षा नौमा अध्ययनरत छात्रछात्राको सस्वरपठन क्षमताको तुलना गर्ने, मातृभाषी र विमातृभाषी विद्यार्थीको सस्वरपठन क्षमताको तुलना गर्ने, सस्वरपठनमा देखापर्ने समस्या पत्ता लगाई समाधानका लागि सुझाव दिने उद्देश्य राखिएको छ । यस अध्ययनमा नुवाकोट जिल्लाका कक्षा नौमा अध्ययन गर्ने सामुदायिक र संस्थागत विद्यालयबाट १०० जना विद्यार्थी छनौट गरिएकाले सर्वेक्षण विधि अपनाइएको छ । अध्ययनबाट विभिन्न स्तरमध्ये मध्यमस्तरका विद्यार्थीको सङ्ख्या बढी भएको, अति राम्रा र नजान्ने विद्यार्थीको सङ्ख्या सबैभन्दा कम भएको, राम्रा र मध्यमस्तरका विद्यार्थीको सङ्ख्या सन्तोषजनक भएको, सस्वरपठनका आधारहरूमध्ये हाउभाउ र गति यतिमा राम्रो देखिए पनि चिह्न प्रयोग, बोधगम्यता, भावभिव्यक्तिमा कमजोर भएको, संस्थागत विद्यालयको तुलनामा सामुदायिक विद्यार्थीको सस्वरपठन क्षमता सबल भएको, मातृभाषीको तुलनामा विमातृभाषीको सस्वरपठन क्षमता केही कमजोर भएको निष्कर्ष निकालिएको छ ।

दवाडी (२०६९) द्वारा *कक्षा ९ मा अध्ययनरत विद्यार्थीको निबन्ध लेखन क्षमताको अध्ययन* गरिएको छ । यसमा चितवन जिल्लाका सरकारी विद्यालयमा कक्षा ९ मा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमता अध्ययन गर्ने, सहरी र ग्रामीण क्षेत्रका सरकारी विद्यालयहरूका कक्षा ९ मा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको तुलनात्मक स्थिति पहिल्याउने नेपाली मातृभाषी र विमातृभाषी विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको तुलनात्मक स्थिति पहिल्याउने, निबन्ध लेखन क्षमताको स्थिति मूल्याङ्कन गर्ने उद्देश्य राखिएको छ । यस अध्ययनमा क्षेत्रीय अध्ययन विधि र पुस्तकालयीय अध्ययन विधिको प्रयोग गरिएको छ । यस अध्ययनबाट तुलनात्मक रूपमा सहरी क्षेत्रका विद्यार्थीको निबन्ध लेखन क्षमताभन्दा ग्रामीण क्षेत्रका विद्यार्थीको भन्दा राम्रो भएको, विमातृभाषी विद्यार्थीको भन्दा मातृभाषी विद्यार्थीको निबन्ध लेखन क्षमता राम्रो भएको, छात्रको तुलनामा छात्राको निबन्ध लेखन क्षमता राम्रो देखिए तापनि 'Z' Test का आधारमा हेर्दा छात्र र छात्राको निबन्ध लेखन क्षमता समान रहेको निष्कर्ष निकालिएको छ ।

पराजुली (२०७०) द्वारा *समाज सापेक्षताका दृष्टिले कक्षा ५को मेरो नेपाली पाठ्यपुस्तक* शीर्षकको शोध गरिएको छ । यस अध्ययनमा पाठ्यक्रम अनुरूपताका आधारमा कक्षा ५ मेरो नेपाली पाठ्यपुस्तकको विश्लेषण गर्ने, पाठ्यपुस्तकको विषयवस्तु र विधाको वितरणको अध्ययन गर्ने र पाठ्यपुस्तकको समाजसापेक्षता केलाउने जस्ता तीनओटा उद्देश्य राखिएका छन् । यस अध्ययनमा पुस्तकालयीय विधि अपनाइएको छ । पाठ्यपुस्तकमा विधा वितरण उपयुक्त रहेको, भाषातत्वअन्तर्गत पाठ्यक्रमले तोकेअनुसारका क्षेत्र पाठ्यपुस्तकमा समावेश नगराइएकोले भाषातत्व पक्ष कमजोर रहेको, वयस्कले प्रयोग गर्ने भाषाको प्रयोग बढी भएको, जात र वर्गका आधारमा उपयुक्त भएको, शिक्षित व्यक्तिले बोल्ने भाषा प्रयोग भएको, कुलीनताका आधारमा निम्न, मध्यम र उच्च भेदको प्रयोग भएको, पाठमा हिन्दु धर्मले प्राथमिकता पाएको, बौद्ध धर्म र संस्कृतिलाई चिनाउने प्रयास गरिएको, मुस्लिम समुदायलाई समेट्ने प्रकृतिका पाठ समावेश भएको निष्कर्ष निकालिएको छ ।

## सैद्धान्तिक अवधारणा

समाज शब्दले मानवहरूको समूहलाई बुझाउँछ । समाज भनेको सम्बन्धको जालो हो । यसले मूल्यहरूको अन्तरसम्बन्धको जटिल प्रतिमानलाई सङ्केत गर्दछ । व्यक्तिले आफ्नो आवश्यकता परिपूर्ति गर्नको लागि अन्य व्यक्तिहरूसँग सामाजिक सम्बन्ध स्थापित गर्दछ । यही सामाजिक सम्बन्ध र सामाजिक अन्तरक्रियालाई समाज भनिन्छ । कुनै पनि समाजको ढाँचा भूगोल, लिङ्ग, उमेर समूह, जातजाति, धर्मसंस्कृति, पेसा, वर्ग आदिले निर्धारण गर्दछ । भिन्नभिन्न समाजका भिन्नभिन्न विशेषता हुन्छन् । जातीय, लैङ्गिक, उमेरगत, धार्मिक मूल्य मान्यता जस्ता कुराहरू सामाजिक संरचनासँग सम्बन्धित हुन्छन् । प्रत्येक मानव समाजले आफ्ना आर्थिक, राजनैतिक, सामाजिक आवश्यकता पूरा गर्दछ । समाजका सदस्यहरूमा लिङ्गभेद, शारीरिक बनावट, पेसागत विविधता, उमेरगत विभिन्नता रहेको हुन्छ । समाजको संरचनाअनुसार समाजका सदस्यहरूको भाषा चालचलन, मूल्य, मान्यता, संस्कार भिन्न प्रकृतिको हुन्छ । हरेक समाज आआफ्नै भाषा, संस्कृति धर्म, रहनसहन, रीतिरिवाज लवाइखवाइका कारण अर्को समाजभन्दा भिन्न, स्वतन्त्र र विशिष्ट हुन्छ ।

## समाजसापेक्ष अध्ययनका आधारहरू

### १. लिङ्गका आधारमा समाजसापेक्ष अध्ययन

मानिसको बीचमा जन्मजात शारीरिक वा जैविक भिन्नता हुन्छ । यस प्रकारको शारीरिक वा जैविक भिन्नतालाई लिङ्ग भनिन्छ । यो महिला र पुरूष गरी दुई किसिमको हुन्छ । समाजमा महिला र पुरूषको दुवैको बसोबास रहन्छ । लिङ्गकै आधारमा समाजमा महिला र पुरूषको सामाजिक, सांस्कृतिक भूमिका फरक हुने गर्दछ । समाजमा लिङ्गकै आधारमा महिला र पुरूषलाई फरक दृष्टिले हेर्ने गरिन्छ । लिङ्गका आधारमा फरक लवाइखवाइ, बोली, उनीहरूका लागि प्रयोग गरिने शब्द, वाक्यात्मक ढाँचा, ध्वन्यात्मक गुणमा भिन्नता देखिन्छ । उदाहरणका लागि लिङ्ग बुझाउने केही नाम शब्द तालिकामा प्रस्तुत गरिएको छ :

**लिङ्ग बुझाउने नाम शब्दहरू**

| लिङ्ग | लिङ्ग बुझाउने नाम शब्दहरू |
|---|---|
| पुलिङ्ग | बुबा, दाजु, भाइ, काका, फुपाजु, मामा |
| स्त्रीलिङ्ग | आमा, दिदी, बहिनी, काकी, फुपू, माइजू |

### २. उमेरका आधारमा समाजसापेक्ष अध्ययन

समाजमा बालक, युवा, प्रौढ र वृद्ध उमेर समूहका मानिसहरूको बसोबास रहन्छ । जीवनको सबै उमेर अवस्थामा व्यक्तिको भूमिका एकै हुदैन । बच्चादेखि युवा, प्रौढ र बुढ्यौलीमा मानिसको भिन्न भूमिका समाजले अपेक्षा गरेको हुन्छ । उमेरसँगै उसको क्रियाकलाप, सामाजिक तथा पेसागत हैसियत फरक पर्न जान्छ । भिन्न उमेर समूहका मानिसले समाजबाट भिन्न किसिमको व्यवहार, सम्मान प्राप्त गर्दछन् । व्यक्तिको उमेरले गर्दा उसले प्रयोग गर्ने भाषा, शब्द, उसको दैनिक क्रियाकलाप भिन्न हुन्छ । उमेरकै आधारमा एउटै वस्तु बुझाउन फरक शब्दको प्रयोग हुन्छ । जस्तै :

**उमेर बुझाउने नाम शब्दहरू**

| उमेर | उमेर बुझाउने नाम शब्दहरू |
|---|---|
| बालक | तेते, नाना, बुबु, पापा |
| युवा | ड्रेस, फ्रेन्ड, टी, ब्रेकफास्ट |
| प्रौढ | कपडा, तेल, चिया, दूध, खाना, साथी |

### ३. पेसाका आधारमा समाजसापेक्ष अध्ययन

पेसा भनेको काम गर्ने क्षेत्र हो । पेसाले मानिसलाई रोजगारी प्रदान गर्दछ । पेसाले मानिसहरूको जीवनशैली, आर्थिक हैसियत, सामाजिक स्तर, आम्दानी खर्चको व्यवस्थापन आदि कुरामा असर पार्दछ । पेसाका आधारमा मानिसको वर्ग, सामाजिक स्तर छुट्याउन सकिन्छ । उच्च शिक्षा हासिल गरेका मानिसहरू सैन्य, निजामती, शैक्षिक क्षेत्रका विभिन्न पदमा कार्यरत हुन्छन् । यस्ता पेसामा संलग्न मानिसको जीवनस्तर उच्च कोटिको हुन्छ । शिक्षाको पहुँचसम्म पुग्न नसकेका, आर्थिक स्थिति कमजोर भएर वा अन्य विविध कारणले बीचैमा पढाइ छोडेका मानिसहरू भरिया, ज्यामी, श्रमिक, ढोके, पाले भएर जीवन गुजारिरहेका हुन्छन् । अन्य पेसामा संलग्न मानिसहरूको तुलनामा उनीहरूको जीवनस्तर दयनीय हुन्छ । विश्वको प्रत्येक समाजमा विविध पेसामा संलग्न मानिसहरूको बसोबास रहन्छ । पेसाका आधारमा दैनिक जीवनका क्रियाकलाप पनि फरक हुन्छन् । त्यसैले समाजसापेक्ष अध्ययनको आधारका रूपमा पेसालाई लिन सकिन्छ । पेसा बुझाउन समाजमा विभिन्न शब्दावली प्रयोग गरिन्छ । जस्तै :

**पेसा बुझाउने नाम शब्दहरू**

| |
|---|
| डाक्टर, इन्जिनियर, मुख्तियार, किसान, व्यापार, साहु, भरिया, ज्यामी, श्रमिक, पिपा, मजदुरी |

## ४. जातजातिका आधारमा समाजसापेक्ष अध्ययन

जाति भनेको बन्द व्यवस्था हो, जुन मानिसले आफ्नो क्षमता कुशलताको आधारमा नभई वंशका आधारमा प्राप्त गर्दछ । यो परम्परागत मूल्यमान्यतासँग सम्बन्धित हुन्छ । समाजमा विविध जातजातिका मानिसको बसोबास रहन्छ । जातजातिका आधारमा जीवनस्तर, धर्मसंस्कार, रीतिरिवाज, चालचलन फरकफरक हुन्छ । शिक्षाको पहुँचमा पुगेका माथिल्लो जातिका मानिसको जीवन स्तरमाथि हुन्छ । उनीहरूले समाजमा उच्च मान सम्मान पाएका हुन्छन् । समाजले तल्लो मानेको जातमा जन्मिएकै कारण कतिपय मानिस शोषित, पीडित जीवन बिताउन बाध्य हुन्छन् । नेपाल बहुजातीय मुलुक हो यहाँ विभिन्न जातजातिका मानिसहरूरू बसोबास गर्दछन् । त्यसैले जातजातिका आधारमा समाजसापेक्ष अध्ययन गर्न सकिन्छ । विभिन्न जातजातिका लागि समाजमा फरकफरक शब्दावली प्रयोग हुन्छन् । जस्तै :

**जातजाति बुझाउने नाम शब्दहरू**

| जाति | शब्द |
|---|---|
| ब्राह्मण | पुरोहित |
| क्षेत्री | काजी |
| नेवार | साहु |
| तामाङ | लामा |
| दलित | ब्यान्डका नाइके |
| लिम्बु | सुब्बा |

## ५. धर्मसंस्कृतिका आधारमा समाजसापेक्ष अध्ययन

धर्म सामाजिक व्यवस्थाको एउटा प्रमुख एकाइ हो । यो नैतिकता, विश्वास, व्यवहारसँग सम्बन्धित कार्यप्रणाली हो । संस्कृति मानव निर्मित हुन्छ । रहनसहन, परम्परा, रीतिरिवाज, खानपान, लवाइखवाइ, प्रथा मिलेर संस्कृतिको विकास हुन्छ । समाजका हरेक क्रियाकलापमा धर्मसंस्कृतिको सम्बन्ध जोडिएको हुन्छ । समाजमा मानिसले धर्मसंस्कृति अनुसारका क्रियाकलाप सम्पन्न गर्दछन् । जस्तै : हिन्दु धर्मसंस्कृति अपनाउने मानिसले शालीग्राम पूजा गर्ने, गीता पाठ गर्ने, विवाह व्रतबन्धमा विशेष प्रकारका क्रियाकलाप

सम्पन्न गर्ने गर्दछन् । बौद्ध धर्ममा आस्था राख्नेले त्रिपिटक पढ्ने, भिक्षु बन्नेजस्ता क्रियाकलाप गर्दछन् । समाजमा धर्मका आधारमा दुई प्रकारका क्रियाकलाप सम्पन्न हुने गर्दछन्, धर्म सापेक्ष र धर्म निरपेक्ष । कुनै धर्म विशेषको पक्षपोषण गर्नु धर्म सापेक्षता हो भने कुनै एक धर्मको पक्षपोषण नगर्नु धर्म निरपेक्षता हो । धर्मसंस्कृति अनुसारका शब्दावलीलाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

(क) **धर्म बुझाउने नाम शब्दहरू**

| धर्म | धर्म बुझाउने नाम शब्दहरू |
|---|---|
| हिन्दु | दसैँ, तिहार, पाठपूजा, दागबत्ती, गीता, चण्डी, श्राद्ध |
| बौद्ध | गुम्बा, त्रिपिटक, निर्वाण, महायान |
| क्रिश्चियन | बाइबल, चर्च, गिर्जाघर |
| मुस्लिम | कुरान, मस्जिद, |

(ख) **संस्कृति बुझाउने नाम शब्दहरू**

| |
|---|
| माघी, सेलो, ल्होसार, गौरा देउडा, हाकपारे आदि । |

**६. वर्गीयताका आधारमा साजसापेक्ष अध्ययन**

समाजका समान हैसियत भएका मानिसहरूको समूह वर्ग हो । सामाजिक वर्गमा सामाजिक तथा आर्थिक स्थिति समान हुन्छ । समाजमा आर्थिक हैसियतका आधारमा उच्च, मध्यम र निम्न गरी तीन वर्गका मानिसहरूको बसोबास रहन्छ । वर्ग प्राकृतिक नभई आर्जित स्थिति हो । समाजका उच्च वर्गका मानिसले निम्न वर्गका मानिलाई शोषण दमन गरिरहेका हुन्छन् । उच्च वर्गका मानिसहरू माथिल्लो पदमा रहेर शासन गर्दछन् । निम्न वर्गका शाषित भएर जीवन गुजार्न बाध्य हुन्छन् । वर्ग विभाजन विश्वको प्रत्येक समाजमा हुन्छ । त्यसैले समाजसापेक्ष अध्ययनको आधार वर्गीयतालाई बनाउन सकिन्छ । वर्गका आधारमा समाजमा विभिन्न शब्द प्रयोग गर्ने गरिन्छ । जस्तै :

**वर्गीयता बुझाउने शब्दहरू**

| वर्ग | वर्गीयता बुझाउने शब्दहरू |
|---|---|
| उच्च वर्ग | मालिक, बिष्ट, मुख्तियार, |
| मध्यम वर्ग | साहुजी, ठेकेदार |
| निम्न वर्ग | नोकर, भरिया, ज्यामी, श्रमिक, पिपा, ढोके, पाले |

### ७. भौगोलिकता र स्थानीयताका आधारमा समाजसापेक्ष अध्ययन

भूगोलअनुसार मानिसका रीतिरिवाज, चालचलन, रहनसहनमा फरकपन देखा पर्छ । भूगोलकै आधारमा विभिन्न जातजातिको बसोबास गर्ने स्थान निर्धारण हुन्छ । मानिसका भेषभुषा, चाडपर्व, संस्कार, संस्कृति, परम्परामा भूगोलले प्रभाव पारेको हुन्छ । मानिसका दैनिक क्रियाकलापमा स्थानीयपन झल्कन्छ । सामाजिक, आर्थिक व्यवसायिक गतिविधिमा भिन्नता देखापर्छ । भौगोलिकताले पेसा छनोटमा पनि प्रभाव पार्दछ । भूगोलले सामाजिक गतिविधिमा प्रभाव पार्ने हुनाले भौगोलिकता र स्थानीयतालाई समाजसापेक्ष अध्ययननको आधार बनाउन सकिन्छ । भौगोलिकतालाई जनाउन विभिन्न शब्द प्रयोग हुन्छन् । जस्तै :

**भौगोलिकता र स्थानीयता बुझाउने नाम शब्दहरू**

| | |
|---|---|
| भौगोलिकता | हिमाल, पहाड, उपत्यका, तराई, भोटे, पहाडिया, ज्यापु, छठ |

### ८. विज्ञानप्रविधिका आधारमा समाजसापेक्ष अध्ययन

विश्वमा हरेक समय नयाँनयाँ ज्ञानको विस्फोट भइरहेको हुन्छ । त्यस्तो ज्ञानले मानव जीवनमा प्रत्यक्ष प्रभाव पार्दछ । यस्ता नयाँनयाँ आविष्कारबारे उत्तिखेरै पृथ्वीका जुनसुकै कुनामा बस्ने हरेकले जानकारी लिनसक्ने अवस्था सिर्जना भइसकको छ । विज्ञानका नयाँ आविष्कारले मानव जीवनलाई परिवर्तन गरेको छ । यस्ता प्रविधिको प्रयोगले समाज प्रभावित हुने हुनाले विज्ञानप्रविधिलाई समाजसापेक्ष अध्ययनको आधार बनाउन सकिन्छ । विज्ञान प्रविधिलाई बुझाउन विभिन्न शब्द प्रयोग गरिन्छन् । जस्तै :

**विज्ञानप्रविधि बुझाउने शब्दहरू**

| |
|---|
| इमेल, इन्टरनेट, साइबर, स्काइप, फेसबुक, भिसा, डाटा, कम्प्युटर, च्याट |

## ९. लोकतान्त्रिक मूल्यमान्यताका आधारमा समाजसापेक्ष अध्ययन

लोकतन्त्र भनेको जनता सर्वोपरी रहने शासन व्यवस्था हो । लोकतन्त्रमा जनताको मूल्य र मान्यतालाई स्थापित गरिएको हुन्छ । लोकतन्त्रमा जनताका हक, हित र अधिकार सुनिश्चित गरिएका हुन्छन् । लोकतान्त्रिक शासन व्यवस्थामा लिङ्ग, धर्म, वर्ग, जातजातिका आधारमा विभेद हुदैन । समान व्यवहार र समान अधिकारको व्यवस्था हुन्छ । मेलमिमलाप, शान्ति र सहअस्तित्व लोकतान्त्रिक संसारका मेरुदण्ड हुन् । लोकतन्त्रको संस्थागत, विकासका लागि पाठ्यपुस्तकले महत्त्वपूर्ण भूमिका निर्वाह गर्न सक्छ । विद्यालय तहदेखि नै लोकतन्त्रका कुरा समेटिनु आवश्यक हुन्छ । पाठ्यपुस्तकले समाजमा विद्यमान विभेदको अन्त्य गरी समतामूलक समाज निर्माणमा सहयोग पुऱ्याउँछ । त्यसैले लोकतान्त्रिक मूल्यमान्यतालाई समाजसापेक्ष अध्ययनको आधार बनाउन सकिन्छ । लोकतान्त्रिक मूल्यमान्यतालाई निम्न लिखित शब्दले सङ्केत गर्दछन् । जस्तै :

| |
|---|
| राष्ट्रपति, जननिर्वाचित प्रतिनिधि, जननिर्वाचित सरकार |

# अध्याय तीन

# अध्ययन विधि

शोध तयार पार्ने क्रममा विभिन्न विधिको प्रयोग गर्न सकिन्छ । सबै शोधमा एकै प्रकारको विधि प्रयोग गर्न सकिँदैन अध्ययनको प्रकृति र विषयअनुसार शोधकार्यमा प्रयोग हुने विधिमा भिन्नता हुन्छ । प्रस्तुत शोधपत्रमा पुस्तकालयीय विधि र सर्वेक्षण विधिलाई आधार बनाएर अध्ययन विश्लेषण गरिएको छ ।

## अनुसन्धान ढाँचा

प्रस्तुत शोधपत्रमा माध्यमिक तह *कक्षा ९ को नेपाली पाठ्यपुस्तकको समाजसापेक्ष अध्ययन*लाई पुस्तकालयीय अध्ययन र प्रश्नावलीबाट प्राप्त तथ्याङ्कका आधारमा व्याख्या गरिने भएकाले यो अध्ययन वर्णनात्मक अनुसन्धान ढाँचामा आधारित छ ।

## जनसङ्ख्या र नमूना

प्रस्तुत अध्ययनमा माध्यमिक तहको नेपाली विषयका पाठ्यपुस्तक र उक्त तहको कक्षा ९ को नेपाली विषय अध्यापन गर्ने काठमाडौँ र ललितपुर जिल्लामा शिक्षकहरूलाई जनसङ्ख्याको रूपमा लिइएको छ । अध्ययनका क्रममा कक्षा ९ को नेपाली पाठ्यपुस्तक र उक्त विषय अध्यापन गराउने शिक्षकहरू मध्येबाट दश जना सामुदायिक विद्यालयका शिक्षक (पाँचजना महिला र पाँचजना पुरूष) र दशजना संस्थागत विद्यालयका शिक्षक (पाँचजना महिला र पाँचजना पुरूष ) गरी जम्मा बीस जना शिक्षकहरूलाई नमूनाका रूपमा छनोट गरेर प्रश्नावली गराइएको छ ।

## सामग्री निर्माण

प्रस्तुत अध्ययनका लागि आवश्यक पर्ने तथ्याङ्क सङ्कलन गर्न प्रश्नावली र पाठ्यपुस्तकको समाजसापेक्ष विश्लेषणलाई प्रमुख साधनको रूपमा प्रयोग गरिएको छ । विषय शिक्षकबाट समाजसापेक्ष अध्ययनका बारेमा सूचना सङ्कलन गर्न प्रश्नावली निर्माणपश्चात् शोध निर्देशक र विषयविज्ञको सल्लाहअनुसार आवश्यक संशोधन गरी प्रयोग गरिएको छ । विषय शिक्षक, विषयविज्ञ, शोध निर्देशक र प्राध्यापकहरूको सुझावका आधारमा विश्लेषण तालिका निर्माण गरिएको छ ।

## तथ्याङ्क सङ्कलन

प्रस्तुत शोधकार्यका लागि तथ्याङ्क सङ्कलन गर्दा प्राथमिक स्रोतका रूपमा माध्यमिक तहको कक्षा ९ को नेपाली पाठ्यपुस्तक र उक्त तहको कक्षा ९ को नेपाली विषय अध्यापन गराउने काठमाडौँ र ललितपुर जिल्लाका सामुदायिक विद्यालयका शिक्षक, विषयविज्ञ, शोध निर्देशक, प्राध्यापकहरूलाई सूचकका रूपमा लिई तथ्याङ्क सङ्कलन गरिएको छ । अध्ययनका क्रममा माध्यमिक शिक्षा पाठ्यक्रम (२०७१), नेपालको संविधान (२०७२), त्रिभुवन विश्वविद्यालयबाट सम्पन्न भएका शोधपत्रहरू, सामाजिक कोणबाट गरिएका व्याख्या विश्लेषणहरूलाई द्वितीय स्रोतका रूपमा उपयोग गरी तथ्याङ्क सङ्कलन गरिएको छ ।

## तथ्याङ्क विश्लेषण

प्रस्तुत शोधपत्रमा पाठ्यपुस्तकका मूल पाठ र बोध अनुच्छेदका रूपमा अभ्यास खण्डमा प्रयोग भएका लिङ्ग, उमेर, पेसा, जातजाति, धर्मसंस्कृति, वर्ग, भूगोल, विज्ञानप्रविधि र लोकतान्त्रिक मूल्यमान्यतालाई बुझाउने सन्दर्भमा प्रयोग भएका नाम शब्द र केही वाक्यगत प्रसङ्गलाई तथ्याङ्कको आधार मानेर व्याख्या विश्लेषण गरिएको छ । शिक्षक प्रश्नावलीबाट प्राप्त उत्तरको निष्कर्ष तुलना गरी अध्ययनलाई अन्तिम रूप दिइएको छ । यस क्रममा तुलनात्मक, वर्णनात्मक र विश्लेषणात्मक पद्धतिको उपयोग गरिएको छ । प्राप्त तथ्याङ्कहरूलाई तालिकीकरण गरी व्याख्या विश्लेषण गरिएको छ ।

# अध्याय चार

# व्याख्या तथा विश्लेषण

नेपालको संविधान २०७२ ले नेपाललाई "बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त" राष्ट्रका रूपमा परिभाषित गरेको छ । विविधता बीचको एकता, सामाजिक, सांस्कृतिक ऐक्यबद्धता नेपाली समाजका विशेषता हुन् । समाजमा विविधता भएकाले विद्यालयमा आउने विद्यार्थीहरूको पृष्ठभूमि पनि फरक हुन्छ । उनीहरूका हरेक क्रियाकलापमा लिङ्ग, धर्म, उमेर, संस्कृति, जाति वर्गले प्रत्यक्ष प्रभाव पारेको हुन्छ । नेपालको शैक्षिक संरचनाअनुसार विद्यालय तह भन्नाले कक्षा १ देखि १२ सम्मको संरचनालाई बुझ्नुपर्छ । कक्षा १ देखि ८ सम्म आधारभूत तह र ९ देखि १२ माध्यमिक तह पर्दछन् । माध्यमिक तह सिकाइको मध्यम तह हो । यस तहले प्राथमिक तह र विश्वविद्यालय तहको सेतुको काम गर्दछ । विद्यार्थीलाई कस्तो व्यक्ति बनाउने भन्ने कुराको निर्धारण यसै तहले गर्दछ । विद्यार्थीलाई सामाजिक परिवेश अनुकूल शिक्षा दिनुपर्ने भएका कारण पाठ्यपुस्तक पनि समाजसापेक्ष हुनु आवश्यक छ । विद्यार्थीलाई राष्ट्रिय गतिविधिमा संलग्न गराउन समाजका हरेक विषयक्षेत्रका विषयवस्तुको छनोट गर्नुपर्छ । समाजका हरेक वर्ग, धर्म, संस्कृति, उमेर आदि समेट्ने खालको पाठ्यपुस्तक हुनु समाजसापेक्ष हुनु हो । पाठ्यपुस्तक समाज अनुकूल छ वा छैन भनी गरिने विश्लेषण समाजसापेक्ष विश्लेषण हो । प्रस्तुत शोधमा कक्षा ९ को नेपाली पाठ्यपुस्तकको निम्न लिखित आधारमा समाजसापेक्ष विश्लेषण गरिएको छ :

## लिङ्गका आधारमा पाठ्यपुस्तकको विश्लेषण

पाठ्यपुस्तकमा भएका १६ ओटा पाठमा प्रयुक्त लिङ्ग बुझाउने नाम शब्द र प्रसङ्गअनुसारका वाक्यलाई तालिकामा क्रमशः प्रस्तुत गरिएको छ :

**तालिका नं. ४.१ पाठ्यपुस्तकको कथा विधामा प्रयुक्त पुलिङ्गी नाम शब्द र वाक्यगत प्रसङ्ग**

| पाठ | पुलिङ्गी नाम शब्दहरू | पुलिङ्गी वाक्यहरू |
|---|---|---|
| अनारको बोट | बाबु, छोरो, केटो | छोरो विद्यालयका साथीहरूसँग खोलामा गयो (पृ. २ : अनु. ४)। केटाले... ढुकुरलाई ...गुलेलीले हान्यो (पृ. २ : अनु. ५)। |
| निद्रा | चन्द्रशमशेर, पति, महाराज, भाइ, भतिज, फत्य, गेहेन्द्र, दाइ, भीम, जङ्गबहादुर, दाजु, रणोद्दीप, जगतजङ, देव, फिस्टे महाराज, श्रीमान्, बडाबाउ, कृष्णलाल | श्री ३ चन्द्रशमशेरले टुँडिखेलमा आयोजित समारोहमा नेपालबाट दासमुक्त भएको घोषणा गरे (पृ. ६३ : अनु. २६)। चन्द्रशमशेरले आफ्ना छोराहरूको रोलक्रमलाई पनि सुरक्षित पारे पृ. ६१ : अनु. १३)। |
| डाक्टर अङ्कल | अङ्कल, बाबु, जेठो छोरो, कान्छो छोरो | तैपनि उसले हरेस खाएन (पृ.१०० : अनु. ८)। |
| बन्धनबाट मुक्ति | चोआलाल, छोरो, पति, नाति, मास्टर, जेठो सूर्यनाथ, माहिलो चन्द्रनाथ, कान्छो तारानाथ, टुहुरो, माड्साब, दाजुभाइ, बाबु, बुढा, कन्डक्टर, भाइ | एकाबिहानै सकी नसकी हिँडेर बूढा राजमार्गको छेउमा आएर उभिए (पृ.१५३ : अनु. २५)। |

माथिको तालिकाअनुसार *अनारको बोट* कथामा ७५ प्रतिशत पुलिङ्गी पात्र प्रयोग भएका छन् । *निद्रा* कथामा ९० प्रतिशत पुलिङ्गी पात्र छन् । पुलिङ्गी पात्रको सापेक्षतामा स्त्रीलिङ्गी पात्र धेरै कम भएकाले लैङ्गिक आधारमा प्रस्तुत पाठ असमावेशी देखिन्छ तापनि ऐतिहासिक घटनामा आधारित पाठ भएकाले सामाजिक प्रकारको छ । *डाक्टर अङ्कल* कथामा ८३ प्रतिशत पुरुष पात्रको प्रयोग भएको छ भने *बन्धनबाट मुक्ति* कथामा ७७ प्रतिशत पुलिङ्गी पात्र प्रयोग भएका छन् । यी दुवै पाठमा पात्र प्रयोगमा समानता पाइएन । प्रस्तुत चार ओटा कथामध्ये *अनारको बोट* कथाका पुरुष पात्रको तुलनामा अन्य तीन ओटा कथाका पुरुष पात्र सकिय छन् ।

**तालिका नं. ४.२ पाठ्यपुस्तकको कथा विधामा प्रयुक्त स्त्रीलिङ्गी नाम शब्द र वाक्यगत प्रसङ्ग**

| पाठ | स्त्रीलिङ्गी नाम शब्दहरू | स्त्रीलिङ्गी वाक्यहरू |
|---|---|---|
| अनारको बोट | आमा, कल्पलता | उनी आलापविलाप गरेर रोइरहिन् (पृ. २ : अनु. ४) । कल्पलताले...सहयोग मागिन् (पृ. ४ : अनु. १०) । |
| निद्रा | बालकुमारी, बडामहारानी | तिमी जाजरकोटे ठकुरीकी छोरी, नेपाल दरबारको सबैकुरा थाहा पाएकी छैनौ (पृ. ५९ : अनु. ५) । |
| डाक्टर अङ्कल | छोरी | ... छोरी उमेर नपुग्दै आफैं विवाह गरेर गई (पृ.१०० : अनु. ८) । |
| बन्धनबाट मुक्ति | पत्नी, बुहारी, नातिनी, बूढी, आमा | पत्नी अनेकौं रोगबाट पीडित थिइन् (पृ. १५० : अनु. २) । |

माथिको तालिकाअनुसार *अनारको बोट* कथामा २५ प्रतिशत स्त्रीलिङ्गी पात्र प्रयोग भएका छन् । पुलिङ्गी पात्रको सापेक्षतामा स्त्रीलिङ्गी पात्र बढी पीडाभोगी, कमजोर पात्रको रूपमा चित्रण गरिएको छ । *निद्रा* कथामा प्रयुक्त पात्रमध्ये १० प्रतिशत मात्र स्त्रीलिङ्गी पात्र छन् । पुलिङ्गी पात्रको सापेक्षतामा स्त्रीलिङ्गी पात्र धेरै कम भएकाले लैङ्गिक आधारमा प्रस्तुत पाठ असमावेशी देखिन्छ तापनि ऐतिहासिक घटनामा आधारित पाठ भएकाले सामाजिक प्रकारको छ । *डाक्टर अङ्कल* कथामा १७ प्रतिशत स्त्रीलिङ्गी पात्रको प्रयोग भएको छ । पात्रगत समावेशिताको अनुपात भने मिलेको छैन । *बन्धनबाट मुक्ति* कथामा २३ प्रतिशत स्त्रीलिङ्गी नाम शब्द परेका छन् । यस आधारमा हेर्दा यस पाठ समावेशी प्रकारको छैन ।

**तालिका नं. ४.३ पाठ्यपुस्तकको कविता विधामा प्रयुक्त पुलिङ्गी नाम शब्द**

| पाठ | पुलिङ्गी नाम शब्दहरू |
|---|---|
| सय रङ इन्द्रेनी | बुद्ध, जनक, मञ्जुश्री, यलम्बर |

माथिको तालिकामा प्रस्तुत *सय रङ इन्द्रेनी* कवितामा पुलिङ्गी नाम शब्द मात्र प्रयोग भएका छन् । कविता विधा भएकाले वाक्यगत प्रसङ्ग छैन ।

**तालिका नं. ४.४ पाठ्यपुस्तकको कविता विधामा प्रयुक्त स्त्रीलिङ्गी नाम शब्दहरू**

| पाठ | स्त्रीलिङ्गी नाम शब्दहरू |
|---|---|
| सय रङ इन्द्रेनी | सीता, भृकुटी, गौरा |

माथिको तालिकामा प्रस्तुत *सय रङ इन्द्रेनी* कवितामा स्त्रीलिङ्गी नाम शब्द मात्र प्रयोग भएका छन् । कविता विधा भएकाले वाक्यगत प्रसङ्ग छैन ।

**तालिका नं. ४.५ पाठ्यपुस्तकको निबन्ध विधामा प्रयुक्त पुलिङ्गी नाम शब्द र वाक्यगत प्रसङ्ग**

| पाठ | पुलिङ्गी नाम शब्दहरू | पुलिङ्गी वाक्यहरू |
|---|---|---|
| म को हुँ | पति, दाजु, भाइ, पुत्र, छोरो, बाबा, पुरुष, केटा | ...बाबुले बाहिर गएर काम गर्ने परम्परागत प्रस्तुति अहिले पनि...देखिन्छ (पृ. ३५) । |

माथिको तालिकामा प्रस्तुत *म को हुँ* निबन्धको मूल पाठमा ५० प्रतिशत पुलिङ्गी नाम शब्द प्रयोग भएका छन् । यस निबन्धको मूल पाठमा पुलिङ्गी वाक्यको प्रयोग छैन । बोध अनुच्छेदका रूपमा अभ्यास खण्डमा मात्र पुलिङ्गी वाक्यको प्रयोग गरिएको छ ।

**तालिका नं. ४.६ पाठ्यपुस्तकको निबन्ध विधामा प्रयुक्त स्त्रीलिङ्गी नाम शब्द र वाक्यगत प्रसङ्ग**

| पाठ | स्त्रीलिङ्गी नाम शब्दहरू | स्त्रीलिङ्गी वाक्यहरू |
|---|---|---|
| म को हुँ | पत्नी, भाउजू, बहिनी, पुत्री, आमा, सँगिनी, छोरी, महिला | सुरुमा महिलालाई छोराछोरी हेर्ने र घरको काम गर्ने भूमिका दिइन्थ्यो (पृ.३५) । |

माथिको तालिकामा प्रस्तुत *म को हुँ* निबन्धको मूल पाठमा ५० प्रतिशत स्त्रीलिङ्गी नाम शब्द प्रयोग भएका छन् । यस निबन्धको मूल पाठमा  स्त्रीलिङ्गी वाक्यको प्रयोग छैन । बोध अनुच्छेदका रूपमा अभ्यास खण्डमा मात्र स्त्रीलिङ्गी वाक्यको प्रयोग गरिएको छ ।

**तालिका नं. ४.७ पाठ्यपुस्तकको जीवनी विधामा प्रयुक्त पुलिङ्गी नाम शब्द र वाक्यगत प्रसङ्ग**

| पाठ | पुलिङ्गी नाम शब्दहरू | पुलिङ्गी वाक्यहरू |
|---|---|---|
| सङ्गीतज्ञ रामशरण दर्नाल | रामशरण, पिता सत्यकुमार, भाइ, मावली काका, मनोहरि सिंह, बालकृष्ण सम, माधव घिमिरे, नरराज ढकाल, यज्ञराज शर्मा, माहिला, जेठा | उनले सङ्गीत, कला विषयमा अध्ययन अनुसन्धान गर्ने सङ्कल्प गरे (पृ. २१ : अनु. ९) । |
| आङ सान सुकी | दाजु, बुबा, दुई छोरा, भाइ, पति, महात्मा गान्धी, हक रिचर्डसन | उनका श्रीमान् माइकल एरिस पनि हिमाली संस्कृति, एसियाली नैतिक मूल्य र तिब्बती सभ्यता मन पराउँथे (पृ. १११ : अनु. ६) । |

*सङ्गीतज्ञ रामशरण दर्नाल* पाठ जीवनी विधाको भएकाले यसमा रामशरण दर्नालको जीवनमा महत्त्वपूर्ण भूमिका भएका पुरुषलाई बुझाउने शब्द नै पुलिङ्गी नाम शब्द हुन् । यस पाठमा ६५ प्रतिशत पुलिङ्गी शब्द छन् । जीवनी विधाको *आङ साङ सुकी* पाठमा ६५.५ प्रतिशत पुरुष पात्रको प्रयोग छ । यस पाठमा प्रयुक्त पुरुष पात्रहरू सक्षम र सबल छन् ।

**तालिका नं. ४.८ पाठ्यपुस्तकको जीवनी विधामा प्रयुक्त स्त्रीलिङ्गी नाम शब्द र वाक्यगत प्रसङ्ग**

| पाठ | स्त्रीलिङ्गी नाम शब्दहरू | स्त्रीलिङ्गी वाक्यहरू |
|---|---|---|
| सङ्गीतज्ञ, रामशरण दर्नाल | माता, विमाता, आमा, दिलकुमारी, महिला | घर भत्कदा चेपिएर उनकी आमाको निधन भयो (पृ. २० : अनु. ८) । |
| आङ सान सुकी | आमा, सुकी, नारी | आङ सान सुकी सबै कामलाई उत्तिकै महत्त्व दिन्थिन् र सानैदेखि काम गर्नमा उनी असाध्यै रमाइलो मान्थिन् (पृ. १११ : अनु. ९) । |

*सङ्गीतज्ञ रामशरण दर्नाल* पाठ जीवनी विधाको भएकाले यसमा रामशरण दर्नालको जीवनमा महत्त्वपूर्ण भूमिका भएका महिलालाई बुझाउने शब्द नै स्त्रीलिङ्गी नाम शब्द हुन् । यस पाठमा पुलिङ्गी शब्दको तुलनामा स्त्रीलिङ्गी शब्दको प्रयोग कम छ । स्त्रीलिङ्गी शब्द ३५ प्रतिशत मात्र छन् । यस आधारमा प्रस्तुत पाठमा लैङ्गिक समानता छैन । जीवनी विधाको *आङ साङ सुकी* पाठमा ३७.५ प्रतिशत महिला पात्र छन् । यस आधारमा पाठ समावेशी र सामाजिक प्रकारको छ ।

**तालिका नं. ४.९ पाठ्यपुस्तकको वक्तृता विधामा प्रयुक्त पुलिङ्गी नाम शब्द र वाक्यगत प्रसङ्ग**

| पाठ | पुलिङ्गी नाम शब्दहरू | पुलिङ्गी वाक्यहरू |
|---|---|---|
| मानव बेचबिखनविरूद्ध हाम्रो दायित्व | मिलन चेपाङ, जनक श्रेष्ठ, सुमन मिजार, मोहमद आलम, मनोज तामाङ | कक्षा ९ का विद्यार्थी सुमन मिजार उद्घोषण गर्दै हुनुहुन्छ (पृ. ४०) । |

*मानव बेचबिखनविरूद्ध हाम्रो दायित्व* पाठमा ६० प्रतिशत पुलिङ्गी पात्र छन् । अशिक्षा, गरिबी भेदभावपूर्ण सामाजिक संरचनाका कारण पुरुषले पनि बेचिनुपर्ने बाध्यता पाठमा प्रस्तुत भएको छ ।

**तालिका नं. ४.१० पाठ्यपुस्तकको वक्तृता विधामा प्रयुक्त स्त्रीलिङ्गी नाम शब्द र वाक्यगत प्रसङ्ग**

| पाठ | स्त्रीलिङ्गी नाम शब्दहरू | स्त्रीलिङ्गी वाक्यहरू |
|---|---|---|
| मानव बेचबिखनविरूद्ध हाम्रो दायित्व | प्रमिला शेरचन, रमा सापकोटा, अयोध्या पौडेल | समय सचेतकमा कक्षा ९ की विद्यार्थी प्रमिला शेरचन रहनुभएको छ (पृ. ४०) ।<br>बेचिनेमा महिला...हरू बढी मात्रामा छन् (पृ. ४१) |

*मानव बेचबिखनविरूद्ध हाम्रो दायित्व* पाठमा ४० प्रतिशत स्त्रीलिङ्गी पात्र छन् । विशेष गरी बनावटी मायाजालमा फसाएर नक्कली विवाह गरी देह व्यापार गराउने, अश्लील चलचित्रमा काम गराउने जस्ता सामाजिक विकृतिको सिकार महिला हुने गरेको प्रसङ्ग पाठमा उठाइएको छ । यो पाठ सामाजिकता विभेदलाई प्रतिनिधित्व गर्ने प्रकारको छ ।

**तालिका नं. ४.११ पाठ्यपुस्तकको चिठी विधामा प्रयुक्त पुलिङ्गी नाम शब्द र वाक्यगत प्रसङ्ग**

| पाठ | पुलिङ्गी नाम शब्द | पुलिङ्गी वाक्य |
|---|---|---|
| बहिनीलाई चिठी | बेन्जामिन फ्र्याङ्कलिन | ... बेन्जामिन फ्र्याङ्कलिनले भनेका छन्, मैले देखेका थोरै मानिसहरू मात्र खान नपाएर मरेका छन् पृ. ५२ : अनु. २) । |

*बहिनीलाई चिठी* पाठमा पुलिङ्गी नाम शब्द २० प्रतिशत प्रयोग भएका छन् । प्रस्तुत पाठमा पुलिङ्गी शब्द प्रसङ्गवश आएको हो । दुवै लिङ्गको समावेश भएकाले यो पाठ समावेशी र सामाजिक प्रकारको छ ।

**तालिका नं. ४.१२ पाठ्यपुस्तकको चिठी विधामा प्रयुक्त स्त्रीलिङ्गी नाम शब्द र वाक्यगत प्रसङ्ग**

| पाठ | स्त्रीलिङ्गी नाम शब्दहरू | स्त्रीलिङ्गी वाक्यहरू |
|---|---|---|
| बहिनीलाई चिठी | बहिनी, दिदी, श्रद्धा, अनुपमा | गत महिनाको चिठीमा मैले तिमीलाई योग साधनाका बारेमा केही कुरा गरेकी थिएँ (पृ. ५२ : अनु.१) । नानी ! तिमी पनि घरका भन्दा बाहिरका खानेकुरा बढी खान्छ्यौ अरे (पृ. ५३ : अनु. ३) । |

*बहिनीलाई चिठी* पाठमा स्त्रीलिङ्गी शब्द ८० प्रतिशत प्रयोग भएका छन् । स्त्रीलिङ्गी शब्द पात्रको रूपमा नै प्रस्तुत भएका छन् । दुवै लिङ्गको समावेश भएकाले यो पाठ समावेशी र सामाजिक प्रकारको छ ।

**तालिका नं. ४.१३ पाठ्यपुस्तकको दैनिकी विधामा प्रयुक्त पुलिङ्गी नाम शब्द र वाक्यगत प्रसङ्ग**

| पाठ | पुलिङ्गी नाम शब्दहरू | पुलिङ्गी वाक्यहरू |
|---|---|---|
| मङ्गलाका तीन दिन | भाइ, कृष्ण सर, हर्कबहादुर, चित्र सुवेदी, मिथिलेश यादव, शिवराज राई, परशुराम सुब्बा, आङदाबा सर, जसदीप, रवि राई, दाजु, सुदेश, राजन, शिवराज, बुबा, कान्छा मामा, दाइ | दाइले साउदी अरबबाट फोन गर्नुभयो (पृ. ८९ : अनु. ६) । |

*मङ्गलाका तीन दिन* पाठमा पुलिङ्गी पात्रको प्रयोग बढी छ । पुलिङ्गी पात्र ५३ प्रतिशत छन् । प्रस्तुत पाठमा पात्रको सहभागिता समावेशिताको नजिक छ ।

**तालिका नं. ४.१४ पाठ्यपुस्तकको दैनिकी विधामा प्रयुक्त स्त्रीलिङ्गी नाम शब्द र वाक्यगत प्रसङ्ग**

| पाठ | स्त्रीलिङ्गी नाम शब्दहरू | स्त्रीलिङ्गी वाक्यहरू |
|---|---|---|
| मङ्गलाका तीन दिन | मङ्गला, रीता, पासाङ, सूर्या, हाकुमाया, गङ्गा, डोल्मा मिस, हर्कमाया, रेणुका बम, मीना गुरूङ, दिदी, सानी, मन्दिरा, आमा, भाउजू | ... मेरी भाउजू अनुभवी र जीवन बुझेकी हुनुहुन्छ (पृ. ९२ : अनु. १६)<br>विद्यालय निरीक्षक रेणुका बमले पुरस्कार वितरण तथा प्रमाणपत्र वितरण गर्नुभयो ( पृ. ८९ : अनु. ५) । |

*मङ्गलाका तीन दिन* पाठमा पुलिङ्गी पात्रभन्दा स्त्रीलिङ्गी पात्रको सङ्ख्या तीन प्रतिशतले कम छ । पुरूष पात्र ५३ प्रतिशत छन् भने महिला पात्र ४७ प्रतिशत छन् । पाठमा प्रस्तुत प्रायः सबै महिला पात्र शिक्षित, सक्रिय र राज्यका विभिन्न पदमा पुगेका छन् । वर्तमान नेपाली समाजमा पनि महिलाहरू घरबाहिरका काममा सक्रिय हुन थालेको अवस्थामा यो पाठ समयसापेक्ष छ । प्रस्तुत पाठमा पात्रको सहभागिता समावेशिताको नजिक छ ।

**तालिका नं. ४.१५ पाठ्यपुस्तकको संवाद विधामा प्रयुक्त पुलिङ्गी नाम शब्द र वाक्यगत प्रसङ्ग**

| पाठ | पुलिङ्गी नाम शब्दहरू | पुलिङ्गी वाक्यहरू |
|---|---|---|
| महिला हिंसा | अभिलेख, उपांशु, छोरा, श्रीमान्, पुरुष | सामाजिक परिवर्तनका लागि अब पुरुषहरू पनि तयार छन् (पृ. १३१ : अनु. ३४) । |

*महिला हिंसा* पाठमा ५० प्रतिशत पुलिङ्गी नाम शब्दको प्रयोग भएको छ । संवादको प्रसङ्गअनुसार पुलिङ्गी शब्द आएका छन् । समाजमा भइरहेका घटनालाई विषय बनाइएका कारण पाठ सामाजिक छ ।

**तालिका नं. ४.१६ पाठ्यपुस्तकको संवाद विधामा प्रयुक्त स्त्रीलिङ्गी नाम शब्द र वाक्यगत प्रसङ्ग**

| पाठ | स्त्रीलिङ्गी नाम शब्दहरू | स्त्रीलिङ्गी वाक्यहरू |
|---|---|---|
| महिला हिंसा | अन्वेषा, संज्ञा, महिला, श्रीमती, छोरी, सासू, बुहारी | महिलालाई जलाएर मारेछन् नि ! (पृ. १२९ : अनु. ४)<br>कतै दाइजो नल्याएकामा, कतै छोरा नपाएकामा, कतै श्रीमती हुने पुरुषको सम्बन्ध अन्य महिलासँग भएकाले, कतै श्रीमती श्रीमान्भन्दा माथिल्लो ओहोदामा पुग्नाले ... महिलामाथि हिंसा हुने गरेका छन् (पृ. १२९ : अनु. ७) ।<br>... विवाह गरेर गएका घरमा बुहार्तन खप्नु उत्तिकै (पृ. १३० : अनु. २०) ।<br>वस्तुभाउसरह बेचिनुपर्ने तिनैले, बलात्कार गरी कुकुर बिरालासरह मिल्काइने पनि तिनै (पृ. १३० : अनु. २१) ।<br>महिलाहरू आत्मनिर्भर हुन थालेपछि भने यस्तो विभेदमा परिवर्तन आउन थालेको छ (पृ. १३१ : अनु. ३०) । |

*महिला हिंसा* पाठमा ५० प्रतिशत स्त्रीलिङ्गी शब्दको प्रयोग भएको छ । समाजमा महिलाहरू पीडित हुने गरेको विषय प्रस्तुत भए पनि संवादका कुनै पनि पात्रलाई पीडित

भएको देखाइएको छैन । समाजमा भइरहेका घटनालाई विषय बनाइएका कारण पाठ सामाजिक बनेको छ ।

**तालिका नं. ४.१७ पाठ्यपुस्तकको निवेदन विधामा प्रयुक्त पुलिङ्गी नाम शब्द**

| पाठ | पुलिङ्गी नाम शब्द |
|---|---|
| छात्रावास | श्यामकृष्ण चापागाईं |

*छात्रावास* पाठमा विद्यार्थी, अध्यक्ष, शिक्षक जस्ता लिङ्ग नभई पद जनाउने शब्द प्रयोग छन् । पुलिङ्गी शब्द जनाउने एउटा शब्द श्यामकृष्ण चापागाईं मात्र प्रयोग गरिएको छ । स्त्रीलिङ्गी नाम शब्द, पुलिङ्गी र स्त्रीलिङ्गी वाक्यगत प्रसङ्ग आएका छैनन् । नेपालका धेरै गाउँमा विद्यार्थी टाढा पढ्न जानुपर्ने बाध्यतालाई उठाएको यस पाठले पनि नेपाली समाजको एउटा पक्षलाई उठाएको छ भन्न सकिन्छ ।

## उमेरका आधारमा पाठ्यपुस्तकको विश्लेषण

पाठ्यपुस्तकमा भएका १६ ओटा पाठमा प्रयुक्त उमेर जनाउने नाम शब्द र केही प्रसङ्ग अनुसारका वाक्यलाई तालिकामा क्रमशः प्रस्तुत गरिएको छ :

**तालिका नं. ४.१८ कथा विधामा प्रयुक्त वृद्धलाई बुझाउने नाम शब्द र वाक्यगत प्रसङ्ग**

| पाठ | वृद्धलाई बुझाउने शब्दहरू | वाक्यगत प्रसङ्ग |
|---|---|---|
| अनारको बोट | बूढा, बूढी | गाउँमा एउटी बुढिया रहन्थिन् पृ. (१ अनु. १) । उनीहरूले बूढालाई बोकेर घर लगे (पृ. २ : अनु. २) । |
| निद्रा | बडाबाउ | मरेका बडाबाउ...सँग भने साह्रै डराउन थालेको छु (पृ. ६१ : अनु. १७) । |
| डाक्टर अङ्कल | हजुरबुबा, हजुरआमा | ...हजुरबुबा र हजुरआमाबाट मीठामीठा कथा सुन्ने गरेको ...गुनासो गरी (पृ. ९९ : अनु. २) । |
| बन्धनबाट मुक्ति | बूढा, बूढी, आमा | बूढाको भित्री मनमा...राम्रोसँग पञ्चदान कर्म गरौँ भन्ने थियो (पृ. १५१ : अनु. ५) |

*अनारको बोट* पाठमा समाजमा बस्ने विविध उमेरका पात्रको चित्रण गरिएको छ । जसमध्ये ४० प्रतिशत वृद्ध पात्रहरू छन् । युवाकालमा घरगृहस्थी समालेकी वृद्ध महिलाले वृद्धावस्थामा समाजसेवातिर लागेको देखाइएको छ । उमेरअनुसार पात्रका क्रियाकलाप देखाइएकाले यस पाठ उमेरगत आधारमा समावेशी र सामाजिक प्रकारको छ । *निद्रा र डाक्टर अङ्कल* कथामा संवादका कममा वृद्धलाई बुझाउने नाम शब्द आएका छन् । पात्रका रूपमा आएका छैनन् । उमेर छउन्जेल छोराछोरीको प्रगतिका लागि मरिमेट्ने बाबुआमालाई वृद्ध भएपछि अलपत्र पार्ने प्रवृत्ति समाजमा बढ्दै गएको अवस्थालाई विषय बनाइएका कारण *बन्धनबाट मुक्ति* पाठ सामाजिक प्रकारको छ ।

**तालिका नं. ४.१९ कथा विधामा प्रयुक्त युवा /वयस्कलाई बुझाउने नाम शब्द र वाक्यगत प्रसङ्ग**

| पाठ | युवा /वयस्कलाई बुझाउने नाम शब्दहरू | युवा /वयस्कलाई बुझाउने वाक्यगत प्रसङ्ग |
|---|---|---|
| निद्रा | चन्द्रशमशेर, बालकुमारी, बडामहारानी, पति, महाराज, भाइहरू, भतिज, फत्य, गेहेन्द्र, दाइ, भीम, जङ्गबहादुर, रणोद्दीप, जगतजङ, देव, फिस्टे महाराज, श्रीमान्, कृष्णलाल | गेहेन्द्र भतिजलाई यहाँ आउनै रोक लगाइबक्सेको छ (पृ. ५९ : ४) । कृष्णलाल 'मकैको खेती' किताब देखाउँदै मलाई गिज्याउँछन् (पृ. ६२ : १७) । |
| डाक्टर अङ्कल | आमा, बुबा | उसले घर छोडेको छ महिनामा नै उसको बाबुको मृत्यु भइसकेको रहेछ पृ. १०३ : अन. २६) |
| बन्धनबाट मुक्ति | छोराबुहारी | बुहारी एकछिन त निदाएको स्वाङ पारी टार्न खोज्थी...(पृ. १५२ : अनु. १४) । |

*अनारको बोट* कथामा युवा/वयस्कलाई बुझाउने नाम शब्द र वाक्यगत प्रसङ्ग आएका छैनन् । *निद्रा* कथामा पात्रगत संवादका कममा युवा/वयस्कलाई बुझाउने वाक्यगत प्रसङ्ग आएका छन् । डाक्टर अङ्कल कथामा वयस्कको जीवनशैली प्रस्तुत भएको छ । *बन्धनबाट मुक्ति* कथामा वर्तमान नेपाली समाजमा युवा पुस्ता आफ्नो परिवारमा मात्र व्यस्त रहने र वृद्ध बाबुआमालाई अलपत्र पार्ने प्रवृत्ति चित्रण गरिएको छ ।

**तालिका नं. ४.२० कथा विधामा प्रयुक्त किशोरलाई बुझाउने नाम शब्द र वाक्यगत प्रसङ्ग**

| पाठ | किशोरलाई बुझाउने नाम शब्दहरू | किशोरलाई बुझाउने वाक्यगत प्रसङ्ग |
|---|---|---|
| अनारको बोट | छोरो, केटो | एकदिन एउटा केटाले रूखमा बसिरहेको ढुकुरलाई अचानक गुलेलीले हान्यो (पृ.२ : अनु. ५) । |
| डाक्टर अङ्कल | छोराछोरी | ...छोराछोरी पनि आज भने हिटरको वरिपरि झुम्मिएका थिए (पृ. ९९ : अनु. २ । |

*अनारको बोट* कथामा ४० प्रतिशत किशोर पात्र प्रयोग भएका छन् । किशोर केटो पात्र चरा मार्दै हिँड्ने र छोरो पात्र स्कुल जाने जस्ता किशोरका क्रियाकलाप प्रस्तुत भएका छन् । छोरो पात्र अन्य विद्यार्थीबीच प्रिय भएको देखाइएको छ । *निद्रा* र *बन्धनबाट मुक्ति* कथामा किशोरलाई बुझाउने नाम शब्द र वाक्यगत प्रसङ्ग आएका छैनन् । *डाक्टर अङ्कल* कथामा किशोर पात्रका रूपमा छोराछोरी शब्द आएका छन् ।

**तालिका नं. ४.२१ कथा विधामा प्रयुक्त केटाकेटीलाई बुझाउने नाम शब्द र वाक्यगत प्रसङ्ग**

| पाठ | केटाकेटीलाई बुझाउने नाम शब्दहरू | केटाकेटीलाई बुझाउने वाक्यगत प्रसङ्ग |
|---|---|---|
| डाक्टर अङ्कल | घरेलु कामदार | ...ऊ त्यस घरमा मेहनत र इमान्दारीका साथ काम गर्दै विद्यालयमा चार कक्षामा नै भर्ना भएर पढ्न थाल्यो (पृ. १०१ : अनु. १३) । |
| बन्धनबाट मुक्ति | नाति | नातिहरूको मुण्डन, वर्तमनमा दुई लाख खर्च गरेँ पृ. १५१ : अनु. ६) । |

*अनारको बोट* र *निद्रा* कथामा केटाकेटीलाई बुझाउने नाम शब्द र वाक्यगत प्रसङ्ग आएका छैनन् । *डाक्टर अङ्कल* कथामा डाक्टरको बाल्यकालको चित्रण गर्ने क्रममा केटाकेटीलाई बुझाउने नाम शब्द र वाक्यगत प्रसङ्ग आएको छ । *बन्धनबाट मुक्ति* कथामा वृद्ध पात्रको परिवारसँगको संवादका क्रममा केटाकेटीलाई बुझाउने नाम शब्द र वाक्यगत प्रसङ्ग आएको छ ।

**तालिका नं. ४.२२ जीवनी विधामा प्रयुक्त युवा/वयस्कलाई बुझाउने नाम शब्द र वाक्यगत प्रसङ्ग**

| पाठ | युवा /वयस्कलाई बुझाउने नाम शब्दहरू | युवा /वयस्कलाई बुझाउने वाक्यगत प्रसङ्ग |
|---|---|---|
| सङ्गीतज्ञ रामशरण दर्नाल | माता, विमाता, आमा, भाइ, मावली काका | उनले काठमाडौँमा काका जर्जी ब्याङ्क्सबाट पियानो एकडियन बजाउन सिके (पृ.२० : अनु. ६) । |
| आङ सान सुकी | बाबु, आमा, सुकी, पति | सुकीकी आमा दाखिन की भारत र नेपालका लागि राजदूत भइन् (पृ. ११० : अनु. ४) । |

*सङ्गीतज्ञ रामशरण दर्नाल* पाठमा ६० प्रतिशत युवा तथा वयस्कलाई बुझाउने नाम शब्दहरू छन् । उमेरगत आधारमा वृद्ध र किशोर उमेर समूहलाई बुझाउने प्रसङ्ग उल्लेख भएकाले पाठ समावेशी बनेको छैन । जीवनी विधाको यस पाठमा उमेरअनुसार रामशरण दर्नालले गरेका काम देखाइएका कारण पाठ सामाजिक र सान्दर्भिक छ । जीवनी विधाको *आङ साङ सुकी* पाठमा सुकीको बाल्यावस्था, युवावस्था, वयस्कावस्थाका क्रियाकलापलाई प्रस्तुत गरिएको छ । यसका साथै उनका बाबुआमाका कियाकलाप प्रसङ्गानुसार आएका छन् । समाजमा हुने राजनीतिकर्मी र लोकतन्त्रवादी व्यक्तिहरूको प्रतिनिधित्व भएका कारण पाठ सामाजिक छ ।

**तालिका नं. ४.२३ जीवनी विधामा प्रयुक्त केटाकेटीलाई बुझाउने नाम शब्द र वाक्यगत प्रसङ्ग**

| पाठ | केटाकेटीलाई बुझाउने नाम शब्दहरू | केटाकेटीलाई बुझाउने वाक्यगत प्रसङ्ग |
|---|---|---|
| सङ्गीतज्ञ रामशरण दर्नाल | हरिमाया, बालक | एघार वर्षकै उमेरमा उनको विवाह नौ वर्षकी हरिमायासँग गराइएको थियो (पृ.१९: अनु. ३) ) |
| आङ सान सुकी | भाइ, छोरा | कान्छा भाइ आङ सान लिनको चाहिँ नौ वर्षकै उमेरमा...डुबेर मृत्यु भयो (पृ. १०९ : अनु. २) । |

*सङ्गीतज्ञ रामशरण दर्नाल* पाठमा ४० प्रतिशत केटाकेटीलाई बुझाउने नाम शब्दहरू छन् । जीवनी विधाको यस पाठमा उमेरअनुसार रामशरण दर्नालले गरेका काम देखाइएका कारण पाठ सामाजिक बनेको छ । जीवनी विधाको *आङ साङ सुकी* पाठमा सुकीको बाल्यावस्था, युवावस्था, वयस्कावस्थाका क्रियाकलापलाई प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४.२४ वक्तृता विधामा प्रयुक्त युवा/वयस्कलाई बुझाउने नाम शब्द र वाक्यगत प्रसङ्ग**

| पाठ | युवा/वयस्कलाई बुझाउने नाम शब्दहरू | युवा/वयस्कलाई बुझाउने वाक्यगत प्रसङ्ग |
|---|---|---|
| मानव बेचबिखनविरूद्ध हाम्रो दायित्व | मिलन चेपाङ, जनक श्रेष्ठ, शिक्षक, युवा | युवाहरूलाई धेरै कमाउने प्रलोभनमा अन्य देशहरूमा पठाउने कार्य भइरहको छ (पृ. ४१ : अनु. ५) । |

*मानव बेचबिखनविरूद्ध हाम्रो दायित्व* पाठमा ३० प्रतिशत युवा तथा वयस्कलाई जनाउने नाम शब्द छन् । नेपालका सबै उमेरका मान्छे बेचबिखनमा पर्ने गरेको भए पनि महिलाको सङ्ख्या बढी भएको अवस्थालाई विषयका बनाएर नेपाली समाजको वास्तविकता प्रस्तुत गरेका कारण यो पाठ सामाजिक बनेको छ ।

**तालिका नं. ४.२५ वक्तृता विधामा प्रयुक्त किशोरलाई बुझाउने नाम शब्द र वाक्यगत प्रसङ्ग**

| पाठ | किशोरलाई बुझाउने नाम शब्दहरू | किशोरलाई बुझाउने वाक्यगत प्रसङ्ग |
|---|---|---|
| मानव बेचबिखनविरूद्ध हाम्रो दायित्व | प्रमिला शेरचन, सुमन मिजार, मोहम्मद आलम, अयोध्या पौडेल, मनोज तामाङ, रमा सापकोटा | कक्षा ९ का विद्यार्थी सुमन मिजार उद्घोषण गर्दै हुनुहुन्छ (पृ. ४०) ।<br>समय सचेतकमा कक्षा ९ का विद्यार्थी प्रमिला शेरचन रहनुभएको छ (पृ. ४०) । |

*मानव बेचबिखनविरूद्ध हाम्रो दायित्व* पाठमा ६० प्रतिशत किशोरकिशोरीलाई जनाउने शब्द प्रयोग भएका छन् । पाठमा नेपालका सबै उमेरका मान्छे बेचबिखनमा पर्ने गरेको भए पनि महिला र बालबालिकाको सङ्ख्या बढी भएको अवस्था किशोरकिशोरीले विषयका रूपमा प्रस्तुत गरेका छन् । नेपाली समाजको वास्तविकतालाई विषय बनाएका कारण यो पाठ सामाजिक बनेको छ ।

**तालिका नं. ४.२६ वक्तृता विधामा प्रयुक्त केटाकेटीलाई बुझाउने नाम शब्द र वाक्यगत प्रसङ्ग**

| पाठ | केटाकेटीलाई बुझाउने नाम शब्दहरू | केटाकेटीलाई बुझाउने वाक्यगत प्रसङ्ग |
|---|---|---|
| मानव बेचबिखनविरूद्ध हाम्रो दायित्व | बालबालिका | बेचिनेहरूमा...बालबालिकाहरू बढी मात्रामा छन् (पृ. ४१ : अनु ५) |

*मानव बेचबिखनविरूद्ध हाम्रो दायित्व* पाठमा केटाकेटीलाई बुझाउने नाम शब्दहरू १० प्रतिशत प्रयोग भएका छन् । पाठमा नेपालका सबै उमेरका मान्छे बेचबिखनमा पर्ने गरेको भए पनि बालबालिकाको सङ्ख्या बढी भएको अवस्थालाई विषयका रूपमा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४.२७ चिठी विधामा प्रयुक्त युवा /वयस्क र किशोरलाई बुझाउने नाम शब्द**

| पाठ | युवा /वयस्कलाई बुझाउने नाम शब्द | किशोरलाई बुझाउने नाम शब्द |
|---|---|---|
| बहिनीलाई चिठी | दिदी | बहिनी |

*बहिनीलाई चिठी* पाठ युवा/वयस्कलाई बुझाउने नाम शब्द ५० प्रतिशत र किशोरलाई बुझाउने नाम शब्द ५० प्रतिशत प्रयोग भएका छन् । यस पाठमा अन्य वाक्यगत प्रसङ्ग उल्लेख छैन ।

**तालिका नं. ४.२८ दैनिकी विधामा प्रयुक्त युवा/वयस्कलाई बुझाउने नाम शब्द र वाक्यगत प्रसङ्ग**

| पाठ | युवा /वयस्कलाई बुझाउने नाम शब्दहरू | युवा /वयस्कलाई बुझाउने वाक्यगत प्रसङ्ग |
|---|---|---|
| मङ्गलाका तीन दिन | बुबा, आमा, दाजु, विनि, शिक्षक, भाउजू, प्र.जि.अ. | कृष्ण सरको मीठो उद्घोषणसँगै कार्यक्रम अगाडि बढ्यो (पृ. ८८ : अनु. ४) । |

*मङ्गलाका तीन दिन* पाठमा उमेरका आधारमा युवा तथा वयस्क पुरूष पात्र वैदेशिक रोजगारीमा गएको, युवा तथा वयस्क महिला पात्रहरू स्वदेशमा विभिन्न पेसामा संलग्न भएको देखाइएर नेपाली समाजको वर्तमान अवस्थालाई प्रस्तुत गरेको छ । विविध उमेर समूहका पात्रको चित्रण भएकाले यो पाठ उमेरका आधारमा समावेशी र सामाजिक प्रकारको पाठ छ ।

**तालिका नं. ४.२९ दैनिकी विधामा प्रयुक्त किशोरलाई बुझाउने नाम शब्द र वाक्यगत प्रसङ्ग**

| पाठ | किशोरलाई बुझाउने नाम शब्दहरू | किशोरलाई बुझाउने वाक्यगत प्रसङ्ग |
|---|---|---|
| मङ्गलाका तीन दिन | विद्यार्थीहरू, विद्यार्थीका गाउँले साथीहरू | उनी श्री कालिका माध्यमिक विद्यालयमा कक्षा ९ मा पढ्छिन् (पृ. ८८ : अनु. १) |

*मङ्गलाका तीन दिन* पाठमा उमेरका आधारमा किशोर पात्र शिक्षा लिँदै गरेको देखाइएको छ । शिक्षाप्रति सचेत परिवारको चित्रण छ । यसले नेपाली समाजमा बढ्दै गएको शिक्षाप्रतिको सचेततालाई देखाएको छ ।

**तालिका नं. ४.३० दैनिकी विधामा प्रयुक्त केटाकेटीलाई बुझाउने नाम शब्द र वाक्यगत प्रसङ्ग**

| पाठ | केटाकेटीलाई बुझाउने नाम शब्दहरू | केटाकेटीलाई बुझाउने वाक्यगत प्रसङ्ग |
|---|---|---|
| मङ्गलाका तीन दिन | भाइ | भाइ र म प्रायः बिहान एक भारी घाँस काट्थ्यौं पृ. ८८ : अनु. २) । |

*मङ्गलाका तीन दिन* पाठमा उमेरका आधारमा केटाका रूपमा भाइ पात्र उपस्थित छ । सबै उमेर समूहका पात्रको प्रयोगले पाठलाई समाजसापेक्ष बनाएको छ ।

**तालिका नं. ४.३१ संवाद विधामा प्रयुक्त वृद्धलाई बुझाउने नाम शब्द र वाक्यगत प्रसङ्ग**

| पाठ | वृद्धलाई बुझाउने नाम शब्द | वृद्धलाई बुझाउने वाक्यगत प्रसङ्ग |
|---|---|---|
| महिला हिंसा | सासू | सासुले बुहारीलाई दुःख दिएका उदाहरण पनि छन् (पृ. १३१ : अनु. ३१) । |

माथिको तालिकाअनुसार *महिला हिंसा* पाठमा वृद्धलाई बुझाउने एक मात्र नाम शब्द र एक मात्र वाक्यगत प्रसङ्ग आएको छ ।

**तालिका नं. ४.३२ संवाद विधामा प्रयुक्त युवा/वयस्कलाई बुझाउने नाम शब्द र वाक्यगत प्रसङ्ग**

| पाठ | युवा/वयस्कलाई बुझाउने नाम शब्दहरू | युवा/वयस्कलाई बुझाउने वाक्यगत प्रसङ्ग |
|---|---|---|
| महिला हिंसा | श्रीमान्, श्रीमती, बुहारी | ...बुहारीलाई दुःख दिएका उदाहरण पनि छन् (पृ. १३१ : अनु. ३१) । |

माथिको तालिकाअनुसार पाठमा ३० प्रतिशत युवा /वयस्कलाई बुझाउने नाम शब्द र त्यससँग सम्बन्धित वाक्यगत प्रसङ्ग आएको छ ।

**तालिका नं. ४.३३ संवाद विधामा प्रयुक्त किशोरलाई बुझाउने नाम शब्दहरू**

| पाठ | किशोरलाई बुझाउने नाम शब्दहरू |
|---|---|
| महिला हिंसा | अभिलेख, उपांशु, छोरा, छोरी, अन्वेषा, संज्ञा, |

*महिला हिंसा* पाठमा प्रयोग भएका पात्रहरू किशोर भएकाले किशोरलाई बुझाउने नाम शब्दहरू ६० प्रतिशत प्रयोग भएका भए पनि वाक्यगत प्रसङ्गले उमेरलाई सङ्केत गरेको छैन । यस पाठमा सबै उमेर समूहलाई बुझाउने नाम शब्द र वाक्यगत प्रसङ्ग नआएकाले पाठ समाजसापेक्ष बन्न सकेको छैन ।

## पेसाका आधारमा नेपाली पाठ्यपुस्तकको विश्लेषण

पाठ्यपुस्तकमा भएका १६ ओटा पाठमा प्रयुक्त पेसा बुझाउने नाम शब्द र केही प्रसङ्गअनुसारका वाक्यलाई तालिकामा क्रमशः प्रस्तुत गरिएको छ :

**तालिका नं. ४.३४ कथा विधामा प्रयुक्त पेसा बुझाउने नाम शब्द र वाक्यगत प्रसङ्ग**

| पाठ | पेसा बुझाउने नाम शब्दहरू | पेसा बुझाउने वाक्यगत प्रसङ्ग |
|---|---|---|
| अनारको बोट | कृषि, पशुपालन | कल्पलताका पति घाँस काट्न वन गएका थिए (पृ. १ : २) । <br> कल्पलताले घरअगाडि बारीमा अनारको बोट देखिन् (पृ. ३: ८) । |
| निद्रा | डाक्टर, मुख्तियार, हजुरिया, सिपाही, पिपा | ...मैले कलकत्ताका ठूला डाक्टरहरूसँग जँचाइसकको छु (पृ. ५९ : अनु. १) । <br> त्यत्रात्यत्रा मुख्तियार, जङ्गीलाठ भइसकेका भाइहरूलाई गाली गरिबक्सिन्छ (पृ. ५९ : अनु. २) । |
| डाक्टर अङ्कल | चिकित्सा, खेती किसानी, ठेक्का, व्यापार, मजदुरी, भरिया | ... उनीहरू साहु र ठेकेदारहरूको भारी बोक्ने, सडक बनाउने कामसमेत गर्थे (पृ.९९ : अनु. ३) । <br> त्यो डाक्टर मङ्गल म नै हुँ (पृ.१०३ : अनु. २८) |
| बन्धनबाट मुक्ति | शिक्षक, इन्जिनियर, डाक्टर, ठेकेदार | डाक्टर बेलायततिर लाग्यो (पृ. १५३ : अनु. २०) । <br> इन्जिनियर इन्दौर फर्क्यो (पृ. १५३ : अनु. २०) । <br> मास्टर चोआलाल ... गणित विषयका शिक्षक थिए (पृ. १५० : अनु. १) । <br> कान्छा तारानाथ ठेकेदार हुन् (पृ. १५० :अनु. ४) । |

*अनारको बोट* पाठमा माथि उल्लेख गरिएका पेसामा आधारित प्रयोजनपरक भेद पाइन्छ । नेपालका ग्रामीण भेगका अधिकांश वयस्क बासिन्दा कृषिकार्यमा संलग्न भएको अवस्थालाई पाठमा प्रस्तुत गरिएका कारण पाठमा सामाजिकता छ । *निद्रा* पाठमा पेसा जनाउने केही नाम शब्द र प्रसङ्गअनुसारका वाक्य प्रयोग भएका छन् । पेसालाई विषय नबनाइएको यस पाठमा प्रयोग भएका पात्रले नेपाली समाजमा विद्यमान विभिन्न पेसाको प्रतिनिधित्व गरेका कारण पाठ समावेशी र समाजसापेक्ष भएको छ । *डाक्टर अङ्कल* पाठमा एउटै पात्रले जीवनका विविध परिस्थितिअनुसार फरकफरक पेसा अँगालेको सन्दर्भमा उल्लिखित पेसाका शब्द परेका छन् । यस पाठले डाक्टरले जीवन बाँच्ने क्रममा देखा परेका विभिन्न सामाजिक अवस्था प्रस्तुत गरेकाले यो पाठ समाजसापेक्ष बनेको छ । समाजका

विभिन्न क्षेत्रलाई प्रतिनिधित्व हुने गरी पेसा अपनाएका पात्रको चयन गरिएको *बन्धनबाट मुक्ति* पाठमा प्रयुक्त पुरुष पात्र मात्र कुनै न कुनै पेसामा संलग्न छन् । महिला कुनै पनि पेसामा संलग्न भएको नदेखाइनु नेपाली समाजको परम्परागत धारणाको प्रस्तुति हो ।

**तालिका नं. ४.३५ निबन्ध विधामा प्रयुक्त पेसा बुझाउने नाम शब्द र वाक्यगत प्रसङ्ग**

| पाठ | पेसा बुझाउने नाम शब्दहरू | पेसा बुझाउने वाक्यगत प्रसङ्ग |
|---|---|---|
| जैविक खेती | कृषि | परम्परागत जैविक वस्तुमा मात्र निर्भर रहेर गरिने खेती जैविक खेती हो (पृ. ८० : अनु. १) ।<br>रासायनिक मलले माटाको अम्लीयपन बढाएर प्राकृतिक बनावट बिगार्छ (पृ. ८१ : अनु. ३) । |

कृषि पेसालाई विषय बनाएको *जैविक खेती* पाठमा नेपाल भौगोलिक विविधता भएको देश हुनाले जैविक खेती गर्नुपर्ने आवश्यकतामा जोड दिइएको छ । कृषि पेसा गर्नेले पनि जैविक मल प्रयोग गरी जैविक खेती गर्नुपर्ने कुरामा जोड दिइएका कारण पाठ पेसागत आधारमा प्रतिनिधिमूलक बनेको छ ।

**तालिका नं. ४.३६ जीवनी विधामा प्रयुक्त पेसा बुझाउने नाम शब्द र वाक्यगत प्रसङ्ग**

| पाठ | पेसा बुझाउने नाम शब्दहरू | पेसा बुझाउने नाम वाक्यगत प्रसङ्ग |
|---|---|---|
| सङ्गीतज्ञ रामशरण दर्नाल | बाजा बजाउने, कलाकार, हवल्दार मेजर, लाहुरे, जागिरे, नोटेसनकार, सहायक सचिव, वाद्य प्रबन्धक, लेखक, त्रि.वि.वि.को सङ्गीत विषय समितिका सदस्य, सल्लाहकार | रामशरणका पिता नेपाली सेनाको ब्यान्डका नाइके थिए (पृ. १८ : २) ।<br>त्यहाँ उनले बाजा बजाउने काम पाए (पृ. २० : अनु. ७) ।<br>कलकत्ताबाट फर्केपछि उनले रेडियो नेपालमा रेकर्डिङको काम पाए (पृ. २० : अनु. ७) |
| आङ सान सुकी | सैन्य (बाबु), प्रशासक (राजदूत आमा), राजनीति (सुकी), पत्रकार | उनी त्यहाँ सेनाको संस्थापक पनि थिए (पृ. १०९ : अनु. २) ।<br>पत्रकार तथा परिवारका सदस्यहरूलाई समेत भेट गर्न दिइएन (पृ. ११३ : अनु.१३) । |

*सङ्गीतज्ञ रामशरण दर्नाल* पाठमा नेपालका गरिब परिवारका दलितले उचित शिक्षा नपाउँदा पुर्ख्यौली पेसा अपनाउन बाध्य हुन्छन् भन्ने आशयको सन्दर्भ प्रस्तुत भएको, पाठमा दलितलाई नायक बनाएर उनीहरूको सन्दर्भ र विषय उठाइएका कारण पाठ समावेशी र समाजसापेक्ष बनेको छ । *आङ साङ सुकी* पाठमा एउटै परिवारका सदस्यले अपनाएका विभिन्न पेसा उल्लेख गरिएको छ । बर्मेली समाजको प्रस्तुति भएको भए पनि यस पाठले नेपाली समाजमा विद्यमान पेसाको प्रतिनिधित्व गरेका कारण पाठ नेपाली समाजसापेक्ष बनेको छ ।

**तालिका नं. ४.३७ वक्तृता विधामा प्रयुक्त पेसा बुझाउने नाम शब्द र वाक्यगत प्रसङ्ग**

| पाठ | पेसा बुझाउने नाम शब्दहरू | पेसा बुझाउने वाक्यगत प्रसङ्ग |
|---|---|---|
| मानव बेचबिखनविरूद्ध हाम्रो दायित्व | प्रधानाध्यापक, शिक्षक, प्रहरी, विद्यार्थी, श्रमिक, दास | विद्यालयका प्रधानाध्यापक मिलन चेपाङले प्रतियोगिताको अध्यक्षता गर्नुभएको छ (पृ. ४०) । कयौँ अपराधी प्रहरीको कारवाहीमा परेका छन् (पृ. ४३ : अनु. १७) । |

वक्तृता विधाको *मानव बेचबिखनविरूद्ध हाम्रो दायित्व* पाठमा पेसा जनाउने विभिन्न नाम शब्दहरू प्रयोग भएका छन् । पेसालाई विषय नबनाए पनि पेसा जनाउने नाम शब्द प्रस्तुत गर्नुपर्ने सन्दर्भमा सबैखाले पेसा जनाउने नाम शब्दको प्रस्तुति भएको छ । यस्ता नाम शब्दले नेपालमा प्रचलित पेसाको प्रतिनिधित्व गरेकोले पाठ समाजसापेक्ष छ ।

**तालिका नं. ४.३८ चिठी विधामा प्रयुक्त पेसा बुझाउने नाम शब्द र वाक्यगत प्रसङ्ग**

| पाठ | पेसा बुझाउने नाम शब्दहरू | पेसा बुझाउने वाक्यगत प्रसङ्ग |
|---|---|---|
| बहिनीलाई चिठी | चिकित्सा | हिजोआज चिकित्सकको परीक्षण र पुर्जाविना औषधि किनेर खाने विकृति बढ्दो छ (पृ. ५३ : अनु. ४) । |

*बहिनीलाई चिठी* पाठमा दिदी श्रद्धाले वीरगञ्ज मेडिकल कलेजबाट चिठी पठाएकी र औषधी विज्ञानसँग सम्बन्धित विषय उठाएकीले ऊ चिकित्सा क्षेत्रमा संलग्न पात्र हो भन्ने

कुरा प्रष्ट हुन्छ । उसले समाजमा विद्यमान पात्रको प्रतिनिधित्व गरेकीले पाठ समाजसापेक्ष बनेको छ ।

**तालिका नं. ४.३९ दैनिकी विधामा प्रयुक्त पेसा बुझाउने नाम शब्द र वाक्यगत प्रसङ्ग**

| पाठ | पेसा बुझाउने नाम शब्दहरू | पेसा बुझाउने वाक्यगत प्रसङ्ग |
|---|---|---|
| मङ्गलाका तीन दिन | शिक्षक, विद्यालय निरीक्षक, प्रशासक, किसान, वैदेशिक रोजगार (दाजु पात्र) | अण्डा कुखुरा ... बेचेर सानोतिनो खर्च हामी आफैँ जुटाउँछौँ (पृ. ९२ : अनु. १६) । मैले नेपालमै आएर कुनै एउटा व्यवसाय गर्ने योजना बनाइसकेको छु (पृ. ९३ : अनु. २२) । |

*मङ्गलाका तीन दिन* पाठमा युवा पुरुष वैदेशिक रोजगारीमा संलग्न भएको देखाइएको छ । महिलाहरू समाजका विभिन्न पेसामा संलग्न छन् । ती शिक्षित र उच्च पदमा काम गर्न सक्षम भएको देखाइएको छ । विभिन्न पेसामा संलग्न व्यक्तिको समाज नै समुन्नत हुन्छ भन्ने देखाएका कारण प्रस्तुत पाठ पेसागत आधारमा समावेशी र समाजका हरेक पेसाको सन्दर्भ उठाएकाले पाठ सामाजिक बनेको छ ।

**तालिका नं. ४.४० निवेदन विधामा प्रयुक्त पेसा बुझाउने नाम शब्द र वाक्यगत प्रसङ्ग**

| पाठ | पेसा बुझाउने नाम शब्द |
|---|---|
| छात्रावास | प्रधानाध्यापक |

*छात्रावास* पाठमा पेसा बुझाउने प्रधानाध्यापक एक मात्र नाम शब्द आएको छ । वाक्यगत प्रसङ्ग आएका छैनन् । निबन्धको अन्त्यमा निवेदक प्रधानाध्यापक नाम शब्द आएकोले शिक्षण पेसा खुल्न आएको छ ।

## जातजातिका आधारमा पाठ्यपुस्तकको विश्लेषण

पाठ्यपुस्तकमा भएका १६ ओटा पाठमा प्रयुक्त जातजाति बुझाउने नाम शब्द र केही प्रसङ्गअनुसारका वाक्यलाई तालिकामा क्रमशः प्रस्तुत गरिएको छ :

**तालिका नं. ४.४१ कथा विधामा प्रयुक्त क्षेत्री जाति बुझाउने नाम शब्द र वाक्यगत प्रसङ्ग**

| पाठ | क्षेत्री जाति बुझाउने नाम शब्दहरू | जातजाति बुझाउने वाक्यगत प्रसङ्ग |
|---|---|---|
| निद्रा | शमशेर, ठकुरी | चन्द्रशमशेर राती राम्ररी निदाउन सक्दैनथे (पृ. ५९ : अनु.१) । तिमी जाजरकोटे ठकुरीकी छोरी, नेपाल दरबारको सबै कुरा थाहा पाएकी छैनौ (पृ.५९ : अनु. ५) । |

*निद्रा* पाठमा क्षेत्री जातिको जीवनचर्या प्रस्तुत गरिएको छ । यस पाठले क्षेत्री जातिको प्रतिनिधित्व गरेको छ । *अनारको बोट, डाक्टर अङ्कल, बन्धनबाट मुक्ति* कथामा जातजाति खुल्ने कुनै पनि नाम शब्द र वाक्यगत प्रसङ्ग आएका छैनन् ।

**तालिका नं. ४.४२ कविता विधामा प्रयुक्त विभिन्न जातजाति बुझाउने नाम शब्दहरू**

| पाठ | जातजाति | जातजाति बुझाउने नाम शब्दहरू |
|---|---|---|
| सय रङ इन्द्रेनी | ब्राह्मण | आर्य |
| | क्षेत्री | खस |
| | जनजाति | मङ्गोल, किराँत, थारू |
| | मधेशी | यादव |

*सय रङ इन्द्रेनी* कवितामा नेपाली पुर्खाको पौरख वर्णन गर्ने क्रममा विभिन्न जातजाति बुझाउने नाम शब्दहरू आएका छन् । पाठमा कुनै जातजाति विशेष क्रियाकलाप र संस्कृतिको प्रस्तुति छैन । जातजातिसँग सम्बन्धित नाम शब्द मात्र उल्लेख गरिएका छन् । ती शब्दले अनेकतामा एकताको भाव प्रस्तुत गरेका छन्, नेपाली समाजको विशेषता झल्काएका छन् । नामोल्लेखका क्रममा सबैलाई उत्तिकै महत्त्वका साथ प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४.४३ जीवनी विधामा प्रयुक्त दलित जाति बुझाउने नाम शब्द र वाक्यगत प्रसङ्ग**

| पाठ | दलित जाति बुझाउने नाम शब्दहरू | दलित जाति बुझाउने वाक्यगत प्रसङ्ग |
|---|---|---|
| सङ्गीतज्ञ रामशरण दर्नाल | दर्नाल | दलित परिवारमा जन्मिएका कारण उनले धेरै अपमान र दुःख खपेका थिए (पृ. २३ : अनु. १४)।<br>उनका पिता सत्यकुमार दलितले पशुपतिमा प्रवेश पाउनुपर्छ भन्ने आन्दोलनका अभियन्ता थिए (पृ. २३ : अनु. १४)।<br>रामशरणले जातीय मुक्ति अभियानअन्तर्गत आफ्ना समुदायका मानिसलाई सङ्गठित गर्ने काम गरेका थिए (पृ. २३ : अनु. १४)। |

*सङ्गीतज्ञ रामशरण दर्नाल* पाठमा दलित जातमा जन्मिएका रामशरण दर्नालको जीवनी प्रस्तुत गर्ने सन्दर्भमा दलित भएकै कारण उच्च जातिबाट दमन र अवहेलना सहनुपरेको अवस्था उल्लेख गरिएको छ । दलित मुक्तिको अभियान नेपाली समाजमा अलि पहिलेदेखि नै सुरु भएको र हाल कानुनतः जातीय भेदभाव नरहेको साथै दलितप्रति सामाजिक दृष्टिकोण बदलिँदै गएको सामाजिक अवस्थालाई देखाएका कारण पाठ जातिगत आधारमा सामाजिक र समावेशी बनेको छ ।

**तालिका नं. ४.४४ वक्तृता विधामा प्रयुक्त ब्राह्मण जाति बुझाउने नाम शब्द र वाक्यगत प्रसङ्ग**

| पाठ | ब्राह्मण जाति बुझाउने नाम शब्दहरू | ब्राह्मण जाति बुझाउने वाक्यगत प्रसङ्ग |
|---|---|---|
| मानव बेचबिखनविरूद्ध हाम्रो दायित्व | सापकोटा, पौडेल | ...वक्ता अयोध्या पौडेललाई आफ्ना अभिमत राख्नुहुन आमन्त्रण गर्छु (पृ. ४२ : अनु. ९)। |

*मानव बेचबिखन विरूद्ध हाम्रो दायित्व* पाठमा ब्राह्मण जातिको प्रतिनिधित्व हुने गरी वक्ताको चयन गरिएको छ । वक्तृत्वकला प्रतियोगितामा वक्ताको रूपमा ब्राह्मण जातिका पात्रको उपस्थितिले पाठलाई समावेशी बनाएको छ । पात्र प्रयोगमा विभिन्न

जातजातिको प्रतिनिधित्व भए पनि जातजातिको पक्ष वा विपक्षमा भने कुनैकुनै तर्क प्रस्तुत गरिएको छैन ।

**तालिका नं. ४.४५ वक्तृता विधामा प्रयुक्त जनजाति बुझाउने नाम शब्द र वाक्यगत प्रसङ्ग**

| पाठ | जनजाति बुझाउने नाम शब्दहरू | जनजाति बुझाउने वाक्यगत प्रसङ्ग |
|---|---|---|
| मानव बेचबिखनविरूद्ध हाम्रो दायित्व | श्रेष्ठ, शेरचन, तामाङ, चेपाङ | प्रमुख अतिथिका आसनमा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष जनक श्रेष्ठ हुनुहुन्छ (पृ.४०) । अब साथी मनोज तामाङलाई...अनुरोध गर्दछु (पृ.४४ : अनु.१९) । |

*मानव बेचबिखनविरूद्ध हाम्रो दायित्व* पाठमा विभिन्न जनजातिको प्रतिनिधित्व हुने गरी वक्ताको चयन गरिएको छ । विभिन्न जनजातिको प्रतिनिधित्व गर्ने पात्रहरू फरकफरक भूमिकामा देखा परेका छन् । पाठमा पात्र प्रयोगमा विभिन्नता भए पनि जातजातिको सम्बन्धमा भने कुनै कुरा उल्लेख गरिएको छैन ।

**तालिका नं. ४.४६ वक्तृता विधामा प्रयुक्त दलित जाति बुझाउने नाम शब्द र वाक्यगत प्रसङ्ग**

| पाठ | दलित जाति बुझाउने नाम शब्दहरू | दलित जाति बुझाउने वाक्यगत प्रसङ्ग |
|---|---|---|
| मानव बेचबिखनविरूद्ध हाम्रो दायित्व | मिजार | कक्षा ९ का विद्यार्थी सुमन मिजार उद्घोषण गर्दै हुनुहुन्छ (पृ. ४०) । |

*मानव बेचबिखनविरूद्ध हाम्रो दायित्व* पाठमा दलित जातिको प्रतिनिधित्व हुने गरी पात्रचयन गरिएको छ । दलित प्रतिनिधित्व गर्ने पात्रहरू विभिन्न भूमिकामा देखा परेका छन् । पात्र प्रयोगमा विभिन्न जातजातिको प्रतिनिधित्व भए पनि जातजातिको सम्बन्धमा भने कुनै कुरा उल्लेख गरिएको छैन ।

**तालिका नं. ४.४७ दैनिकी विधामा प्रयुक्त ब्राह्मण र क्षेत्री बुझाउने नाम शब्द र वाक्यगत प्रसङ्ग**

| पाठ | जातजाति | ब्राह्मण र क्षेत्री जाति बुझाउने नाम शब्दहरू | जातजाति बुझाउने वाक्यगत प्रसङ्ग |
|---|---|---|---|
| मङ्गलाका तीन दिन | ब्राह्मण | सुवेदी | गणित शिक्षक चित्र सुवेदीले मीठो कविता सुनाउनुभयो (पृ. ८८ : अनु. ४) । |
| | क्षेत्री | बम | प्रमुख अतिथि...रेणुका बमले पुरस्कार तथा प्रमाणपत्र वितरण गर्नुभयो (पृ. ८९: अनु. ५) । |

दैनिकी विधाको *मङ्गलाका तीन दिन* पाठमा अतिरिक्त क्रियाकलापको कार्यक्रममा ब्राह्मण र क्षेत्री जातिका विद्यार्थीले आआफ्नो जाति र क्षेत्रमा प्रचलित लोकसंस्कृतिको प्रस्तुति गरे भन्ने सन्दर्भ आएको छ । नेपालमा रहेका सबैजसो प्रायः जातजातिको प्रतिनिधित्व हुने गरी पात्र राखिएका कारण पाठ समावेशी र सामाजिक छ ।

**तालिका नं. ४.४८ दैनिकी विधामा प्रयुक्त जनजाति बुझाउने नाम शब्द र वाक्यगत प्रसङ्ग**

| पाठ | जनजाति बुझाउने नाम शब्दहरू | जनजाति बुझाउने नाम शब्द र वाक्यगत प्रसङ्ग |
|---|---|---|
| मङ्गलाका तीन दिन | तामाङ, गुरुङ, राई, सुब्बा | शिक्षकहरू शिवराज राई र परशुराम सुब्बाले हाकपारे गाएर रमाइलो गर्नुभयो (पृ.८९ : अनु. ४) ।<br>मङ्गला तामाङ खोटाङ जिल्लाको नेर्पा गाउँमा बस्छिन् ( पृ.८८ : अनु.१) ।<br>प्रधानाध्यापक रवि राईले साहित्य ... बारे प्रकाश पार्नुभयो (पृ.८९ : अनु. ५) । |

दैनिकी विधाको *मङ्गलाका तीन दिन* पाठमा अतिरिक्त क्रियाकलापको कार्यक्रममा विभिन्न क्षेत्र र जनजातिका विद्यार्थीले आआफ्नो जाति र क्षेत्रमा प्रचलित लोकसंस्कृतिको प्रस्तुति गरे भन्ने सन्दर्भ आएको छ । नेपालमा रहेका प्रायः सबैजसो जातजातिको प्रतिनिधित्व हुने गरी पात्र राखिएका कारण पाठ समावेशी र सामाजिक छ ।

## धर्मसंस्कृतिका आधारमा पाठ्यपुस्तकको विश्लेषण

पाठ्यपुस्तकमा भएका १६ ओटा पाठमा प्रयुक्त धर्मसंस्कृति बुझाउने नाम शब्द र केही प्रसङ्गअनुसारका वाक्यलाई तालिकामा क्रमशः प्रस्तुत गरिएको छ :

**तालिका नं. ४.४९ कथा विधामा प्रयुक्त हिन्दु धर्मसंस्कृति बुझाउने शब्द र वाक्यगत प्रसङ्ग**

| पाठ | हिन्दु धर्मसंस्कृति बुझाउने नाम शब्दहरू | हिन्दु धर्मसंस्कृति बुझाउने वाक्यगत प्रसङ्ग |
|---|---|---|
| अनारको बोट | किरिया, दागबत्ती, वार्षिकी, | बाबुको मृत्युपछि छोरो किरियामा बस्यो । (पृ. २ : ३) ।<br>गाउँलेहरूले उनको लासलाई घाटमा लगे पृ. ५ : १४) ।<br>...सबै गाउँलेहरू मिलेर कल्पलतालाई दागबत्ती दिए (पृ. ५: १४) ।<br>सबै मलामीहरू... घर फर्किए (पृ. ५ : १४) । |
| निद्रा | दान, दक्षिणा, पाठपूजा, यमदूत, नरक, पशुपतिनाथको ढुकुटी | दानदक्षिणा र पाठपूजा त गरेका छौँ तर त्यसले सबै कुराको प्रायश्चित गर्ला जस्तो लाग्दैन (पृ.६२ : अनु. १९)। |
| बन्धनबाट मुक्ति | किरियापुत्री, शुद्धशान्ति, पञ्चदान, कुशासन, एकादशी, मुण्डन, वर्तमान (व्रतबन्ध), आमाको श्राद्ध, दसैँ, सन्यास | बूढा स्वयम्ले श्रीमतीको किरिया गरे (पृ. १५० : अनु. ३) ।<br>बूढीको मृत शरीर जलाउने समय बित्दै थियो (पृ. १५० : अनु. २)<br>बूढाको भित्री मनमा महापात्रलाई राम्रोसँग पञ्चदान कर्म गरौँ भन्ने थियो (पृ. १५१ : अनु. ५) ।<br>... उनी सिधै देवघाट गएर सन्यास वरण गरे र सन्यासी परिधान ग्रहण गरे (पृ. १५३ : अनु. २५) । |

*अनारको बोट* मूल पाठमा हिन्दु धर्मका क्रियाकलाप र मान्यतालाई विषयका रूपमा प्रस्तुत गरिएको छ । यद्यपि कुनै एक धर्मको मात्र पक्षपोषण गरिएको छैन । यस आधारमा पाठ धर्म निरपेक्ष छ । *निद्रामा* राणा प्रधानमन्त्री चन्द्रशमशेरले आफ्ना पापको प्रायश्चित गर्न हिन्दु धर्मले निर्देश गरेका क्रियाकलाप गरेको प्रसङ्ग उल्लेख गरिएको छ । यस पाठमा प्रस्तुत हिन्दु धर्मसँग सम्बन्धित प्रसङ्गले हिन्दु धर्मको पक्षपोषण नगरेकाले पाठ धर्म निरपेक्ष छ । *बन्धनबाट मुक्ति* पाठमा युवा पुस्तामा धार्मिक आस्था घट्दै गएको र अघिल्लो पुस्ताका धार्मिक आस्थालाई पनि सकेसम्म बेवास्ता गर्ने वर्तमान सामाजिक प्रवृत्ति देखाइएको छ । हिन्दु धर्मका क्रियाकलाप प्रस्तुत गर्दै वर्तमान नेपाली समाजका र प्राविधिक शिक्षा पाएका युवा युरोप अमेरिका जस्ता सम्पन्न देशमा पलायन हुने र बुढापाका मात्र नेपालमा बस्ने गरेको सामाजिक अवस्थालाई उल्लेख गरिएको छ ।

**तालिका नं. ४.५० कथा विधामा प्रयुक्त बौद्ध धर्मसंस्कृति बुझाउने शब्द र वाक्यगत प्रसङ्ग**

| पाठ | बौद्ध धर्मसंस्कृति बुझाउने नाम शब्दहरू | बौद्ध धर्मसंस्कृति बुझाउने वाक्यगत प्रसङ्ग |
|---|---|---|
| अनारको बोट | ब्रह्मचर्य | हिंसा नगर्नू, असत्य नबोल्नू, कसैको सम्पत्ति चोरी नगर्नू, ब्रह्मचर्य व्रतको पालना गर्नू, आवश्यकताभन्दा बढी धन सङ्ग्रह नगर्नू,' गौतम बुद्धका यी प्रमुख उपदेश हुन् (पृ. ९) । |

*अनारको बोट* पाठको अभ्यास खण्डको बोध अनुच्छेदमा बुद्धका उपदेश प्रस्तुत गरिएको छ । यद्यपि कुनै एक धर्मको मात्र पक्षपोषण भने गरिएको छैन । यस आधारमा पाठ धर्म निरपेक्ष छ ।

**तालिका नं.४. ५१ जीवनी विधामा प्रयुक्त हिन्दु धर्मसंस्कृति बुझाउने नाम शब्द र वाक्यगत प्रसङ्ग**

| पाठ | हिन्दु धर्मसंस्कृति बुझाउने नाम शब्दहरू | हिन्दु धर्मसंस्कृति बुझाउने वाक्यगत प्रसङ्ग |
|---|---|---|
| सङ्गीतज्ञ रामशरण दर्नाल | विवाह, सरस्वती वन्दना, रामायण, महाभारत, गीता, चण्डी, दसैं, श्राद्ध | नेपाली समाजमा सामान्यतः सरस्वतीको वन्दना गराएपछि शिक्षारम्भ गराइन्छ (पृ.१९ : अनु. ४) । |

*सङ्गीतज्ञ रामशरण दर्नाल* पाठमा उनको पारिवारिक पृष्ठभूमि हिन्दु धर्मको भएकाले उनले गरेका हिन्दु धर्मसित सम्बन्धित क्रियाकलाप प्रस्तुत गरिएको छ । यद्यपि कुनै धर्म विशेषका क्रियाकलापलाई पक्षपोषण गर्ने गरी कुनै कुरा प्रस्तुत नभएकाले पाठ धर्म निरपेक्ष बनेको छ ।

**तालिका नं.४. ५२ जीवनी विधामा प्रयुक्त बौद्ध धर्मसंस्कृति बुझाउने नाम शब्द र वाक्यगत प्रसङ्ग**

| पाठ | बौद्ध धर्मसंस्कृति बुझाउने नाम शब्दहरू | बौद्ध धर्मसंस्कृति बुझाउने वाक्यगत प्रसङ्ग |
|---|---|---|
| आङ सान सुकी | बुद्धको अहिंसावादी सिद्धान्तको अवलम्बन, बौद्ध धर्म र बौद्ध दर्शनका ज्ञाता, | उनी त्यसबेलादेखि नै भगवान् बुद्धको प्रार्थना गर्थिन् ( पृ. ११० : अनु. ३) ।<br>उनले आफ्ना छोराहरूलाई ... बौद्ध धर्म तथा परम्परा अवलम्बन गर्न ... प्रेरित गरिन् (पृ. १११ : अनु. ६) । |

*आङ साङ सुकी* पाठमा सुकी र उनको परिवार बौद्ध धर्मप्रति आस्थावान् भएको कुरा प्रस्तुत गरिएको छ । बौद्ध धर्मको प्रसङ्ग आए पनि धार्मिक पक्ष विपक्ष गर्ने खालका प्रसङ्ग र उद्धरण पाठमा नआएका कारण पाठ धर्म निरपेक्ष छ ।

**तालिका नं. ४. ५३ दैनिकी विधामा प्रयुक्त संस्कृति बुझाउने नाम शब्द र वाक्यगत प्रसङ्ग**

| पाठ | संस्कृति बुझाउने नाम शब्दहरू | संस्कृति बुझाउने वाक्यगत प्रसङ्ग |
|---|---|---|
| मङ्गलाका तीन दिन | हाकपारे, सेलो, देउडा, घाटु, सोरठी, रोधी, तयामचा, लाखेनाच, मैथिली गीत, | शिक्षकहरू शिव राई र परशुराम सुब्बाले हाकपारे गाएर रमाइलो गर्नुभयो (पृ.८९ : अनु.४) ।<br>आङदाबा सर र डोल्मा मिसको सेलोले सबैलाई नचायो (पृ.८९ : अनु.४) । |

दैनिकी विधाको *मङ्गलाका तीन दिन* पाठमा धर्मका विषयमा प्रसङ्ग उठाइएको छैन तर विविध जातजातिमा र क्षेत्रमा प्रचलित लोकसंस्कृतिलाई जनाउने प्रसङ्ग उठाइएको छ । यसर्थ नेपाली समाजको विविधतालाई यस पाठले राम्ररी उजागर गरेकाले धर्मसंस्कृतिका आधारमा यस पाठ समावेशी र सामाजिक बनेको छ ।

**तालिका नं. ४. ५४ संवाद विधामा प्रयुक्त धर्मसंस्कृति बुझाउने शब्दहरू**

| पाठ | संस्कृति बुझाउने शब्द |
|---|---|
| महिला हिंसा | छाउपडी, देउकी, कुमारी |

*महिला हिंसा* पाठमा नेपाली समाजमा महिला हिंसालाई बढावा दिने संस्कृति विद्यमान भएको विषय प्रस्तुत भएको छ । नेपाली समाजमा प्रचलित विभिन्न प्रथासम्बन्धी सन्दर्भले पाठ सामाजिक बनेको छ ।

## वर्गीयताका आधारमा पाठ्यपुस्तकको विश्लेषण

पाठ्यपुस्तकमा भएका १६ ओटा पाठमा प्रयुक्त वर्गीयता बुझाउने नाम शब्द र केही प्रसङ्गअनुसारका वाक्यलाई तालिकामा कमशः प्रस्तुत गरिएको छ :

**तालिका नं. ४.५५ कथा विधामा प्रयुक्त उच्च वर्ग बुझाउने शब्द र वाक्यगत प्रसङ्ग**

| पाठ | उच्च वर्ग बुझाउने शब्दहरू | उच्च वर्ग बुझाउने वाक्यगत प्रसङ्ग |
|---|---|---|
| निद्रा | मालिक, बडामहाराज, बडामहारानी | श्री ३ बडामहारानीका रूपमा दरबारमा भित्रिएको केही दिनमै बालकुमारी देवीले आफ्ना पति महाराज चन्द्रशमशेरमा गहिरो बेचैनी र छटपटाहट देखिन् (पृ.५९ : अनु. १) । |
| डाक्टर अङ्कल | डाक्टर | ...उनले भने, "त्यो डाक्टर अङ्कल म नै हुँ (पृ. १०३ अनु. २८) ।" |
| बन्धनबाट मुक्ति | डाक्टर, इन्जिनियर | ...समाचार सुनेर जेठा डा. सूर्यनाथ बेलायतबाट सपरिवार आयो पृ. १५० : अनु. ४) ।<br>माहिलो इन्जिनियर चन्द्रनाथ पनि आइपुग्यो (पृ. १५० : अनु. ४) । |

*निद्रा* पाठमा उच्च वर्गीय राणा परिवारको जीवनशैलीलाई विषय बनाइएको छ । *डाक्टर अङ्कल* पाठमा डाक्टरको बाल्यकाल दुःखमा बितेको देखाइएको भए पनि डाक्टर भएपछि उच्च वर्गीय जीवनशैली अपनाएको अनुमान लगाउन सकिन्छ । *बन्धनबाट मुक्ति* पाठका डाक्टर र इन्जिनियरले आफ्नी आमाको शुद्धशान्तिको दिन बाबुको खर्चमा गरेको तडकभडकले उच्च वर्गीय जीवनशैलीलाई देखाएको छ ।

**तालिका नं. ४.५६ कथा विधामा प्रयुक्त मध्यम वर्ग बुझाउने शब्दहरू**

| पाठ | मध्यम वर्ग बुझाउने शब्दहरू |
|---|---|
| डाक्टर अङ्कल | साहु, व्यापारी, ठेकेदार |

*अनारको बोट* कथामा प्रस्तुत जीवनशैली मध्यम वर्गीय छ तर शब्द र वाक्यगत सन्दर्भ उल्लेख छैन । *डाक्टर अङ्कल* कथामा मध्यम वर्गीय जीवनशैलीका क्रियाकलापहरू कतै उल्लेख छैनन् । निम्न वर्गका मानिसहरूको जीवनशैली वर्णन गर्ने क्रममा मध्यम वर्ग बुझाउने माथि उल्लिखित शब्दहरू आएका हुन् । *बन्धनबाट मुक्ति* कथाका चोआलालको दैनिकीले मध्यम वर्गीय जीवनशैलीको प्रतिनिधित्व गरेको छ तर त्यसलाई उजागर गर्ने वाक्यगत प्रसङ्ग उल्लेख छैन ।

**तालिका नं. ४.५७ कथा विधामा प्रयुक्त निम्न वर्ग बुझाउने शब्द र वाक्यगत प्रसङ्ग**

| पाठ | निम्न वर्ग बुझाउने शब्दहरू | निम्न वर्ग बुझाउने वाक्यगत प्रसङ्ग |
|---|---|---|
| निद्रा | दास | ... अब दासप्रथा त हटाउनैपर्छ तर... (पृ. ६२ : अनु. २३) । ..."मालिक, मलाई बस्, एक पेट अन्न चाहिएको छ, जसले पेट भर्न सकूँ (पृ. ६५) । |
| डाक्टर अङ्कल | एक डल्लो ढिँडो, गरिब किसान परिवार | सीतापुर गाउँमा एउटा अति नै गरिब किसान परिवार थियो (पृ. १००: अनु. ४) । गरिबीका कारणले गर्दा उनीहरू ... साहु र ठेकेदारहरूको भारी बोक्ने, सडक बनाउने कामसमेत गर्दथे (पृ. ९९ : अनु. ३) । अघिल्लो दिनको एक डल्लो ढिँडो र गुद्रुकको झोल खायो (पृ. १०१: अनु. १०) । |

*निद्रा* पाठमा उच्च वर्गीय व्यक्तिको जीवनशैलीलाई विषय बनाइएको भए पनि दास प्रथा उन्मूलनको विषयले उच्च वर्ग र निम्न वर्गको जीवनशैलीलाई सङ्केत गरेको छ । प्रस्तुत पाठको बोध अभ्यास खण्डमा निम्न वर्गीय व्यक्तिलाई उच्च वर्गको व्यक्तिले हेपेको प्रसङ्ग प्रस्तुत गरेर निम्न वर्गीय दैनन्दिनी देखाइएको छ । *डाक्टर अङ्कल* पाठमा डाक्टरको बाल्यकालीन दैनिकीले निम्न वर्गीय जीवनशैलीलाई प्रस्तुत गरेको छ ।

**तालिका नं. ४.५८ कविता विधामा प्रयुक्त मध्यम वर्ग बुझाउने नाम शब्द र वाक्यगत प्रसङ्ग**

| पाठ | मध्यम वर्ग बुझाउने नाम शब्द |
|---|---|
| यात्रा सुरु गरौँ | किसान |

*यात्रा सुरु गरौँ* पाठमा वर्गलाई स्पष्ट चिनाउने खालका प्रसङ्ग छैनन् तर एक स्थानमा मध्यम वर्गलाई जनाउने 'किसान' शब्दको प्रयोग भएको छ ।

**तालिका नं. ४.५९ जीवनी विधामा प्रयुक्त निम्न वर्ग बुझाउने शब्द र वाक्यगत प्रसङ्ग**

| पाठ | निम्न वर्ग बुझाउने शब्दहरू | निम्न वर्ग बुझाउने वाक्यगत प्रसङ्ग |
|---|---|---|
| सङ्गीतज्ञ रामशरण | निम्न वर्गीय परिवार | काठमाडौँको ... निम्न वर्गीय परिवारमा उनको जन्म भएको हो (पृ.१८ : अनु. १)<br>उनले नयाँ घर बनाउने कुरा त परै जाओस् आर्थिक अभावले गर्दा त्यसको मर्मतसमेत गर्न सकेका थिएनन् (पृ. २० : अनु. ८)। |

*सङ्गीतज्ञ रामशरण दर्नाल*को जीवनीले निम्नवर्गीय व्यक्तिका बाध्यता र विवशतालाई देखाएको छ। उच्च वर्गले निम्न वर्गलाई गर्ने अवहेलना र दमनबारे प्रस्तुत गरी त्यसविरूद्ध आवाजसमेत उठाएको देखाएकाले वर्गीय चित्रणमा पाठ सफल छ।

**तालिका नं. ४.६० जीवनी विधामा प्रयुक्त उच्च वर्ग बुझाउने शब्द र वाक्यगत प्रसङ्ग**

| पाठ | उच्च वर्ग बुझाउने शब्दहरू | उच्च वर्ग बुझाउने वाक्यगत प्रसङ्ग |
|---|---|---|
| आङ सान सुकी | सेना प्रमुख, राजदूत | उनकी आमा दा खिन की चाहिँ सन् १९६० मा भारत र नेपालको राजदूत भएकी थिइन् (पृ.१०९ : अनु.२)। |

*आङ साङ सुकी* पाठले आङ साङ सुकीको उच्च वर्गीय पारिवारिक अवस्थालाई मात्र उजागर गरेको छ।

**तालिका नं. ४.६१ वक्तृत्व विधामा प्रयुक्त उच्च वर्ग बुझाउने शब्द र वाक्यगत प्रसङ्ग**

| पाठ | उच्च वर्ग बुझाउने शब्दहरू | उच्च वर्ग बुझाउने वाक्यगत प्रसङ्ग |
|---|---|---|
| मानव बेचबिखनविरूद्ध हाम्रो दायित्व | धनी, धनसँग खेल्नु | धनीहरू भने धनसँग खेलिरहेका छन् (पृ. ५०)। |

*मानव बेचबिखनविरूद्ध हाम्रो दायित्व* पाठमा अशिक्षित, भेदभावपूर्ण सामाजिक संरचना र गरिबीको मारमा परेका व्यक्ति बेचबिखनको जोखिममा पर्ने, गरिब भएकाले

वेश्यावृत्ति अपनाउन बाध्य हुनुपर्ने, श्रम शोषित हुने, मजदुर बन्नुपर्ने जस्ता कुरा उल्लेख गर्ने क्रममा उच्च वर्गको विषय उठाइएको छ ।

**तालिका नं. ४.६२ वक्तृत्व विधामा प्रयुक्त निम्न वर्ग बुझाउने शब्द र वाक्यगत प्रसङ्ग**

| पाठ | निम्न वर्ग बुझाउने शब्दहरू | निम्न वर्ग बुझाउने वाक्यगत प्रसङ्ग |
|---|---|---|
| मानव बेचबिखनविरूद्ध हाम्रो दायित्व | आर्थिक विपन्नता, गरिबी | गरिब मानिसहरू गरिबीसँग जुधिरहका छन् (पृ. ५०) । |

*मानव बेचबिखनविरूद्ध हाम्रो दायित्व* पाठमा अशिक्षित, भेदभावपूर्ण सामाजिक संरचना र गरिबीको मारमा परेका व्यक्ति बेचबिखनको जोखिममा पर्ने, गरिब भएकाले वेश्यावृत्ति अपनाउन बाध्य हुनुपर्ने, श्रम शोषित हुने, मजदुर बन्नुपर्ने जस्ता कुरा उल्लेख गरी वर्गीयताको समस्यालाई मूल रूपमा उठाइएको छ । यसर्थ वर्गीयताको चित्रणमा प्रस्तुत पाठ सफल छ ।

**तालिका नं. ४.६३ दैनिकी विधामा प्रयुक्त मध्यम वर्ग बुझाउने नाम शब्द र वाक्यगत प्रसङ्ग**

| पाठ | मध्यम वर्ग बुझाउने नाम शब्दहरू | मध्यम वर्ग बुझाउने वाक्यगत प्रसङ्ग |
|---|---|---|
| मङ्गलाका तीन दिन | किसान | खाने अन्न हामी आफैं उब्जाउँछौं (पृ. ९२ : अनु. १६) ।<br>हामीले कुखुरा, बाख्रा र भैंसी पालेका छौं ( पृ. ९२ः अनु. १६) ।<br>सामान बेचेर हामीले कापी, कलम, चिनी, मसला र रिचार्ज कार्डहरू किन्यौं (पृ. ९२ : अनु. १६) । |

*मङ्गलाका तीन दिन* पाठमा मध्यम वर्गीय परिवारको आर्थिक स्थिति, रोजगारी वा अर्थोपार्जनका विविध कियाकलाप उल्लेख गरिएको छ । पाठमा कुनै वर्गले शोषण गरेको वा शोषित भएको घटना उल्लेख गरिएको छैन ।

## भौगोलिक परिवेशका आधारमा पाठ्यपुस्तकको विश्लेषण

पाठ्यपुस्तकमा भएका १६ ओटा पाठमा प्रयुक्त भौगोलिक परिवेश बुझाउने नाम शब्द र केही प्रसङ्गअनुसारका वाक्यलाई तालिकामा क्रमशः प्रस्तुत गरिएको छ :

**तालिका नं. ४.६४ कथा विधामा प्रयुक्त पहाडी परिवेश बुझाउने नाम शब्द र वाक्यगत प्रसङ्ग**

| पाठ | पहाडी परिवेश बुझाउने शब्दहरू | पहाडी परिवेश बुझाउने वाक्यगत प्रसङ्ग |
|---|---|---|
| अनारको बोट | गाउँ, छहरा, खोलो, बारी | एउटा सुन्दर गाउँ ...सबै खाले प्रदूषणबाट समेत मुक्त थियो (पृ. १ : अनु. १) । यातायातको सुविधा नहुनाले एक ठाउँबाट अर्को ठाउँसम्म आउनजान भने पैदल हिँड्नु पर्थ्यो (पृ. १ : अनु. १) । |
| डाक्टर अङ्कल | अगेनो, भीर, मझेरी, जिरी, दोलखा | मानिसहरू घरघरमा अगेनो ...मा आगो तापेर वरिपरि बसिरहेका थिए (पृ. ९९ : अनु. १) । ...भारी बोकेर आफ्नो गाउँ फर्कँदा भीरबाट लडेर आमाचाहिँको मृत्यु भयो (पृ. १०० : अनु. ४) । नेपालको स्विट्जरल्यान्ड मानिएको जिरी, एसियाको समयमापक मानिएको गौरीशङ्कर हिमाल आदिले गर्दा दोलखाको प्रसिद्धि दिनप्रतिदिन बढिरहेको छ (पृ. १०४) |
| निद्रा | जाजरकोट | तिमी जाजरकोटे ठकुरीकी छोरी, नेपाल दरबारको सबै कुरा थाहा पाएकी छैनौ (पृ. ५९ : अनु. ५) । |

*अनारको बोट* पाठमा ग्रामीण परिवेशको चित्रण छ । भीरमा घाँस काट्न जाँदा लडेर ज्यान जानु, दुःखसुखमा छिमेकी जम्मा हुनुले नेपालको पहाडी भूभागको चित्रण गरेको छ । *डाक्टर अङ्कल* मूल पाठमा नेपालको पश्चिम पहाडको सीतापुर गाउँमा किसान परिवारमा जन्मेका डाक्टरले शिक्षा लिने र जीवन जिउने क्रममा आएका ठाउँहरूले नेपालको भौगोलिक परिवेशलाई प्रस्तुत गरेका छन् । प्रस्तुत पाठको बोध खण्डमा उल्लेख गरिएको दोलखा र जिरीको प्रसङ्गले पहाडी परिवेशलाई चिनाएको छ । *निद्रा* पाठमा महारानीको जन्मस्थान उल्लेख गर्ने क्रममा पहाडी परिवेश प्रस्तुत भएको छ ।

**तालिका नं. ४.६५ कथा विधामा प्रयुक्त तराईको परिवेश बुझाउने नाम शब्द र वाक्यगत प्रसङ्ग**

| पाठ | तराईको परिवेश बुझाउने नाम शब्दहरू | तराईको परिवेश बुझाउने वाक्यगत प्रसङ्ग |
|---|---|---|
| डाक्टर अङ्कल | तराई | ... ऊ तराईमा रहेको अञ्चल सदरमुकामसम्म पुग्यो (पृ.१०१ : अनु. १०१) । |
| बन्धनबाट मुक्ति | बर्दिबास, नारायणघाट, देवघाट | मास्टर चोआलाल बर्दिबास हाइस्कुलका गणित विषयका शिक्षक थिए (पृ. १५० अनु. १) ।<br>नारायणघाट आई कुनै बेला श्रीमतीले राख्न दिएको त्यही शिरफूल बेचे (पृ. १५३ : अनु. २५) । |

*डाक्टर अङ्कल* पाठमा डाक्टरले शिक्षा लिने र जीवन जिउने क्रममा आएका ठाउँहरूले नेपालको तराईको भूगोलको प्रतिनिधित्व गरेका छन् । *बन्धनबाट मुक्ति* पाठमा नेपालको तराई क्षेत्रमा पर्ने स्थानका नाम शब्द प्रयोग भएका छन् । कथाको मूख्य पात्र चोआलालले जीवनको उत्तरार्द्ध समय देवघाटमा बिताएको प्रसङ्ग उल्लेख गर्ने कममा वाक्यगत प्रसङ्ग आएका छन् ।

**तालिका नं. ४.६६ कथा विधामा उपत्यकाको परिवेश बुझाउने नाम शब्द र वाक्यगत प्रसङ्ग**

| पाठ | उपत्यकाको परिवेश बुझाउने नाम शब्दहरू | उपत्यकाको परिवेश बुझाउने वाक्यगत प्रसङ्ग |
|---|---|---|
| निद्रा | नेपाल दरबार | एकदिन चन्द्रशमशेरले त्रिभुवन चन्द्र ( त्रि चन्द्र) कलेजको उद्घाटन गरे (पृ. ६० : अनु. ८) । |
| डाक्टर अङ्कल | राजधानी, काठमाडौँ | ... ऊ राजधानीमा गएर विज्ञान क्याम्पसमा भर्ना भयो (पृ. १०२ : अनु. १८) ।<br>काठमाडौँमा उसले धेरै दुःख गऱ्यो (पृ.१०२ : अनु. १८) । |

*निद्रा* पाठका मुख्य पात्र चन्द्रशमशेरको जन्मथलो र कर्मथलो काठमाडौँ उपत्यका हो । उनले आफ्नो जीवनको अभिकांश समय उपत्यकामा नै व्यतीत गरे । उनको जीवनका महत्त्वपूर्ण कियाकलापहरू पनि यही सञ्चालन गरे । त्यसैले यो पाठ उपत्यकाको परिवेश प्रस्तुत गर्न सक्षम छ । *डाक्टर अङ्कल* पाठमा डाक्टर पात्रले जिल्ला सदरमुकाम, अञ्चल सदरमुकाम हुँदै उपत्यका पुगी शिक्षा आर्जन गरेको प्रसङ्ग उल्लेख गरिएको छ ।

**तालिका नं. ४.६७ कथा विधामा अन्तर्राष्ट्रिय परिवेश बुझाउने नाम शब्द र वाक्यगत प्रसङ्ग**

| पाठ | अन्तर्राष्ट्रिय परिवेश बुझाउने नाम शब्दहरू | अन्तर्राष्ट्रिय परिवेश बुझाउने वाक्यगत प्रसङ्ग |
|---|---|---|
| निद्रा | कलकत्ता, लन्डन, भारत | डाक्टरले निको पार्ने रोग भए त कलकत्ताबाट होइन, लन्डनबाट नै झिकाउन सकिन्छ नि (पृ. ६१ : अनु. १५) । उनले छिमेकी भारतमा रहेको अङ्ग्रेज सरकारसँग राम्रो सम्बन्ध बनाए (पृ. ६१ : अनु. १३) । |
| बन्धनबाट मुक्ति | बेलायत, इन्दौर, | डाक्टर बेलायततिर लाग्यो (पृ. १५३ : अनु. २०) । इन्जिनियर इन्दौर फर्क्यो (पृ. १५३ : अनु. २०) । |

*निद्रा* पाठमा चन्द्रशमशेरले आफू बिरामी हुँदा कलकत्ता र लन्डनबाट पनि डाक्टर बोलाउन सकिने प्रसङ्गमा अन्तर्राष्ट्रिय परिवेश आएको छ । *बन्धनबाट मुक्ति* पाठमा चोआलालका जेठो र माहिलो छोराका परिवार विदेश पलायन भएका छन् । उनीहरू रोजगार भएको स्थान उल्लेख गर्ने क्रममा  पाठमा बेलायत र इन्दौर जस्ता नेपालबाहिरका स्थान पनि आएका छन् ।

**तालिका नं. ४.६८ कविता विधामा प्रयुक्त विविध परिवेश बुझाउने नाम शब्दहरू**

| पाठ | विविध परिवेश बुझाउने नाम शब्दहरू |
|---|---|
| यात्रा सुरू गरौँ | डोटी, डडेल्धुरा, तराई, काठमाडौँ, काष्ठमण्डप, सगरमाथा, नाम्चे, कर्णाली |
| सय रङ इन्द्रेनी | मिथिला, कपिलवस्तु, चाँगु, सिंजा, पाल्पा, मुस्ताङ, नाम्चे, सिम्रौनगढ, हिमाल, पहाड, तराई, सार्क, नेपाल, भारत, भुटान, बङ्गलादेश, श्रीलङ्का, पाकिस्तान, माल्दिभ्स, अफगानिस्तान, अमेरिका |

*यात्रा सुरु गरौँ* पाठमा प्रस्तुत भएका नेपालका सुदूरपश्चिमाञ्चल डोटी, डडेल्धुरादेखि पूर्व सगरमाथासम्मका विभिन्न परिवेश बुझाउने नाम शब्दहरू आएका छन् । यी नाम शब्द नेपालको भौगोलिक विविधता प्रस्तुत गर्न सफल छन् । *सय रङ इन्द्रेनी* पाठमा नेपालका विभिन्न स्थान र प्रदेशको नामोल्लेख भएको छ । यसबाहेक बोध खण्डमा सार्कमा सम्बद्ध राष्ट्रको नाम समावेश गरिएकाले अन्तर्राष्ट्रिय परिवेश आएको छ ।

**तालिका नं. ४.६९ जीवनी विधामा प्रयुक्त पहाडी परिवेश बुझाउने नाम शब्द र वाक्यगत प्रसङ्ग**

| पाठ | पहाडी परिवेश बुझाउने नाम शब्दहरू | पहाडी परिवेश बुझाउने वाक्यगत प्रसङ्ग |
|---|---|---|
| सङ्गीतज्ञ रामशरण दर्नाल | दार्चुला, डोटी, बझाङ, बाजुरा, अछाम | ... दर्नालले देशका दार्चुला, डोटी, बझाङ, बाजुरा र अछाम जस्ता अनकन्टार भूभागमा समेत काम गरे (पृ. २२ : अनु. ११) । |

*सङ्गीतज्ञ रामशरण दर्नाल पाठमा* दर्नाल अध्ययन र रोजगारका लागि गएका स्थानको नाम उल्लेख गर्ने क्रममा उल्लिखित स्थानहरू आएका छन् । पहाडका विभिन्न स्थानको नाम उल्लेख भएका कारण पाठले नेपालको पहाडी परिवेश समेटेको देखिन्छ ।

**तालिका नं. ४.७० जीवनी विधामा प्रयुक्त उपत्यकाको परिवेश बुझाउने नाम शब्द र वाक्यगत प्रसङ्ग**

| पाठ | पहाडी परिवेश बुझाउने नाम शब्दहरू | पहाडी परिवेश बुझाउने वाक्यगत प्रसङ्ग |
|---|---|---|
| सङ्गीतज्ञ रामशरण दर्नाल | काठमाडौँको कालधारा, गोकर्ण, थली | काठमाडौँको कालधारामा ... उनको जन्म भएको हो (पृ. १८ : अनु. १) ।<br>... थली र गोकर्णको मामाघरमा उनको बाल्यकाल बित्यो (पृ. १९ : अनु. ५) । |

*सङ्गीतज्ञ रामशरण दर्नाल पाठमा* दर्नालको जन्मस्थान, मावलीको नाम उल्लेख गर्ने क्रममा उपत्यकाको परिवेश बुझाउने स्थानका नामहरू आएका छन् । पाठमा प्रसङ्गअनुसार उपत्यकाका विभिन्न स्थान उल्लेख भएका कारण पाठले उपत्यकाको परिवेश समेटेको देखिन्छ ।

**तालिका नं. ४.७१ जीवनी विधामा प्रयुक्त अन्तर्राष्ट्रिय परिवेश बुझाउने नाम शब्द र वाक्यगत प्रसङ्ग**

| पाठ | अन्तर्राष्ट्रिय परिवेश बुझाउने नाम शब्दहरू | अन्तर्राष्ट्रिय परिवेश बुझाउने वाक्यगत प्रसङ्ग |
|---|---|---|
| सङ्गीतज्ञ रामशरण दर्नाल | कलकत्ता, दार्जिलिङ, वनारस | बालक कालदेखि नै विभिन्न बाजा बजाउन सिकेका दर्नालले कलकत्तामा पनि त्यसैमा अभ्यास बढाउन पाए (पृ. २० : अनु. ६० । |
| आङ सान सुकी | बर्माको नात्मुख, याङ्गुन (रङ्गुन), भारतको दिल्ली, लन्डन भुटान, नेपाल, तिब्बत, जापान | उनी...बर्माको नात्मुक भन्ने ठाउँमा जन्मेकी हुन् (पृ. १०९ : अनु. २) । सुकीको पढाइ अब दिल्लीका विद्यालयमा हुने भयो (पृ. ११० : अनु. ५) ...उच्च तहको अध्ययनका लागि बेलायतको राजधानी लन्डन गइन् (पृ. ११० : अनु. ६) । आङ सान सुकीले...भुटान, तिब्बत, जापान र भारत...को भ्रमण गरिन् (पृ. १११ : अनु. ७) । |

*सङ्गीतज्ञ रामशरण दर्नाल* पाठमा शिक्षा आर्जन, अनुसन्धान र रोजगारीका सिलसिलामा दर्नाल पुगेका स्थानहरू अन्तर्राष्ट्रिय परिवेशको रूपमा आएका छन् । *आङ सान सुकी* पाठमा सुकीको जन्मस्थान, शिक्षा आर्जन र भ्रमणका कममा सुकी पुगेका स्थानहरू अन्तर्राष्ट्रिय परिवेशको रूपमा आएका छन् ।

**तालिका नं. ४.७२ निबन्ध विधामा प्रयुक्त हिमाली परिवेश बुझाउने नाम शब्द र वाक्यगत प्रसङ्ग**

| पाठ | हिमाली परिवेश बुझाउने नाम शब्दहरू | हिमाली परिवेश बुझाउने वाक्यगत प्रसङ्ग |
|---|---|---|
| म को हुँ | जुम्ला, नदी, हिमाल | कर्णालीभित्र जुम्ला छ । धेरै वर्षसम्म जुम्लामा गाडी पुगेन । जुम्लामाथि हिमाल छ । नदीपारि स्याउखेती छ ।...उनीहरूले डोकाभरि स्याउ टिपे (पृ. ३८) । |

*म को हुँ ?* शीर्षकको मूल पाठमा भौगोलिक परिवेशलाई प्रस्तुत नगरिए पनि बोध खण्डमा हिमाली परिवेश बुझाउने वाक्यगत प्रसङ्ग दिइएको छ । यसर्थ पाठले हिमाली परिवेश समेटेको छ भन्न सकिन्छ ।

**तालिका नं. ४.७३ वक्तृता विधामा प्रयुक्त पहाडी परिवेश बुझाउने शब्द र वाक्यगत प्रसङ्ग**

| पाठ | पहाडी परिवेश बुझाउने शब्दहरू | पहाडी परिवेश बुझाउने शब्द र वाक्यगत प्रसङ्ग |
|---|---|---|
| मानव बेचबिखनविरूद्ध हाम्रो दायित्व | बनेपा, सहर | आज आजाद उच्च माध्यमिक विद्यालय, बनेपामा वक्तृत्व प्रतियोगिता छ (पृ. ४०) ।<br>... नेपालमा विशेष गरी गाउँबाट सहरतिर मानिसहरूको परोक्ष व्यापार हुने गरेको छ ( पृ. ४४ : अनु. २३) । |

*मानव बेचबिखनविरूद्ध हाम्रो दायित्व* पाठमा वक्तृता प्रतियोगिता आयोजना भएको स्थान पहाडी परिवेशको रूपमा आएको छ ।

**४.७४ चिठी विधामा प्रयुक्त पहाडी परिवेश बुझाउने नाम शब्द र वाक्यगत प्रसङ्ग**

| पाठ | पहाडी परिवेश बुझाउने नाम शब्दहरू |
|---|---|
| बहिनीलाई चिठी | सोलुखुम्बु, सल्यान |

*बहिनीलाई चिठी* पाठमा ग्रामीण पहाडी परिवेशको चित्रण छ । पाठमा ग्रामीण पहाडी परिवेशमा पाइने जडीबुटी वा घरेलु औषधिको प्रयोगको सन्दर्भ उठाइएको छ । स्थानीयस्तरमा उत्पादन हुने खानेकुरा खानुपर्ने कुरा उल्लेख गरिएको छ । यस पाठले नेपालको हिमाली परिवेश उल्लेख गरेको छ ।

**तालिका नं. ४.७५ दैनिकी विधामा प्रयुक्त पहाडी परिवेश बुझाउने शब्द र वाक्यगत प्रसङ्ग**

| पाठ | पहाडी परिवेश बुझाउने नाम शब्दहरू | पहाडी परिवेश बुझाउने वाक्यगत प्रसङ्ग |
|---|---|---|
| मङ्गलाका तीन दिन | नेर्पा गाउँ, सर्वोच्च शिखर सगरमाथाको आसपासको क्षेत्र, दिक्तेल | भञ्याङमा आइपुग्दा चारैतिर अँध्यारो भयो (पृ.९१ : अनु.११) ।<br>मकै भटमास भुटेर दिउँसोलाई खाजा पनि ठीक पार्‍यौँ (पृ. ८९) ।<br>भाइले घँगेरूको एउटा लट्ठी बनाएर टेके (पृ. ९० : अनु. ११) ।<br>उहाँले ... सुदूरपश्चिम क्षेत्रमा प्रचलित देउडा गीत पनि सुनाउनुभयो (पृ. ८९ : अनु. ५) । |

*मङ्गलाका तीन दिन* पाठमा खोटाङ जिल्लाको नेर्पा गाउँको ग्रामीण पहाडी परिवेश प्रस्तुत छ । पाठमा त्यहाँका स्कुले केटाकेटी बिहान घाँस काट्न जाने, दिउँसोको खाजा मकै भटमास खाने जस्ता गाउँले परिवेश आएको छ । हाकपारे, सेलो, देउडा, दोहोरी, घाटु, सोरठी, रोधी, झ्याउरे, तयामचा, लाखेनाच कटुस, हलो आदि स्थानीयतालाई बुझाउने शब्द प्रयोग भएका छन् । त्यस्तै स्थानीय ठाउँका नाम, खानाका नाम, वनजङ्गलमा पाइने रूख लहराका नामले नेपाली ग्रामीण पहाडी परिवेशलाई उजागर गरेको छ ।

**तालिका नं. ४.७६ दैनिकी विधामा प्रयुक्त उपत्यकाको परिवेश बुझाउने नाम शब्द र वाक्यगत प्रसङ्ग**

| पाठ | उपत्यकाको परिवेश बुझाउने नाम शब्दहरू | उपत्यकाको परिवेश बुझाउने वाक्यगत प्रसङ्ग |
|---|---|---|
| मङ्गलाका तीन दिन | पोखरा, माछापुच्छ्रे, फेवाताल, वेगनास ताल, रूपाताल, सेती महेन्द्र गुफा | पोखरा प्रकृतिका रूपमा ... चर्चित छ (पृ. ९६) ।<br>प्रकृतिका अनुपम सौन्दर्य माछापुच्छ्रे, फेवाताल, वेगनास ताल, रूपातालमा जसरी छ, त्यसरी नै सेतीको गहिरो सुसाइमा छ (पृ.९६) । |

*मङ्गलाका तीन दिन* पाठको बोध अभ्यासमा पोखरा उपत्यकाको भौगोलिक परिवेश आएको छ । उक्त स्थानीय परिवेशले पोखराको प्रकृतिको पनि वर्णन गरेको छ ।

**तालिका नं. ४.७७ दैनिकी विधामा प्रयुक्त अन्तर्राष्ट्रिय परिवेश बुझाउने शब्द र वाक्यगत प्रसङ्ग**

| पाठ | अन्तराष्ट्रिय परिवेश बुझाउने नाम शब्दहरू | अन्तराष्ट्रिय बुझाउने वाक्यगत प्रसङ्ग |
|---|---|---|
| मङ्गलाका तीन दिन | साउदी अरब | बेलुका दाइले साउदी अरबबाट फोन गर्नुभयो (पृ. ८९ : अनु. ६) । |

*मङ्गलाका तीन दिन* पाठमा प्रमुख पात्र मङ्गलाका दाजु रोजगारीका सिलसिलामा अरब पुगेको प्रसङ्गले अन्तर्राष्ट्रिय परिवेश सिर्जना गरेको छ ।

**४.७८ संवाद विधामा प्रयुक्त पहाडी परिवेश बुझाउने नाम शब्द र वाक्यगत प्रसङ्ग**

| पाठ | पहाडी परिवेश बुझाउने नाम शब्दहरू | पहाडी परिवेश बुझाउने वाक्यगत प्रसङ्ग |
|---|---|---|
| महिला हिंसा | पहाड | पहाडमा त यस्तो चलनै देखिन्नथ्यो (पृ. १३० : अनु. १२) । |

*महिला हिंसा* पाठमा पहाडका तुलनामा तराई क्षेत्र, त्यसमध्ये सप्तरी र वीरगञ्जमा महिला हिंसाका घटना बढी हुने गरेको सन्दर्भ उल्लेख गर्ने क्रममा पहाडी परिवेशको प्रस्तुति

भएको छ । प्रस्तुत पाठले नेपालको भौगोलिक विविधताले चालचलन, रीतिरिवाज, संस्कार पनि फरक हुने नेपाली समाजको यथार्थलाई प्रस्तुत गरेकाले पाठ समाजसापेक्ष बनेको छ ।

**४.७९ संवाद विधामा प्रयुक्त उपत्यकाको परिवेश बुझाउने नाम शब्द र वाक्यगत प्रसङ्ग**

| पाठ | उपत्यकाको परिवेश बुझाउने | उपत्यकाको परिवेश बुझाउने वाक्यगत प्रसङ्ग |
|---|---|---|
| महिला हिंसा | राजधानी | ...राजधानीमा छोरीप्रतिको व्यवहार फरक छ (पृ. १३० : अनु. १४) । |

*महिला हिंसा* पाठमा राजधानीका तुलनामा तराई क्षेत्र, त्यसमध्ये सप्तरी र वीरगञ्जमा महिला हिंसाका घटना बढी हुने गरेको सन्दर्भ उल्लेख गर्ने क्रममा उपत्यकाको परिवेश आएको छ । प्रस्तुत पाठले नेपालको भौगोलिक विविधताले चालचलन, रीतिरिवाज, संस्कार पनि फरक हुने नेपाली समाजको यथार्थलाई प्रस्तुत गरेको छ ।

**४.८० संवाद विधामा प्रयुक्त तराईको परिवेश बुझाउने नाम शब्द र वाक्यगत प्रसङ्ग**

| पाठ | उपत्यकाको परिवेश बुझाउने नाम शब्दहरू | उपत्यकाको परिवेश बुझाउने वाक्यगत प्रसङ्ग |
|---|---|---|
| महिला हिंसा | सप्तरी, तराई, वीरगञ्ज | सप्तरीमा फेरि अर्की महिलालाई जलाएर मारेछन् नि (पृ. १२९ : अनु. ४) । |

*महिला हिंसा* पाठमा तराई क्षेत्र, त्यसमध्ये सप्तरी र वीरगञ्जमा महिला हिंसाका घटना बढी हुने गरेको सन्दर्भ उल्लेख गर्ने क्रममा तराईको परिवेशको उल्लेख भएको छ । प्रस्तुत पाठले नेपालको भौगोलिक विविधताले चालचलन, रीतिरिवाज, संस्कार पनि फरक हुने नेपाली समाजको यथार्थलाई प्रस्तुत गरेको छ ।

**तालिका नं. ४.८१ निवेदन विधामा प्रयुक्त हिमाली परिवेश बुझाउने शब्द र वाक्यगत प्रसङ्ग**

| पाठ | हिमाली परिवेश बुझाउने नाम शब्दहरू | हिमाली परिवेश बुझाउने वाक्यगत प्रसङ्ग |
|---|---|---|
| छात्रावास | गाउँपालिका, हिमाली क्षेत्रको सानो बस्ती | हिमाली क्षेत्रको सानो बस्ती भएकै कारण उपयुक्त डेरा पाउन निकै समस्या छ (पृ. १३९ : अनु. २) । |

*छात्रावास* पाठमा ग्रामीण हिमाली क्षेत्रमा विद्यालय टाढा हुने हुनाले बालबालिकालाई हिँडेर आउजाउ गर्न असुविधा भएको कुरा उल्लेख गरिएको छ । यसले पाठले अन्य भौगोलिक परिवेशलाई समेट्न सकेको छैन ।

**विज्ञानप्रविधिका आधारमा पाठ्यपुस्तकको विश्लेषण**

**तालिका नं. ४. ८२ कविता विधामा प्रयुक्त विज्ञानप्रविधि बुझाउने नाम शब्द र वाक्यगत प्रसङ्ग**

| पाठ | विज्ञानप्रविधि बुझाउने नाम शब्दहरू |
|---|---|
| सय रङ इन्द्रेनी | कम्प्युटर, इन्टरनेट, भिसा, इन्जिनियरिङ |

*सय रङ इन्द्रेनी* कविताको मूल पाठमा विज्ञानप्रविधिसँग सम्बिन्धित प्रसङ्ग आएको छैन । नभई अभ्यास खण्डमा मात्र विज्ञान प्रविधिमा प्रयोग हुने कम्प्युटर, इन्टरनेट, भिसा, इन्जिनियरिङ शब्दको प्रयोग गरिएको छ ।

**तालिका नं. ४.८३ निबन्ध विधामा प्रयुक्त विज्ञानप्रविधि बुझाउने शब्द र वाक्यगत प्रसङ्ग**

| पाठ | विज्ञानप्रविधि बुझाउने नाम शब्दहरू |
|---|---|
| जैविक खेती | टेलिफोन, रेडियो, ताररहित टेलिभिजन, फ्याक्स, कम्प्युटर, इन्टरनेट, सामाजिक सञ्जाल |

*जैविक खेती* पाठ कृषिसँग सम्बन्धित छ । मूल पाठमा यान्त्रिक प्रविधिसँग सम्बन्धित विषय नआए पनि अभ्यासमा भने टेलिफोन, रेडियो, ताररहित टेलिभिजन, फ्याक्स, कम्प्युटर, इन्टरनेट, सामाजिक सञ्जाल, मुद्रणका नयाँनयाँ प्रविधि जस्ता यान्त्रिक प्रविधिसँग सम्बन्धित शब्दको प्रयोग गरी निबन्ध लेख्न निर्देशन दिइएको छ । यसबाट पाठलाई विज्ञानप्रविधिसँग जोड्न खोजेको देखिन्छ ।

**तालिका नं. ४.८४ वक्तृत्व विधामा प्रयुक्त विज्ञानप्रविधि बुझाउने शब्द र वाक्यगत प्रसङ्ग**

| पाठ | विज्ञानप्रविधि बुझाउने नाम शब्दहरू | विज्ञानप्रविधि बुझाउने वाक्यगत प्रसङ्ग |
|---|---|---|
| मानव बेचबिखनविरूद्ध हाम्रो दायित्व | मोबाइल, इन्टरनेट, माइक, विद्युतीय सामग्री | इन्टरनेटबाट नयाँ कुरा सिकेर पढ्नका लागि होस् वा रोमाञ्चक खेलहरू खेल्न, यसलाई सबैले रुचाउँछन् (पृ.४९) |

*मानव बेचबिखनविरूद्ध हाम्रो दायित्व* शीर्षकको मूल पाठमा विज्ञानप्रविधिका क्रियाकलाप उल्लेख गरिएको छैन । प्रस्तुत पाठको अभ्यास खण्डमा भने मोबाइल, इन्टरनेट, माइक, विद्युतीय सामग्री प्रयोगको सन्दर्भ उल्लेख गरिएको छ ।

**तालिका नं. ४.८५ चिठी विधामा प्रयुक्त विज्ञानप्रविधि बुझाउने नाम शब्द र वाक्यगत प्रसङ्ग**

| पाठ | विज्ञानप्रविधि बुझाउने नाम शब्दहरू | विज्ञानप्रविधि बुझाउने वाक्यगत प्रसङ्ग |
|---|---|---|
| बहिनीलाई चिठी | चिकित्सक, औषधी विज्ञान, सिटामोल, एन्टीबायोटिक, पक्षाघात, इमेल, इन्टरनेट, मोबाइल, मेडिकल | तिमीले इन्टरनेट चलाउन जानेपछि यस्ता जानकारीहरूलाई इमेलबाट नै आदानप्रदान गर्न सक्ने छौँ (पृ. ५४ : अनु. ६) । आज भने औषधी विज्ञानसम्बन्धी केही नयाँ जानकारी दिने प्रयत्न गरेकी छु (पृ. ५२: अनु. २) । |

*बहिनीलाई चिठी* शीर्षकको पाठमा औषधी विज्ञानसँग सम्बन्धित विषय आएको छ । प्रस्तुत पाठमा प्रयुक्त चिकित्सक, सिटामोल, एन्टीबायोटिक, पक्षाघात, इमेल, इन्टरनेट, मोबाइल, मेडिकल आदि शब्दले विज्ञानप्रविधिलाई  समेटेको छ ।

## लोकतान्त्रिक मूल्यमान्यताका आधारमा पाठ्यपुस्तकको विश्लेषण

**तालिका नं. ४. ८६ जीवनी विधामा प्रयुक्त लोकतान्त्रिक मूल्यमान्यता बुझाउने नाम शब्द र वाक्यगत प्रसङ्ग**

| पाठ | लोकतान्त्रिक मूल्यमान्यता बुझाउने नाम शब्दहरू | लोकतान्त्रिक मूल्यमान्यता बुझाउने वाक्यगत प्रसङ्ग |
|---|---|---|
| आङ सान सुकी | राष्ट्रपति, जननिर्वाचित सरकार, आन्दोलन, आम निर्वाचन, प्रजातन्त्र | सुकीले नेतृत्व गरेको जननिर्वाचित सरकारलाई सत्ता भने हस्तान्तरण गरेन (पृ. ११२ : अनु. १२) । |

*आङ साङ सुकी पाठ*मा सुकीले बर्मामा प्रजातन्त्रको प्राप्तिका लागि गरेको सङ्घर्ष, एकतन्त्रीय शासनको विरोध र लोकतान्त्रिक मूल्यको समर्थन आदिको प्रस्तुतिमा लोकतान्त्रिक मूल्यमान्यताको समर्थन गरिएको छ । यसर्थ प्रस्तुत पाठ लोकतान्त्रिक मूल्यमान्यताका आधारमा उत्कृष्ट छ ।

*यात्रा सुरु गरौँ* कवितामा लामो समयपछि नेपाली राजनीतिमा पुनः प्रजातन्त्रको उदय भएको र यसलाई व्यवहारमा उतार्न आह्वान गरिएको विषयले लोकतान्त्रिक मूल्यमान्यताको भाव बोकेको छ । यसर्थ लोकतान्त्रिक मूल्यको प्रस्तुतिले यो पाठ उत्कृष्ट बनेको छ ।

यीबाहेक अन्य पाठमा प्रजातान्त्रिक मूल्य र मान्यतालाई प्रत्यक्ष विषयका रूपमा प्रस्तुत गरिएको छैन तर नेपालको संविधानले निर्देश गरेबमोजिम र माध्यमिक तहको नेपाली विषयको पाठ्यक्रमअनुरूप पाठहरूलाई सकेसम्म लैङ्गिक, जातीय, भौगोलिक आदि सबै क्षेत्रको समावेशीतालाई प्रस्तुत गर्नु पनि प्रजातान्त्रिक मूल्य र मान्यतालाई प्रस्तुत गर्नु हो ।

## सारांश

*यात्रा सुरु गरौँ, वसन्त कोकिल, सय रङ इन्द्रेनी, म को हुँ, जैविक खेती, छात्रावास,* क्रमशः कविता, निबन्ध र निवेदन विधाका पाठ भएका कारण उमेरगत प्रसङ्ग उल्लेख छैनन् । अन्य दस ओटा पाठमा क्रमशः वृद्ध १७.५ प्रतिशत, युवा र वयस्क ५० प्रतिशत, किशोर १० प्रतिशत र अन्य २० प्रतिशत नाम शब्द प्रयोग भएका छन् । युवा र वयस्कलाई

बुझाउने शब्द, वाक्यगत प्रसङ्ग अत्यधिक उल्लेख गरिएका छन् भने किशोरका क्रियाकलापको प्रस्तुति मध्यम प्रकारको छ । *मानव बेचबिखनविरूद्ध हाम्रो दायित्व* र *मङ्गलाका तीन दिन* पाठ किशोरका सक्रिय क्रियाकलापको प्रस्तुतिले जीवन्त बनेका छन् । समाजका प्रायः सबै उमेर समूहका क्रियाकलापको प्रस्तुतिले पाठ्यपुस्तकलाई समाजसापेक्ष बनाएका छन् ।

*यात्रा सुरु गरौँ, वसन्त कोकिल, सय रङ इन्द्रेनी, म को हुँ, महिला हिंसा* क्रमशः कविता, निबन्ध र संवाद विधाका पाठ हुन् । यी पाठमा पेसागत पात्रको उल्लेख छैन । अन्य एघार ओटा पाठमा प्रयुक्त अघिल्लो पुस्ताका पात्रहरू कृषि तथा पशुपालन, सैनिक, प्रशासन र शिक्षण पेसामा संलग्न छन् भने युवा तथा वयस्क पात्र स्वदेशमा विभिन्न पेसामा र वैदेशिक रोजगारीमा संलग्न छन् । वयस्क पात्र सेना, प्रहरी, प्रशासन, डाक्टर, इन्जिनियर जस्ता पेसामा संलग्न छन् भने कतिपय पात्रलाई श्रमिक, मजदुर र भरियाका रूपमा प्रस्तुत गरिएको छ । समाजमा प्रचलित सबैजसो पेसाका नाम शब्द र वयस्क तथा युवापुस्ताको पेसामा सक्रिय सहभागिताको प्रस्तुतिले पुस्तक समाजसापेक्ष बनेको छ ।

सबै पाठमा जातजाति प्रष्ट छुट्टिने पात्र, नाम शब्द तथा क्रियाकलापको प्रस्तुति छैन । १६ ओटा पाठमध्ये *सय रङ इन्द्रेनी* कवितामा जातजाति जनाउने शब्द मात्र प्रयोग भएको छ भने *सङ्गीतज्ञ रामशरण दर्नाल, मानव बेचबिखनविरूद्ध हाम्रो दायित्व, मङ्गलाका तीन दिन* पाठमा जातजातिका दैनिक क्रियाकलापकै चित्रण छ । पात्र र शब्द प्रयोगका दृष्टिले सबै जातजाति समेटिएका भए पनि *सङ्गीतज्ञ रामशरण दर्नाल*मा दलितको जीवनचर्या, *मङ्गलाका तीन दिन र मानव बेचबिखनविरूद्ध हाम्रो दायित्व* पाठमा प्रायः सबै जातजातिका पात्रगत सन्दर्भ आएका छन् । जातजातिका आधारमा हेर्दा जनजाति, दलित, ब्राह्मण, क्षेत्रीलाई बुझाउने नाम शब्द, वाक्यगत प्रसङ्गको उल्लेख भएकाले पाठ्यपुस्तक जातिगत आधारमा समावेशी र नेपाली समाजअनुकूल छ ।

पाठ्यपुस्तकका १६ ओटा पाठमध्ये *यात्रा सुरु गरौँ* कविता विधाको पाठमा धर्मसँग सम्बन्धित नाम शब्द प्रयोग भएका छन् । *अनारको बोट, सङ्गीतज्ञ रामशरण दर्नाल, निद्रा, बन्धनबाट मुक्ति* पाठमा हिन्दु धर्मसँग सम्बन्धित क्रियाकलापको प्रस्तुति छ । *अनारको बोट* पाठको बोध अनुच्छेदको अभ्यास खण्डमा बुद्धका उपदेश प्रस्तुत गरिएको छ भने *आङ सान सुकी* पाठमा बौद्ध धर्मसँग सम्बन्धित विषय प्रस्तुत भएको छ । *मङ्गलाका तीन दिन* र *महिला हिंसा* पाठमा जातजाति र क्षेत्रगत, संस्कृतिसँग सम्बन्धित क्रियाकलाप प्रस्तुत

गरिएको छ । पाठ्यपुस्तक ६० प्रतिशत हिन्दु धर्म संस्कृतिसापेक्ष कियाकलाप, २० प्रतिशत बौद्ध धर्म संस्कृतिसापेक्ष कियाकलाप र २० प्रतिशत अन्य धर्म संस्कृतिसापेक्ष प्रस्तुति छ । पाठ्यपुस्तकमा स्थानीय संस्कृतिको प्रस्तुतिले पनि प्राथमिकता पाएको छ । यद्यपि कुनै धर्मको पक्षपोषण नगरेकाले पाठ्यपुस्तक धर्म निरपेक्ष छ ।

पाठ्यपुस्तकका १६ ओटै पाठमा वर्गीयता प्रष्ट छुट्टिने प्रसङ्गको प्रस्तुति छैन । *सङ्गीतज्ञ रामशरण दर्नाल, निद्रा, मङ्गलाका तीन दिन, डाक्टर अङ्कल* पाठमा अति उच्च वर्ग, मध्यम वर्ग र निम्न/श्रमजीवी वर्गका क्रियाकलाप प्रस्तुत भएका छन् । *निद्रा*मा अत्युच्च वर्गको, *आङ सान सुकी* उच्च वर्गको प्रतिनिधित्व गर्ने पाठ हुन् । *सङ्गीतज्ञ रामशरण दर्नाल* अति निम्न वर्गको प्रतिनिधित्व गर्ने पाठ हुन् । *मङ्गलाका तीन दिन, अनारको बोट, महिला हिंसा* पाठमा प्रष्ट वर्गीय क्रियाकलाप उल्लेख नभए पनि सुरुका दुई पाठले मध्यम वर्ग र पछिल्लो पाठले निम्न वर्गको प्रतिनिधित्व गरेका छन् । *डाक्टर अङ्कल र बन्धनबाट मुक्ति* मिश्रित प्रकृतिका पाठ हुन् । डाक्टरका बाबु र डाक्टरको बाल्यकाल दयनीय अवस्थामा बितेको छ भने जीवनको पछिल्लो समय सहज भएको छ । *बन्धनबाट मुक्ति* पाठमा चोआलाल र उनकी श्रीमती मध्यम वर्गीय पात्र हुन् भने जेठो छोरो र माइलो छोरो उच्च वर्गीय पात्र हुन् । नेपाली समाजमा विद्यमान अत्युच्च, उच्च, मध्यम र निम्न वर्गको प्रतिनिधित्व पाठ्यपुस्तकले गरेको छ भने पाठ्यपुस्तकमा निम्न र मध्यम वर्गीय प्रस्तुतिले प्राथमिकता पाएका छन् ।

*म को हुँ* र *वसन्त कोकिल* पाठ क्रमशः निबन्ध र कविता विधा हुन् । यी पाठमा भूगोलसँग सम्बन्धित प्रसङ्ग उल्लेख छैन । अन्य चौध ओटा पाठमा नेपालका विभिन्न नदी, ताल, गाउँ, जिल्लाका नाम प्रसङ्गानुसार आएका छन् । पाठ्यपुस्तकमा हिमाल, पहाड, तराई र उपत्यकाको चित्रण छ । सार्क राष्ट्र र नेपालीहरू रोजगारीका लागि गएका राष्ट्रका नाम उल्लेख छन् । यी विविध कुराले पाठ्यपुस्तक भौगोलिक परिवेशका आधारमा समाजसापेक्ष बनेको छ ।

१६ ओटा पाठमध्ये *मानव बेचबिखनविरूद्ध हाम्रो दायित्व, बहिनीलाई चिठी, जैविक खेती, मङ्गलाका तीन दिन, सय रङ इन्द्रेनी* पाठमा मात्र विज्ञानप्रविधि विषयले प्रविष्टि पाएको छ । युवा र किशोरले प्रविधिको प्रयोग गरेको क्रियाकलापको प्रस्तुतिले मङ्गलाका तीन दिन पाठ विज्ञानप्रविधि प्रयोगका दृष्टिले उत्कृष्ट पाठ बनेको छ । *बहिनीलाई चिठी*

मूल पाठमा प्राविधिक शब्द मात्र प्रयोग गरिएको छ । *मानव बेचबिखनविरूद्ध हाम्रो दायित्व, जैविक खेती* र *सय रङ इन्द्रेनी* पाठको अभ्यास खण्डमा प्राविधिक शब्दको मात्र प्रयोग छ

## शिक्षकहरूको दृष्टिमा पाठ्यपुस्तक

प्रस्तुत अध्ययनमा कक्षा ९ को नेपाली पाठ्यपुस्तकमा प्रस्तुत समाज सापेक्षताका बारेमा शिक्षकको दृष्टिकोणको मूल्याङ्कन गरिएको छ । पाठ्यपुस्तकको समाजसापेक्ष विश्लेषणका लागि शोध निर्देशकको सहयोगमा बीस ओटा प्रश्नावली निर्माण गरी काठमाडौँ र ललितपुरका विभिन्न विद्यालयमा कक्षा ९ मा अध्यापनरत शिक्षकहरूलाई प्रश्नावली दिई त्यसबाट प्राप्त नतिजालाई आधार मानेर पाठ्यपुस्तकको विश्लेषण गरिएको छ । उक्त नतिजालाई यस प्रकार तालिकामा प्रस्तुत गरिएको छ :

| प्रश्नावली सङ्ख्या | प्रश्नावलीबाट आएको जवाफ (प्रतिशतमा) | | | |
|---|---|---|---|---|
| | क | ख | ग | घ |
| १ | ४५ | १५ | २५ | १५ |
| २ | १५ | १५ | ३५ | ३५ |
| ३ | ३० | २५ | ३५ | १० |
| ४ | ३५ | १० | २० | ३५ |
| ५ | ३५ | १० | ३५ | २० |
| ६ | ३२ | २१ | २१ | २६ |
| ७ | २५ | २५ | ४० | १० |
| ८ | २० | १५ | ४५ | २० |
| ९ | १६ | १० | ५३ | २१ |
| १० | ३० | २० | ३५ | १५ |
| ११ | ३० | ५ | ५० | १५ |
| १२ | २५ | १५ | ३० | ३० |
| १३ | ३० | ५ | ५० | १५ |
| १४ | २५ | १० | ३० | ३५ |
| १५ | २५ | ५ | ५० | २० |
| १६ | ३० | १५ | ४५ | १० |

| | | | | |
|---|---|---|---|---|
| १७ | ३० | २५ | ३० | १५ |
| १८ | २५ | २५ | ४० | १० |
| १९ | २५ | १० | ३० | ३५ |
| २० | २६ | १६ | ४२ | १६ |

माथिको तालिकामा कक्षा ९ को नेपाली पाठ्यपुस्तकको समाजसापेक्ष विश्लेषण गर्ने क्रममा प्रश्नावली निर्माण गरी तथ्याङ्क सङ्कलन गर्दा प्राप्त भएको तथ्याङ्कको नतिजा प्रस्तुत गरिएको हो । उक्त तालिकामा प्रश्नावलीको सङ्ख्या र प्रत्येक प्रश्नमा आएको मतलाई प्रतिशतमा प्रस्तुत गरिएको छ ।

१. कक्षा ९ को नेपाली पाठ्यपुस्तकमा विज्ञानप्रविधिलाई समेट्ने पाठहरूमा *मङ्गलाका तीन दिन* भनी उत्तर दिने शिक्षकको सङ्ख्या ४५ प्रतिशत छ भने *छात्रावास* भनी उत्तर दिनेको सङ्ख्या २५ प्रतिशत र *म को हुँ* र *बन्धनबाट मुक्ति* भनी उत्तर दिनेको सङ्ख्या क्रमशः १५/१५ प्रतिशत छ ।

२. समावेशीका दृष्टिले उत्कृष्ट पाठमा *सय रङ इन्द्रेनी* र *मानव बेचबिखनविरूद्ध हाम्रो दायित्व* पाठ भनी ३५/३५ प्रतिशतले उत्तर दिएका छन् भने *अनारको बोट* र *डाक्टर अङ्कल* भनी क्रमशः १५/१५ ले उत्तर दिएका छन् ।

३. पाठ्यपुस्तकमा कुन पक्षले प्राथमिकता पाएको छ भन्ने प्रश्नमा लैङ्गिक समानतालाई ३५ प्रतिशत, समावेशीतालाई ३० प्रतिशत, सूचनाप्रविधिलाई २५ प्रतिशत र भौगोलिक समानतालाई १० प्रतिशत उत्तर प्राप्त भएको छ ।

४. *बन्धनबाट मुक्ति* पाठले कुन पक्षको पृष्ठपोषण गर्छ भन्नेमा सकारात्मक जीवनदृष्टिलाई ३५ प्रतिशत, सामाजिक यथार्थलाई ३५ प्रतिशत, जीवनको शाश्वत पक्षलाई भन्नेमा २० प्रतिशत र जीवनप्रतिको निस्सारतालाई १० प्रतिशत उत्तर प्राप्त भएको छ ।

५. पाठ्यपुस्तकले सामाजिक समस्या समाधानका निम्ति गरेको पहलमा सामाजिक विकृति र समस्या पहिचानमा जोड र चेतनामूलक शिक्षामा जोडलाई क्रमशः ३५/३५ प्रतिशत, रचनात्मक र अतिरिक्त क्रियाकलापमा २० प्रतिशत र रुढिवादी परम्परा, सामाजिक अन्धविश्वासको विरोधलाई १० प्रतिशत उत्तर प्राप्त भएको छ ।

६. लोकतन्त्रसम्बन्धी धारणामा ९५ प्रतिशत शिक्षकबाट मात्र उत्तर आएको छ । प्राप्त उत्तरमध्ये मूल पाठ राख्नुपर्नेमा ३१.६ प्रतिशत, व्याकरणको अभ्यास राख्नुपर्नेमा २६.३

प्रतिशत, पाठगत अभ्यास र बोध प्रश्नोत्तर राख्नुपर्नेमा क्रमशः २१/२१ प्रतिशत अङ्क प्राप्त भएको छ ।

७. पाठ्यपुस्तकमा कुन पक्षको प्रयोग न्यून छ भन्ने प्रश्नमा श्रमप्रतिको सकारात्मक धारणालाई ४० प्रतिशत, अपाङ्गमैत्री धारणा र बालमैत्री धारणालाई २५/२५ प्रतिशत र लैङ्गिक समानतासम्बन्धी धारणालाई १० प्रतिशत उत्तर प्राप्त भएको छ ।

८. समाजसापेक्षका दृष्टिले पाठ्यपुस्तक कस्तो छ भन्ने प्रश्नको उत्तरमा मध्यम छमा ४५ प्रतिशत, अतिउत्तम र सन्तोषजनक छमा क्रमशः २०/२० प्रतिशत र उत्तम छमा १५ प्रतिशतले उत्तर आएको छ ।

९. पाठ्यपुस्तकमा लोकतन्त्रसम्बन्धी धारणाको प्रस्तुतिका लागि ९५ प्रतिशत उत्तर प्राप्त भएको छ । प्राप्त उत्तरमध्ये सूचनात्मकमा ५२.६ प्रतिशत, प्रस्तुत नभएको भन्नेमा २१.१ प्रतिशत, सङ्केतात्मक भन्नेमा १५.८ प्रतिशत र विश्लेषणात्मकमा १०.५ प्रतिशत उत्तर आएको छ ।

१०. लैङ्गिक दृष्टिले कक्षा ९ को पाठ्यपुस्तकको विषयवस्तु समावेशी छ भन्नेमा ३५ प्रतिशत, पुरुष प्रधानमा ३० प्रतिशत, नारी प्रधानमा २० प्रतिशत र तटस्थमा १५ प्रतिशत शिक्षकले मत दिएका छन् ।

११. समाजमा लैङ्गिक न्याय र स्थापनार्थ पाठ्यपुस्तकमा कुन कुरा समेटिएको छ भन्ने प्रश्नको उत्तरमध्ये समसत्तामा जोडलाई ५० प्रतिशत, समाजमा विद्यमान विभेदको प्रस्तुतिलाई ३० प्रतिशत, कानुनी व्यवस्थाबारे जानकारी १५ प्रतिशत र सामाजिक जागरणको प्रयासलाई ५ प्रतिशत अङ्क प्राप्त भएको छ ।

१२. पाठ्यपुस्तक समावेशी दृष्टिले मध्यममा र सन्तोषजनकमा क्रमशः ३०/३० प्रतिशत, उत्कृष्टमा २५ प्रतिशत र सङ्केतमूलकमा १५ प्रतिशत उत्तर प्राप्त भएको छ ।

१३. पाठ्यपुस्तकले कुन वर्गको पक्षपोषण गर्छ भन्ने प्रश्नमा श्रमजीवी वर्गकोमा ५० प्रतिशत, उच्च वर्गकोमा ३० प्रतिशत, अभिजात वर्गमा १५ प्रतिशत र मध्यम वर्गमा ५ प्रतिशत उत्तर प्राप्त भएको छ ।

१४. पाठ्यपुस्तकमा सांस्कृतिक समानताको प्रतिनिधित्वको स्थिति कस्तो छ भन्ने प्रश्नको उत्तरमा सांस्कृतिक समानतालाई प्रोत्साहन गर्ने खालको ३५ प्रतिशत, सामान्य खालको ३० प्रतिशत, संस्कृति चिनाउने खालको २५ प्रतिशत र विशिष्ट ज्ञान दिने खालको १० प्रतिशत छ भन्ने उत्तर आएको छ ।

१५. पाठ्यपुस्तकमा लोकतन्त्रसम्बन्धी धारणा वृद्धि गर्न बोध प्रश्नोत्तर गराउनेमा ५० प्रतिशत, मूल पाठ राख्नेमा २५ प्रतिशत, स्थलगत भ्रमण गराउनेमा २० प्रतिशत र प्रयोगात्मक अभ्यास गराउनेमा ५ प्रतिशत सुझाव आएको छ ।

१६. पाठ्यपुस्तक समावेशी गराउन सिकेर गर्ने नभई गरेर सिक्ने खालका नमुना अभ्यासमा जोड दिनुपर्नेमा ४५ प्रतिशत, विश्वमा विस्फोट भएको ज्ञान पाठ्यपुस्तकमा समावेश गर्नेमा ३० प्रतिशत, सूचना र सञ्चारमा जोड दिनेमा १५ प्रतिशत र व्यवहारिक ज्ञान प्राप्त हुने खालका नमुना अभ्यास समावेश गर्नेमा १० प्रतिशत सुझाव प्राप्त भएको छ ।

१७. समाजमा विविध कारणले उत्पीडनमा परेको वर्गलाई समतामूलक बनाउन सबैले समानताको महसुस गर्ने विषयवस्तु राख्ने र धार्मिक तथा सांस्कृतिक सद्भाव विकासमा जोड दिनेमा क्रमशः ३०/३० प्रतिशत, सबै जात, वर्ग र धर्मको प्रतिनिधित्व हुने खालका क्रियाकलाप समावेश गर्नेमा २५ प्रतिशत र स्थलगत भ्रमणमा १० प्रतिशत सुझाव प्राप्त भएको छ ।

१८. पाठ्यपुस्तकमा धार्मिक, सांस्कृतिक, सामाजिक मूल्यमान्यतासम्बन्धी धारणा विकास गर्न स्थलगत भ्रमणमा जोड दिनेमा ४० प्रतिशत, विषयवस्तु मूल पाठमा राख्ने र रेडियो, टेलिभिजन, पत्रपत्रिका, इमेल, इन्टरनेट प्रयोग गरी तथ्य सङ्कलनमा जोड दिनेमा क्रमशः २५/२५ प्रतिशत र हाजिरी जवाफ, वादविवाद जस्ता अतिरिक्त क्रियाकलापमा जोड दिनेमा १० प्रतिशत सुझाव प्राप्त भएको छ ।

१९. समावेशिताका आधारमा पाठ्यपुस्तकमा सामाजिक सद्भावमा जोड दिनेमा ३५ प्रतिशत, समातामूलक समाज निर्माणमा जोड दिनेमा ३० प्रतिशत, समानुपातिक प्रतिनिधित्वमा जोड दिनेमा २५ प्रतिशत र धार्मिक सांस्कृतिक सहिष्णुतामा जोड दिनेमा १० प्रतिशत सुझाव प्राप्त भएको छ ।

२०. पाठ्यपुस्तकलाई व्यवसायिक रोजगारीमूलक बनाउन के गर्नुपर्ला भन्ने प्रश्नको उत्तर ९५ प्रतिशत शिक्षकबाट मात्र प्राप्त भएको छ । प्राप्त उत्तरमध्ये प्रयोगात्मक अभ्यास समायोजनमा ४२.१ प्रतिशत, रोजगारीमूलक अभ्यासको समायोजन २६.३ प्रतिशत, पाठको समायोजन र सिर्जनात्मक कार्यको समायोजनमा क्रमशः १५.८/१५.८ प्रतिशत सुझाव प्राप्त भएको छ ।

# अध्याय पाँच

# उपसंहार

**निष्कर्ष**

१. कक्षा ९ को नेपाली पाठ्यपुस्तकमा कथा, जीवनी, वक्तृता, दैनिकी, संवाद विधामा लिङ्ग बुझाउने नाम शब्द, वाक्यगत प्रसङ्ग र पात्रका क्रियाकलापले समाजसापेक्षता प्रस्तुत गरेका छन् । कविता, निबन्ध, चिठी, निवेदन विधामा विधागत विशेषताका कारण शब्द, वाक्य र पात्रका क्रियाकलापमा कमी देखिए पनि पाठलाई समाजसापेक्ष होइनन् भन्न मिल्दैन । ती पाठका विषयगत प्रसङ्गबाट भने सामाजिकता झल्किन्छ ।

२. कक्षा ९ को नेपाली पाठ्यपुतकमा कथा विधामा केटाकेटी र वृद्धलाई बुझाउने नाम शब्द, वाक्यगत प्रसङ्ग र पात्रगत क्रियाकलापको कमी छ । कक्षा ९ मा पढ्ने विद्यार्थी किशोर समूहमा पर्ने भए पनि किशोरका क्रियाकलापका तुलनामा युवा तथा वयस्कका क्रियाकलापका प्रस्तुति पाइयो । उमेरका आधारबाट हेर्दा समग्र पाठ्यपुस्तक समाजसापेक्ष नै छ । जीवनी विधामा जीवनीका लागि छनौट गरिएका व्यक्तिको सबै उमेर समूहका क्रियाकलाप र प्रसङ्ग समेटिएकाले जीवनीका पाठ सबै समाजसापेक्ष छन् । वक्तृता र दैनिकीमा युवा/वयस्क र किशोरको प्रतिनिधित्व पाइयो । संवादका पात्र किशोर र वक्तृताको विषय युवासँग सम्बन्धित भएकाले पाठहरू समाजसापेक्ष बनेका छन् ।

३. प्रस्तुत पाठ्यपुस्तकमा कथा, जीवनी, निबन्ध, वक्तृता, दैनिकी विधामा नेपाली समाजमा प्रचलित प्रायः सबै पेसा बुझाउने नाम शब्द, वाक्यगत प्रसङ्ग र पात्रगत प्रस्तुतिले पुस्तकलाई समाजसापेक्ष बनाएका छन् । चिठी र निवेदन विधामा प्रष्ट क्रियाकलाप उल्लेख नभए पनि शब्द प्रयोगमार्फत् पेसागत सङ्केतलाई प्रस्तुत गरिएको पाइयो ।

४. विभिन्न जातजातिको प्रस्तुतिका कारण जीवनी, कविता, वक्तृता, दैनिकी र चिठी विधा समाजसापेक्ष छन् । कथा, निबन्ध, निवेदन विधाले जातजातिको प्रस्तुति गरेको पाइएन ।

५. पाठ्यपुस्तकका जीवनी, कथा, कविताका पाठमा हिन्दु र बौद्ध धर्मसित सम्बन्धित विषयको प्रस्तुति छ । संवाद र दैनिकी विधामा क्षेत्रीय र जातिगत संस्कृति बुझाउने सन्दर्भको प्रस्तुति छ । यी पाठले जातीय र क्षेत्रीय नेपाली समाजको प्रतिनिधित्व गरेको पाइयो ।

६. पाठ्यपुस्तकमा अत्युच्च, उच्च, मध्यम, निम्न र अतिनिम्न वर्गको उपस्थिति पाइयो । पाठ्यपुस्तकमा श्रमजीवी वर्ग र मध्यम वर्गका क्रियाकलापको प्रस्तुति बढी पाइयो ।

७. पाठ्यपुस्तकमा सहरिया परिवेशका तुलनामा ग्रामीण परिवेशको उल्लेख्य चित्रण पाइयो । प्रसङ्गानुसार जिल्ला, क्षेत्र, ठाउँका नाम, क्षेत्रीय क्रियाकलापले पाठ्यपुस्तकलाई भौगोलिक आधारमा समाजसापेक्ष बनाएको पाइयो ।

८. *मङ्गलाका तीन दिन* दैनिकी विधाको पाठ विज्ञानप्रविधिको प्रयोगका दृष्टिले उत्कृष्ट पाइयो । वक्तृता, चिठी र निबन्ध विधामा विधागत प्रसङ्गानुसार शब्द र वाक्यगत प्रसङ्ग आएको पाइयो । यी पाठले विज्ञानप्रविधिको प्रयोग गर्ने समाजको प्रतिनिधित्व गरेको पाइयो ।

९. लोकतान्त्रिक मूल्यमान्यताका आधारमा *यात्रा सुरु गरौँ* कविता र *आङ सान सुकी* जीवनी विधामा मात्र प्रष्ट उल्लेख भएको पाइयो । अन्य पाठमा लिङ्गगत, जातिगत, वर्गगत, धर्मगत, क्षेत्रगत समावेशिता भएकाले लोकतान्त्रिक मूल्यमान्यतालाई स्थान दिइएको पाइयो ।

१०. समावेशिताका दृष्टिले *मङ्गलाका तीन दिन, मानव बेचबिखनविरूद्ध हाम्रो दायित्व, यात्रा सुरु गरौँ* र *महिला हिंसा* पाठ उत्कृष्ट पाइए ।

११. समाजमा लैङ्गिक न्याय स्थापनार्थ सामाजिक जागरणको प्रयास गरेको पाइयो ।

१२. पाठ्यपुस्तकमा समाजमा विद्यमान संस्कृतिलाई प्रोत्साहन गर्ने खालका पाठहरू समावेश गरेको पाइयो ।

१३. पाठ्यपुस्तकमा सामाजिक समस्या समाधानार्थ चेतनामूलक शिक्षामा जोड दिइएको पाइयो ।

## सुझावहरू

१. पाठ्यपुस्तकमा अपाङ्गमैत्री र बालमैत्री धारणा विकसित हुने खालका पाठ समावेश गर्नुपर्छ ।

२. पाठ्यपुस्तकमा तेस्रो लिङ्गी/समलिङ्गीको पनि उपस्थिति गराउनुपर्दछ ।

३. मूल पाठ र बोध अभ्यासमा लोकतन्त्रसम्बन्धी धारणा विकसित गर्ने खालका प्रसङ्ग र क्रियाकलाप राख्नुपर्छ ।

४. बालबालिकाहरूमा समतामूलक समाज विकासको धारणा विकास गर्न गरेर सिक्ने खालका अभ्यास समावेश गर्नुपर्छ ।

५. विज्ञानप्रविधिको प्रयोग बढाउन भाषा विषयका पाठ्यपुस्तकमा पनि त्यससँग सम्बन्धित विषय राखिनुपर्छ ।

६. उत्पीडनमा परेका वर्गको उत्थानका लागि त्यस्तो वर्ग प्रोत्सहित हुने खालका पाठहरू समावेश गर्नुपर्दछ ।

७. पाठ्यपुस्तकमा समाजमा विद्यमान संस्कृति, चालचलनका कारण हुने गरेका विभेद हटाउने खालको विषयले प्रवेश पाउनुपर्दछ ।

८. पाठ्यपुस्तकमा सामाजिक, आर्थिक कार्यमा महिला र पुरुषलाई समान स्थान दिइनुपर्दछ । *अनारको बोट* पाठमा जस्तो महिलालाई कमजोर र निरीह पात्रका रूपमा चित्रण गरिनुहुन्न । *आङ सान सुकी* जस्ता नारी पात्रको जीवनी प्रस्तुत गरिनुपर्दछ ।

९. पाठ्यपुस्तकलाई व्यावसायिक र रोजगारीमूलक बनाउन प्रयोगात्मक पाठ र अभ्यास समावेश गरिनुपर्दछ ।

## अध्ययनका सीमाहरू

प्रस्तुत शोधमा अध्ययन गर्नुपर्ने ठानिएका तर अध्ययन गर्न नसकिएका कुरालाई अध्ययनका सीमाहरूका रूपमा निम्नानुसार उल्लेख गरिएको छ :

१. पाठ्यपुस्तकमा प्रस्तुत अभ्यास खण्ड, व्याकरण खण्ड र सिर्जनात्मक खण्डलाई अध्ययनमा समावेश गरिएको छैन ।

२. पाठ्यक्रमविद्, पाठ्यक्रम निर्माता, शिक्षाविद्, विद्यार्थीबीच अन्तर्क्रिया र छलफल गरी उनीहरूका विचार समेट्न सकिएको छैन ।

## भावी अनुसन्धानका लागि सम्भावित शीर्षकहरू

१. कक्षा ९ को नेपाली पाठ्यपुस्तकको लैङ्गिक अध्ययन;

२. कक्षा ९ को नेपाली पाठ्यपुस्तकको समाजभाषिक अध्ययन;

३. कक्षा ९ को नेपाली पाठ्यपुस्तकमा प्रस्तुत वर्गीयताको अध्ययन;

४. कक्षा ९ को नेपाली पाठ्यपुस्तकमा प्रस्तुत भौगोलिक परिवेशको अध्ययन;

५. पेसाका आधारमा कक्षा ९ को नेपाली पाठ्यपुस्तकको अध्ययन ।

## सन्दर्भ सूची


अर्याल, भोजेन्द्र (२०६६), *सामाजिक संस्था र प्रक्रियाको विश्लेषण,* काठमाडौँ : ज्ञानकुञ्ज प्रकाशन ।

अर्याल, शिवहरि (२०७३), *प्रारम्भिक समाजशास्त्र र मानवशास्त्र,* (ते.सं.), काठमाडौँ : एम. के. पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स ।

के.सी., रामकुमार (२०६५), *कक्षा नौको नेपाली पाठ्यपुस्तकको अध्ययन विश्लेषण,* (अप्रकाशित स्नातकोत्तर शोधपत्र), महेन्द्ररत्न क्याम्पस, ताहाचल ।

गौतम, टीकाराम (२०६६), *समाजशास्त्र र मानवशास्त्रको परिचय,* (चौ. सं.), काठमाडौँ : हेरिटेज पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स ।

ढकाल, निरञ्जन (२०६९), *कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको सस्वरपठन क्षमताको अध्ययन,* (अप्रकाशित स्नातकोत्तर शोधपत्र), महेन्द्ररत्न क्याम्पस, ताहाचल ।

त्रिपाठी, सुधा ; सुवेदी, धनप्रसाद ; ढुङ्गाना, ध्रुवप्रसाद ; दाहाल, द्रोण (२०७३), *नेपाली कक्षा ९,* भक्तपुर : नेपाल सरकार, शिक्षा मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र ।

*माध्यमिक शिक्षा पाठ्यक्रम कक्षा ९ र १० (*२०७१), भक्तपुर : नेपाल सरकार, शिक्षा मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र ।

दवाडी, गङ्गा (२०६९), *कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन,* (अप्रकाशित स्नातकोत्तर शोधपत्र), महेन्द्ररत्न क्याम्पस, ताहाचल ।

दाहाल, अर्जुन (२०६५), *वर्तमान कक्षा नौ र दशको नेपाली किताबमा समावेश गरिएका जीवनी विधामा प्रयुक्त वाक्य गठनको अध्ययन,* (अप्रकाशित स्नातकोत्तर शोधपत्र), महेन्द्ररत्न क्याम्पस, ताहाचल ।

दाहाल, केदारप्रसाद (२०६०), *माध्यमिक तह (कक्षा ९ र १०)का नेपाली पाठ्यपुस्तकमा प्रयुक्त निबन्धहरूको अध्ययन,* (अप्रकाशित स्नातकोत्तर शोधपत्र), महेन्द्ररत्न क्याम्पस, ताहाचल ।

दाहाल, दुर्गाप्रसाद र निरौला, कृष्णप्रसाद (२०७३), *भाषिक अनुसन्धान विधि,* काठमाडौँ : एम.के. पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स ।

दुवाडी, दयाराम (२०६२), *कक्षा ९ को नेपाली पाठ्यपुस्तकको कथा विधामा प्रयुक्त शब्दभण्डारको अध्ययन,* (अप्रकाशित स्नातकोत्तर शोधपत्र), महेन्द्ररत्न क्याम्पस, ताहाचल ।

निउरे, ध्रुवप्रसाद (२०७०), *भाषिक अनुसन्धान विधि,* काठमाडौँ : सनसाइन पब्लिकेसन ।

*नेपालको संविधान* (२०७२), काठमाडौँ : नेपाल सरकार कानून न्याय तथा संसदीय मामिला मन्त्रालय ।

पराजुली, सङ्गीता (२०७०), *समाजसापेक्षका दृष्टिले कक्षा पाँचको मेरो नेपाली पाठ्यपुस्तक,* (अप्रकाशित स्नातकोत्तर शोधपत्र), महेन्द्ररत्न क्याम्पस, ताहाचल ।

पाण्डे, ज्ञानप्रसाद (२०६५), *कक्षा नौको नेपाली किताब (२०६४)मा समाविष्ट चित्रहरूको अध्ययन,* (अप्रकाशित स्नातकोत्तर शोधपत्र), महेन्द्ररत्न क्याम्पस, ताहाचल ।

## परिशिष्ट

## कक्षा ९ को नेपाली पाठ्यपुस्तकको समाजसापेक्ष अध्ययन

शिक्षक साथीहरू, तपाइँहरूले पढाउने गरेको कक्षा ९ को नेपाली पाठ्यपुस्तकको समाजसापेक्ष मूल्याङ्कन गर्ने सिलसिलामा यो प्रश्नावली तयार पारिएको हो । तपाइँहरूबाट प्राप्त सही विचार र सुझावले पाठ्यपुस्तक मूल्याङ्कनलाई दिशा प्रदान गर्ने छ । यो प्रश्नावलीको प्रयोग त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्कायअन्तर्गत नेपाली शिक्षामा स्नातकोत्तर उपाधिका लागि गरिने शोधपत्र पूरा गर्ने प्रयोजनका निम्ति तयार पारिएको हो । यसलाई उक्त प्रयोजनका लागि मात्र प्रयोग गरिने छ । तपाइँका विचार र सुझाव अन्त कतै प्रयोग नगर्ने कुरामा अनुसन्धानकर्ता प्रतिबद्ध छु । यहाँको सही विचार र सही सुझावका लागि अनुरोध गर्दछु ।

शोधकर्ता : चारुभा घिमिरे

विद्यालयको नाम :

विद्यालय : क. सामुदायिक ख. संस्थागत

शिक्षकको नाम थर : फोन :

शैक्षिक योग्यता :

शिक्षक : क. महिला ख. पुरुष

शिक्षण पेसामा अनुभव वर्ष...................................

स्थायी/अस्थायी

**कक्षा ९ को तपाईंले पढाउने गरेको नेपाली पाठ्यपुस्तकको समाज सापेक्षताका आधारमा कसरी मूल्याङ्कन गर्नुभएको छ ? तपाईंले गर्नुभएको मूल्याङ्कनका आधारमा सबैभन्दा उपयुक्त उत्तरमा ठीक (√) चिन्ह लगाउनुहोस् ।**

१. कक्षा ९ को नेपाली पाठ्यपुस्तकमा कुन पाठले विज्ञानप्रविधिलाई समेटेको छ ?

क. म को हुँ ?　　ख. बन्धनबाट मुक्ति

ग. छात्रावास　　घ. मङ्गलाका तीन दिन

२. समावेशिताका दृष्टिले सबैभन्दा उत्कृष्ट पाठ कुन हो ?

क. अनारको बोट　　ख. डाक्टर अङ्कल

ग. सय रङ इन्द्रेनी　　घ. मानव बेचबिखनविरूद्ध हाम्रो दायित्व

३. प्रस्तुत पाठ्यपुस्तकमा कुन पक्षले प्राथमिकता पाएको छ ?

क. समावेशिता　　ख. सूचना प्रविधि

ग. लैङ्गिक समानता　　घ. भौगोलिक समानता

४. बन्धनबाट मुक्ति पाठले तलकामध्ये कुन पक्षको पृष्ठपोषण गर्छ ?

क. सकारात्मक जीवन दृष्टि　　ख. जीवनप्रतिको निस्सारता

ग. जीवनको शाश्वत पक्ष　　घ. सामाजिक यथार्थ

५. प्रस्तुत पाठ्यपुस्तकले सामाजिक समस्या समाधानार्थ गरेको पहल तलकामध्ये कुन हो ?

क. सामाजिक विकृति र समस्या पहिचानमा जोड

ख. रुढिवादी परम्परा, सामाजिक अन्धविश्वासको विरोध

ग. चेतनामूलक शिक्षामा जोड

घ. रचनात्मक र अतिरिक्त कियाकलापमा जोड

६. लोकतन्त्रसम्बन्धी धारणा पाठ्यपुस्तकको कुन अंशमा समेटिएको छ ?

क. मूल पाठ    ख. पाठगत अभ्यास

ग. बोध प्रश्नोत्तर    घ. व्याकरणको अभ्यास

७. प्रस्तुत कक्षा ९ को नेपाली पाठ्यपुस्तकमा तलकामध्ये कुन पक्षको प्रयोग न्यून छ ?

क. अपाङ्गमैत्री धारणा    ख. बालमैत्री धारणा

ग. श्रमप्रतिको सकारात्मक धारणा    घ. लैङ्गिक समानतासम्बन्धी धारणा

८. समाज सापेक्षताका दृष्टिले कक्षा ९ को पाठ्यपुस्तक कस्तो छ ?

क. अतिउत्तम  ख. उत्तम  ग. मध्यम  घ. सन्तोषजनक

९. प्रस्तुत पाठ्यपुस्तकमा लोकतन्त्रसम्बन्धी के कस्तो प्रस्तुति पाइन्छ ?

क. सङ्केतात्मक    ख. विश्लेषणात्मक

ग. सूचनात्मक    घ. प्रस्तुत नभएको

१०. लैङ्गिक दृष्टिले कक्षा ९ को नेपाली पाठ्यपुस्तकको विषयवस्तु कस्तो छ ?

क. पुरुष प्रधान    ख. नारी प्रधान

ग. समावेशी    घ. तटस्थ

११. समाजमा लैङ्गिक न्याय स्थापनार्थ प्रस्तुत पाठ्यपुस्तकमा कुन कुरा समेटिएको छ ?

क. समाजमा विद्यमान विभेदको प्रस्तुति    ख. सामाजिक जागरणको प्रयास

ग. समसत्ता स्थापनामा जोड    घ. कानुनी व्यवस्थाबारे जानकारी

१२. कक्षा ९ को नेपाली पाठ्यपुस्तक समावेशी दृष्टिले कस्तो छ ?

क. उत्कृष्ट    ख. सङ्केतमूलक

ग. मध्यम घ. सन्तोषजनक

१३. कक्षा ९ को नेपाली पाठ्यपुस्तकले कुन वर्गको पक्षको पक्ष पोषण गर्छ ?

क. उच्च वर्ग ख. मध्यम वर्ग

ग. श्रमजीवी वर्ग घ. अभिजात वर्ग

१४. पाठ्यपुस्तकमा सांस्कृतिक समानताको प्रतिनिधित्वको स्थिति कस्तो छ ?

क. सांस्कृतिक समानता चिनाउने खालको ख. विशिष्ट ज्ञान दिने खालको

ग. सामान्य खालको घ. सांस्कृतिक समानतालाई प्रोत्साहन गर्ने खालको

१५. कक्षा ९ को नेपाली पाठ्यपुस्तकमा लोकतन्त्रसम्बन्धी धारणा वृद्धि गर्न के गर्नुपर्ला ?

क. मूल पाठ राख्ने ख. प्रयोगात्मक अभ्यास गराउने

ग. बोध प्रश्नोत्तर गराउने घ. स्थलगत भ्रमण गराउने

१६. प्रस्तुत पाठ्यपुस्तकलाई समयसापेक्ष बनाउन के गर्नुपर्ला ?

क. विश्वमा विस्फोट भएको ज्ञान पाठ्यपुस्तकमा समावेश गर्ने

ख. विज्ञानप्रविधि, सूचना, सञ्चारमा जोड दिने

ग. सिकेर गर्ने नभई गरेर सिक्ने खालका नमूना अभ्यासमा जोड दिने

घ. व्यावहारिक ज्ञान प्राप्त हुने खालका नमूना अभ्यास समावेश गर्ने

१७. समाजमा विविध कारणले उत्पीडनमा परेको वर्गलाई समतामूलक बनाउन प्रस्तुत पाठ्यपुस्तकले के गर्नुपर्ला ?

क. सबैले समानताको महसुस गर्ने विषयवस्तु राख्ने

ख. सबै जाति, वर्ग, धर्मको प्रतिनिधित्व हुने खालका क्रियाकलाप समावेश गर्ने

ग. धार्मिक तथा सांस्कृतिक सद्भाव विकासमा जोड

घ. रोजगारीमूलक विषयवस्तुमा जोड

१८. कक्षा ९ को नेपाली पाठ्यपुस्तकले धार्मिक, सांस्कृतिक, सामाजिक मूल्यमान्यतासम्बन्धी धारणा विकास गर्न के गर्नुपर्ला ?

क. धार्मिक, सांस्कृतिक, सामाजिक मूल्यमान्यतासम्बन्धी विषयवस्तु मूल पाठमा समावेश गर्ने

ख. रेडियो, टेलिभिजन, पत्रपत्रिका, इमेल, इन्टरनेट प्रयोग गरी तथ्य सङ्कलनमा जोड

ग. स्थलगत भ्रमणमा जोड

घ. हाजिरी जवाफ, वादविवाद जस्ता अतिरिक्त क्रियाकलापमा जोड

१९. समावेशिताका आधारमा कक्षा ९ को नेपाली पाठ्यपुस्तकले कुन पक्षमा जोड दिनु उपयुक्त हुन्छ ?

क. समानुपातिक प्रतिनिधित्वमा जोड ख. धार्मिक, सांस्कृतिक सहिष्णुतामा जोड

ग. समतामूलक समाज निर्माणमा जोड घ. सामाजिक सद्भावमा जोड

२०. प्रस्तुत पाठ्यपुस्तकलाई व्यावसायिक/रोजगारीमूलक बनाउन के गर्नुपर्ला ?

क. समयसापेक्ष व्यावसायिक र रोजगारीमूलक अभ्यासको समायोजन

ख. समयसापेक्ष व्यावसायिक र रोजगारीमूलक पाठको समायोजन

ग. समयसापेक्ष व्यावसायिक र रोजगारीमूलक प्रयोगात्मक अभ्यासको समायोजन

घ. समय सापेक्ष व्यावसायिक र रोजगारीमूलक सिर्जनात्मक कार्यको समायोजन

## शोधका लागि छनौट गरिएका विषय, विद्यालय र शिक्षकहरूको नामवली

नेपाली कक्षा ९

१. कल्पना भट्ट

श्री तिलिङ्गाटार माध्यमिक विद्यालय, धापासी, काठमाडौँ ।

२. त्रिसना पौडेल

ज्ञानोदय माध्यमिक विद्यालय, पुरानो कालीमाटी, काठमाडौँ ।

३. राधिका कोइराला

श्री जुद्धोदय माध्यमिक विद्यालय, ठमेल, काठमाडौँ ।

४. नीमा पाण्डे ढकाल

पद्मकन्या माध्यमिक विद्यालय, डिल्लीबजार, काठमाडौँ ।

५. प्रतिभा अधिकारी

श्री कन्या माध्यमिक विद्यालय, यट्खा, काठमाडौँ ।

६. केदारप्रसाद दाहाल

विश्व निकेतन माध्यमिक विद्यालय, त्रिपुरेश्वर, काठमाडौँ ।

७. नारायणप्रसाद गौतम

पद्मोदय माध्यमिक विद्यालय, रामशाहपथ, काठमाडौँ ।

८. वैकुण्ठ पौडेल

नव आदर्श माध्यमिक विद्यालय, वसन्तपुर, काठमाडौँ ।

९. गोविन्दप्रसाद शर्मा

प्रभात माध्यमिक विद्यालय, नघल, काठमाडौँ ।

१०. भूपतिराज ज्ञवाली

श्री विजय स्मारक माध्यमिक विद्यालय, डिल्लीबजार, काठमाडौँ ।

११. दुर्गा कार्की

त्रियोग माध्यमिक विद्यालय, धापासी, काठमाडौँ ।

१२. कमला जोशी

बौद्ध मेरिडियन स्कुल, अत्तरखेल, जोरपाटी, काठमाडौँ ।

१३. हीरादेवी राई

दीक्षान्त एकेडेमी, सुकेधारा, काठमाडौँ ।

१४. प्रभा गौतम

द न्यु समिट स्कुल, डिल्लीबजार, काठमाडौँ ।

१५. चन्द्रकुमारी गर्तौला

जनज्योति बोर्डिङ इङलिस स्कुल, ताहाचल, कालीमाटी, काठमाडौँ ।

१६. डा. ढुण्डिराज पहाडी

जेम्स उच्च माध्यमिक विद्यालय

१७. शिवप्रसाद भट्टराई

लिटल एन्जल्स स्कुल, हात्तीवन, ललितपुर ।

१८. डुकेन्द्र घिमिरे,

डी.ए.भी. सुशील केडिया विश्व भारती विद्यालय, जाउलाखेल, ललितपुर ।

१९. टीकाराम शर्मा

रातो बङ्गला स्कुल, पाटनढोका, ललितपुर ।

२०. हरिप्रसाद आचार्य

नवोदित विद्याकुञ्ज, सामाखुसी, काठमाडौँ ।

# व्यक्तिगत जीवनवृत्त

ghimire.charubha@gmail.com

सम्पर्क : ९८५१००६९६४ (मो)

०१४२५२६७२ (घर))

## *व्यक्तिगत विवरण*

नाम : चारुभा घिमिरे

स्थायी ठेगाना : काठमाडौं म.न.पा., वडा नं. २६, नरदेवी

जन्म मिति : वि.सं.२०३१/०१/१२

पिताको नाम : रामचन्द घिमिरे 'वियोगी'

आमाको नाम : भगवती घिमिरे

नागरिकता : नेपाली

धर्म : हिन्दु

लिङ्ग : स्त्री

वैवाहिक स्थिति : विवाहित

## *शैक्षिक योग्यताको विवरण*

| _सि.नं. | तह | अध्ययन गरेको संस्था | मिति | श्रेणी |
|---|---|---|---|---|
| १. | स्नातकोत्तर (नेपाली) | त्रि.वि.पद्मकन्या क्याम्पस, वागबजार | २०६२ | द्वितीय |
| २. | स्नातक (नेपाली) | त्रि.वि.पद्मकन्या क्याम्पस, वागबजार | २०६० | द्वितीय |
| ३. | स्नातक (नेपाली शिक्षा एक वर्षे) | त्रि.वि.महेन्द्ररत्न क्याम्पस, ताहाचल | २०६७ | द्वितीय |
| ४. | प्रवीणता प्रमाणपत्र | त्रि.वि.पद्मकन्या क्याम्पस, बागबजार | २०५६ | तृतीय |
| ५. | प्रवेशिका | गौरीशङ्कर मा.वि., रामेछाप | २०४७ | द्वितीय |

"पूर्वीय नाट्य सिद्धान्तका आधारमा भीमनिधि तिवारीका सामाजिक नाटकहरूको अध्ययन" शीर्षकमा नेपाल संस्कृत विश्वविद्यालयबाट विद्यावारिधिका लागि अनुसन्धानरत

*कार्यानुभवको विवरण*

- विल्सन एकेडेमीमा प्राथमिक तहको नेपाली विषय शिक्षक भई २०६० देखि २०६२ सम्म कार्य गरेको ।
- नेक्स्ट जेनेरेसन स्कुलमा निम्न माध्यमिक तहको नेपाली विषय शिक्षक भई २०६३ देखि २०६४ सम्म कार्य गरेको ।
- सिग्मा कलेजमा उच्च माध्यमिक तहको नेपाली विषयको शिक्षकको रूपमा २०६४ देखि २०६६ सम्म कार्य गरेको ।
- नवोदित विद्या कुञ्जमा माध्यमिक तहको नेपाली विषय शिक्षक भई २०६५ देखि २०६७ सम्म कार्य गरेको ।
- नवोदित उच्च मा.वि.मा उच्च माध्यमिक तहको नेपाली विषय शिक्षक भई २०६५ देखि २०६७ सम्म कार्य गरेको ।
- मङ्गल बहुमुखी क्याम्पसमा स्नातक तहको नेपाली शिक्षा विषयको शिक्षकको रूपमा २०६६ देखि २०७२ सम्म प्राध्यापन गरेको ।
- पद्मोदय उच्च मा.वि.मा उच्च माध्यमिक तहको नेपाली विषयको शिक्षकको रूपमा २०६७ देखि हालसम्म प्राध्यापन गरिरहेको ।
- अरुणोदय नि.मा.वि.मा शिक्षक भई २०६७ देखि हालसम्म प्राध्यापन गरिरहेको ।

*प्रकाशित अनुसन्धानात्मक लेख रचनाहरूको विवरण*

- '**एक चिहान** उपन्यासको तुलनात्मक अध्ययन' (२०६७), **पद्म पुष्प** (पद्मोदय स्मारिका), काठमाडौं : पद्मोदय उ.मा.वि., रामशाह पथ ।
- 'बी.पी.को **हिटलर र यहुदी** उपन्यासमा मानवतावाद' (२०६७ चैत्र), **मधुपर्क** ( मासिक), वर्ष ४३, अङ्क ११, पूर्णाङ्क ५०२, काठमाडौं : गोरखापत्र संस्थान ।
- 'पूर्वीय नाट्य सिद्धान्त र **सहनशीला सुशीला**' (२०६८ चैत्र), **मधुपर्क** (मासिक), वर्ष ४४, अङ्क ११, पूर्णाङ्क ५१४, काठमाडौं : गोरखापत्र संस्थान ।
- 'यात्रा कविता : **आलोकित आयाम'** (२०७० साउन, भदौ, असोज), **उन्नयन** ( त्रैमासिक), अङ्क ८८, काठमाडौं : उन्नयन प्रकाशन ।
- **'समयको सहीछाप**मा बिम्ब प्रयोग' (२०७० फागुन, चैत), **रचना** (द्वैमासिक), वर्ष ५३, अङ्क ६, पूर्णाङ्क १२९, काठमाडौं : सम्पादक रोचक घिमिरे ।

– **'मायालु हुम्ला**को समाजभाषा वैज्ञानिक अध्ययन' (२०७२ कार्तिक), **गरिमा** (मासिक), वर्ष ३४, अङ्क ५,पूर्णाङ्क ३७९, ललितपुर : साझा प्रकाशन ।

– 'रस प्रयोगका दृष्टिले तिवारीको **विवाह !!!** नाटक' (२०७२ माघ,फागुन, चैत), **दोभान** (त्रैमासिक), वर्ष १६, अङ्क ४, काठमाडौँ : नारायण प्रेस ।

– **सीमानाका रङ्ग सीमानाका तरङ्ग**को शैली वैज्ञानिक अध्ययन (२०७३ साउन, भदौ, असोज), **दोभान** (त्रैमासिक), वर्ष १७, अङ्क २, काठमाडौँ : नारायण प्रेस ।

***अन्य प्रकाशित लेख रचनाहरूको विवरण***

– **हरिप्रिया** (कथा),(२०६८) **पद्म पुष्प** (पद्मोदय स्मारिका), काठमाडौं : पद्मोदय उ.मा.वि., रामशाहपथ ।

– 'सरल र जीवन्त गीत एवं कविता' (२०६९ असार), **मधुपर्क** (मासिक) वर्ष ४५, अङ्क २, पूर्णाङ्क ५१७, काठमाडौं : गोरखापत्र संस्थान ।

– 'नेपालका नारी कथाकारको नालीबेली' (२०६९ माघ), **मधुपर्क** (मासिक), वर्ष ४५ अङ्क ९, पूर्णाङ्क ५२४, काठमाडौं : गोरखापत्र संस्थान ।

– '**आकारको खोजीमा** कविता सङ्ग्रहमा वस्तु प्रयोग' (२०६९माघ फागुन), **हिमाली गुराँस** (सम्पा.) खिमानन्द पोखरेल (द्वैमासिक), वर्ष १६, पूर्णाङ्क ४१, काठमाडौं ।

– 'प्रगतिवादी साहित्यकारका रचनाहरूको सङ्ग्रह' (२०७० वैशाख), **मधुपर्क** (मासिक), वर्ष ४५, अङ्क १२, पूर्णाङ्क ५२७, काठमाडौं : गोरखापत्र संस्थान ।

– **प्यास** (कथा), (२०७०) **पद्म पुष्प** (पद्मोदय स्मारिका), काठमाडौं : पद्मोदय उ.मा.वि., रामशाह पथ ।

– **'नेपालको भाषानीति'** (२०७२ फागुन), **पद्मोदय आवाज** (वार्षिक), वर्ष १, अङ्क १, काठमाडौं : पद्मोदय उ.मा.वि., रामशाह पथ ।